# अमर ज्योति

५७

साहित्यिक त्रैमासिक



फागुन-२०७९


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : १९, पूर्णाङ्क ५७
(२०७९ पुस-फागुन)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिर**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

मूल्य रू: १२०.००

अल मिडिया सोलुसन, बागबजार, काठमाडौं ४२५३६९४ द्वारा मुद्रित

# साहित्य लेखनका लागि प्रशिक्षणः खास कि बकबास ?

जब विषयले बाफिलो बहसको माग गर्छ, तब तर्क गर्न पनि मजा आउँछ । तर्कको साथमा तथ्य र तथ्यको पुष्टयाइँमा तथ्याङ्क पनि मिसिएपछि प्रस्तावित कथन प्रमाणित कथनमा बदलिन्छ । अनुसन्धानमा तर्क, तथ्य र तथ्याङ्क निष्कर्षीकरण र सत्यापनको फराकिलो मैदानमा अवतरण गराउने साधन–प्यारासुटका रूपमा रहन्छन् ।

उठान गर्न लागिएको सन्दर्भ साहित्य लेखनको हो । साहित्य लेखन भावनात्मक संवेगसँग जोडिएको विषय त हुँदै हो । यसका अलावा यो प्राविधिक कार्य पनि हो । प्राविधिक कामलाई प्राविधिक ज्ञानले मात्र न्याय दिन सक्छ । प्राविधिक ज्ञान पेसागत दक्षताको अनिवार्य सर्त हो । यस्तो ज्ञान कसैलाई आनुवंशिक/ जन्मजात रूपमा प्राप्त हुन्छ भने कसैले अभ्यास र साधनाबाट आर्जन गर्नुपर्ने हुन्छ ।

संसारमा थोरै सौभाग्यशालीहरूलाई मात्र जन्मजात विलक्षणता प्राप्त भएको उदाहरण पाइन्छ । त्यस्ता व्यक्तिहरूले किशोरावस्थामै उमेरभन्दा तन्नेरी विलक्षणता देखाएको दृष्टान्तहरू उपलब्ध छन् । किट्स २६ वर्षको उमेरमै नामुद अङ्ग्रेजी कवि भइसकेका थिए । भिक्टर ह्युगोले चौध वर्षको उमेरमै तीन हजारभन्दा बढी स्तरीय कविता लेखेका थिए । रवीन्द्रनाथ टैगोरले चौध वर्षको उमेरमै शेक्सपियरको अङ्ग्रेजी नाटकलाई बङ्गाली भाषामा अनुवाद गरेका थिए । लक्ष्मीप्रसाद देवकोटाले दश वर्षको कलिलो उमेरमै साहित्यको कान्लामा कविताको फूल फुलाएका थिए ।

धेरैजसो औसत मान्छेहरूमा चाहिँ माथि उल्लेख गरिएअनुसार ‘प्रबल पुरूषार्थ’ देखाउने सामर्थ्य हुँदैन । तर त्यस्ता व्यक्तिहरूले आफ्नो रूचिको क्षेत्रमा विशिष्टता देखाउन र व्यावसायिकता प्रवर्द्धन गर्न भने सक्छन् । बाल्यकालीन समयमा विशेष प्रतिभाको पहिचान नै नभएका कैयौं व्यक्तिहरूले शिक्षा, तालिम, प्रशिक्षण, स्वाध्ययन, अनुसन्धान, अभिप्रेरणा र अनुभवको पुँजी सञ्चित गरेर उमेरगत प्रौढतासँगै साहित्यिक सफलताको मजबुत धुरीखाँबो उभ्याएको उदाहरण हाम्रै सामाजिक सन्दर्भमा पनि प्रशस्तै भेटिन्छ ।

अब प्रसङ्ग जोडौं– साहित्य लेखन र प्रशिक्षण बीचको सम्बन्धका बारेमा । नेपाली बृहत् शब्दकोशले प्रशिक्षण शब्दलाई प्राविधिक वा शिल्पगत शिक्षणको रूपमा अर्थ्याएको छ । क्रियात्मक वा व्यावहारिक शिक्षा दिने हेतुले प्रशिक्षण दिइने गरिन्छ । प्रशिक्षण एक प्रकारको तालिम नै हो; अल्पकालीन तालिम । यसले मौजुदा मैलोधैलो सीपलाई माझ्दै, मस्काउँदै र चम्काउँदै अपेक्षित सुकिलो सीपमा रूपान्तरण गर्ने ‘पिताम्बरी’को काम गर्छ ।

साहित्य लेखन सीपको विकास गर्ने ध्येयले दिइने प्रशिक्षणबाट एउटै कथ्यलाई पनि भिन्न भिन्न विधाहरूमा ढालेर अलग अलग लेखन शैलीमा प्रस्तुत गर्न सकिन्छ भन्ने बारेमा प्रशिक्षार्थीहरूलाई प्रयोगपरक ज्ञान दिन सकिन्छ । व्यक्त गर्न खोजिएको सारवस्तु, त्यसको गाम्भीर्यता, विषयवस्तुले समेट्न खोजेको परिधि आदिका आधारमा कुन कथ्यलाई कुन विधामार्फत अभिव्यक्त गर्दा सरस र प्रभावशाली हुन सक्छ, सो का बारेमा प्रशिक्षार्थीहरूलाई प्रस्ट दृष्टिकोण प्रदान गर्न सकिन्छ ।

साहित्यमा अभिव्यञ्जित हुने विचार पक्षलाई ग्रहणीय र आस्वाद्य तुल्याउन कला वा

सौन्दर्य पक्षलाई पनि तिक्खर बनाउनु पर्ने हुन्छ । तसर्थ, साहित्यमा 'विशेष साहित्यिक मूल्य' थप्ने तत्त्व 'कला' को महत्त्व बोध गराउन पनि प्रशिक्षण उपयोगी हुन्छ । सिर्जनालाई कलामय तुल्याउने साहित्यिक औजारहरू जस्तैः कल्पना, विम्ब, प्रतीक, वक्रोक्ति, उक्ति वैचित्र्य, मिथक, समानान्तरता, विचलन, अग्रभूमि निर्माण आदिको प्रयोगविधि सुझाउन प्रशिक्षण फलदायी हुने देखिन्छ । साहित्यिक प्रशिक्षार्थीहरूलाई वैश्विक साहित्यिक यात्रामा सँगै कुदाउने र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने सन्दर्भमा प्रशिक्षण सर्वाधिक कामयावी हुन्छ ।

त्यसो त तालिम/प्रशिक्षण गैरसाहित्यिक व्यक्तिलाई 'साहित्यिक व्यक्तित्व' मा स्तरोन्नति गर्ने साधन भने होइन । यसले प्राकृतिक/सामाजिक सौन्दर्य र मानवीय संवेदनालाई सूक्ष्मरूपले निरीक्षण गर्ने स्वभाव भएका कोमलहृदयी मानिसहरूमा सुषुप्त रूपमा रहने साहित्यिक बीजलाई अङ्कुरित गर्न मद्दत मात्र गर्न सक्छ । अर्को शब्दमा प्रशिक्षणले दृष्टिविहीनलाई उज्यालो बाँड्न सक्दैन तर यसले अल्पदृष्टि हुनेहरूको अन्तर्बाह्य दृष्टि सुधारेर उनीहरूलाई दूरदृष्टिले युक्तचाहिँ बनाउन सक्छ । साहित्यिक प्रशिक्षणको काम व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउनु हो; शरीरमा सुइमार्फत इन्सुलिन लगाएझैं बाहिरबाटै प्रतिभा 'इन्जेक्ट' गर्नु किमार्थ होइन ।

साहित्यिक प्रशिक्षणको कुरा उठाइरहँदा यसको औचित्य/अनौचित्यका बारेमा साहित्यका पण्डितहरूबीच तीव्र मतभेद रहेको प्रसङ्ग पनि स्मरणलायक छ । प्रो. निशान्त केतुले साहित्यको रचना प्रक्रियालाई अचेतनको उपज मानेका छन् । बच्चा कसरी पैदा हुन्छ र कसरी हुर्किरहेको हुन्छ, त्यो आमालाई पूरा ज्ञान नभएजस्तै साहित्यको सिर्जनामा पनि अनैच्छिक र अज्ञात प्रेरणाको हात रहने तथा धामी-झाँक्रीमा अकस्मात् देवता सवार भएझैं साहित्य पनि अनायासै स्फुरण हुने विषय भएकाले यसको सिर्जनासम्बन्धी प्रशिक्षणको औचित्य छैन भन्नेहरू पनि छन् । तर पनि प्रतिभालाई उजागर गर्न र तिखार्न प्रशिक्षणको भूमिका शून्य हुन्छ भन्ने तर्कसँग सहमत हुनैपर्ने कुनै वस्तुनिष्ठ आधार भने देखिँदैन ।

यही विचारलाई मनन गरेर होला सायद, अन्य देशमा जस्तै नेपालमा पनि साहित्य लेखनमा प्रशिक्षणको भूमिकालाई स्वीकार गर्न थालिएको छ । स्कुल-कलेजका पाठयक्रमले साहित्यिक विधाको शिक्षणका सम्बन्धमा प्रदान गरेको सैद्धान्तिक ज्ञानलाई कार्यमूलक र अभ्यासमूलक बनाउन 'घोस्ट राइटिङ नेपाल' लगायतका दर्जनौ साहित्यिक संस्थाहरू हाल क्रियाशील रहेका देखिन्छन् । विद्युतकर्मी साहित्यिक समाजले पनि यस दिशामा सुरूवाती कदम अगाडि बढाउने अठोटका साथ २०७९ चैत्रमा 'मुक्तक तथा गजल लेखन प्रशिक्षण कार्यशाला' को आयोजना गर्ने उद्घोष गरिसकेको खबर सम्प्रेषण गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

सामन्यतः तालिम वा प्रशिक्षणबाट प्राप्त दक्षताको आयु लामो हुँदैन । त्यसैले यसको निरन्तरको प्रयोगले मात्र सार्थक उपलब्धि हासिल हुन सक्छ । यस सम्बन्धमा एउटै क्षेत्रमा गरिने निरन्तर दश हजार घण्टाको साधनाले मात्र उत्कृष्ट उपलब्धि प्राप्त हुन्छ भन्ने विद्वान्हरूको तर्कलाई पनि हामीले नजरअन्दाज गर्न मिल्दैन । व्यावहारिक दृष्टान्त पनि यही छ कि जमिनबाट पानी निकाल्न खोज्नेले सय ठाउँमा एकएक फिटको सयवटा खाडल खनेर हुँदैन; एकै ठाउँमा सय फिट गहिरो एउटै खाडल खन्नुपर्ने हुन्छ ।

**–अतृप्त**

## यस अङ्कमा


**कविता/मुक्तक/गजल/गीत**

जिन्दगी र लुगा — तुलसी दिवस/५
गीत — विश्वनाथ बराल 'प्रेम'/१३
फूल फुल्ने गन्तव्य — इन्द्रकुमार श्रेष्ठ 'सरित'/२३
चार मुक्तक — दावा तामाङ/३०
यतिखेर हडतालमा छन् मेरा हरफहरू — मणिराज सिंह/३४
मादालाई सम्बोधन — राधिका कल्पित/४०
एकता — आविष्कार कला/५६
गीत — ताराप्रसाद वस्ती/६०
सगरमाथा निहुरिएको छ — रवीन्द्र मण्डल 'मंजय'/६१
कर्मचारी — शालिकराम बराल/६३
आँसु पनि सुक्छ — पोषराज सुवेदी/६४
देशको गीत — छिरिङ शेर्पा अविरल/६५
गजल — शारदा पौडेल 'निशा'/६६
सङ्गतको असर — प्रविना क्षेत्री/७५
प्रार्थना — विष्णुप्रसाद आचार्य 'अतृप्त'/७६
म र मेरो देश — श्रीषा पाण्डे/७७
शीत — सुनिता देवकोटा/७८
उ मोर माघ ! — खिमानन्द चौधरी/७९
कुर्सी मोह नहोस् — राजेन्द्र काश्यप अधिकारी/८१
चित्तबग्गो — शब्दसेना/८२
आह्वान — टीकाराम खनाल/८४

**नियात्रा/संस्मरण**

नेपाली मनकामना र फिलिपिन्सकी मनाओग देवी — डा. रामहरि पौडेल/३१
खप्तड यात्रा अनुभव र अनुभूति — नारायणप्रसाद आचार्य/४४

**लेख**

नेपाल के हो ? — हरिप्रसाद सोडारी/९
दानमहिमा र केही प्रमुख दानको शास्त्रीय सार — कुलप्रसाद पराजुली/१९
हाम्रो भाषाको मूलाधार र असंवैधानिक 'इम्बोस्ड' — रामेश्वर राउत 'मातृदास'/५१
हाम्रो विदेश मोहको परम्परा र सांस्कृतिक मनोविज्ञान — शशिधर भण्डारी/५७

**निबन्ध**

पुस्तकालयको महत्त्व — भोलानाथ सुवेदी/२४

**समालोचना**

लाल अभियान चलाउनेलाई प्रश्न — तेजविलास अधिकारी/३५

**कथा/लघुकथा**

माटो — प्रेमराज सिलवाल/१४
विकासको पहिरो — घनबहादुर थापा/२९
स्कुल — राजेन्द्र श्रेष्ठ/६७
घर — रासा/७४

**कृति समीक्षा**

'देश रोएको बेला' भित्र पसेपछि — अरूणबहादुर खत्री 'नदी'/८५

# जिन्दगी र लुगा



**तुलसी दिवस**

जिन्दगी लुगा भए
फुकालेर झुन्ड्याउनुहुन्थ्यो !
कोठाको किलामा
र एकछिन हेरिरहन हुन्थ्यो–
आफू झुन्डिएको आफ्नै कोठाको किलामा !

जिन्दगी लुगा भए
मिलाएर बेलाअनुसार
सिउनु र सिलाउनु हुन्थ्यो;
नमिले उधारेर पूरै जिन्दगी
धागो निकाल्दै सियोले
कैंची लिई आफ्नै हातमा
आफैंले काट्नु र छाँट्नु पनि हुन्थ्यो !
या सूचीकारकहाँ गएर जिन्दगी
केही समय फेरि लुगाकै खातमा
पट्टिई निदाउनु पनि हुन्थ्यो !
जिन्दगी लुगा भए
फुकालेर झुन्ड्याउन हुन्थ्यो !

जिन्दगी लुगा भए
बुट्टा मिलाएर आफैंले
रङ्गिनु र रङ्गाउनु हुन्थ्यो;
ठाउँठाउँमा प्वाल परे पनि
टाल्न र टाल्न लगाउन हुन्थ्यो;

नमिले पूरै टालेर जिन्दगी
टाल्दाटाल्दै पुरानो छोपेर
नयाँ लाउन र लगाउन पनि हुन्थ्यो !
या रफ्फुकारकहाँ गएर जिन्दगी
केही समय फेरि
जिन्दगीकै धागो निकालेर
मिल्दो रफ्फु भर्न र भराउन पनि हुन्थ्यो !
जिन्दगी लुगा भए,
फुकालेर झुन्ड्याउन हुन्थ्यो !

जिन्दगी लुगा भए,
मिलाएर मैलिएको बेला
धुन र धुलाउन हुन्थ्यो;
फुर्सद भए आफैंले साबुन लगाएर जिन्दगी
बाल्टिनमा सफा पानीले फेरि
सुकिलो पखाल्न पनि हुन्थ्यो !
या धोबीकहाँ गएर जिन्दगी
केही समय ढुङ्गेधाराको पानीले चोखिँदै
जाडो ढुङ्गैबाट पल्टिएर चहुरमा
दिनभरि न्यानो घाम ताप्न पनि हुन्थ्यो !
या डोरीमा झुन्डिएर चटकीजस्तै जिन्दगी
हावाले उल्टिन र पल्टिन पनि हुन्थ्यो !
खजमजिएर धेरै खुम्चिए जिन्दगी
टेबलमा राखेर पानी छर्कंदै आफैंले
इस्त्री लाउन र लगाउन पनि हुन्थ्यो !
साह्रै भए जिन्दगी
एक हप्ताको पूरै छुट्टी लिई
ड्राइक्लिनमा गई फर्किन र फर्काउन पनि हुन्थ्यो !
जिन्दगी लुगा भए,
फुकालेर झुन्ड्याउन हुन्थ्यो !

जिन्दगी लुगा भए
फुकालेर आफैंलाई केही समय

टाढाबाट हेर्न र हेराउन हुन्थ्यो;
इनारमा हामफालेर त्यही जिन्दगी
गहिराइ आफैंले स्पर्श गर्न हुन्थ्यो,
या सपनाको हुस्सु फाटेर जिन्दगी
विपनाको आकाश खुल्न पनि हुन्थ्यो !
या टाउको छुट्टिएको
सपनाको आफ्नै गिँडजस्तो
टोपीमा केही समय फुकाल्न पनि हुन्थ्यो;
नपुगे फेरि दौरा, सुरूवाल र कोटमा
हात, खुट्टा र जिउसमेत फुकालेर
उन्मुक्त आफूलाई आफैंबाट छुट्याई
विपनामा पनि दिउँसै सपना देख्न
र देखाउन पनि हुन्थ्यो
जिन्दगी लुगा भए,
फुकालेर झुन्ड्याउन हुन्थ्यो !

जिन्दगी लुगा भए
फुकालेर झुन्ड्याउनु हुन्थ्यो–
कोठाको किलामा
र एकछिन हेरिरहन हुन्थ्यो–
आफू झुन्डिएको आफ्नै कोठाको किलामा !
किला ठोकेर आफैंले आफ्नै कोठाको किलामा !



# नेपाल के हो ?

हरिप्रसाद सोडारी

झट्ट हेर्दा नेपाल प्राचीन राष्ट्रमध्येको एक हो । संसारमा पाइने पाँचै प्रकारको हावापानी, वनस्पति, पशुपन्क्षीहरू नेपालमा उपलब्ध छन् । देवीदेवतालाई आकर्षण गरेकाले देवभूमि, ऋषिहरूले तप गरेकाले ऋषिभूमि, महादेव र पार्वतीबीच तन्त्रको संवाद भएकाले तन्त्रभूमि, मुनिहरूले मन्त्र साक्षात्कार गरेकाले मन्त्रभूमि, आर्यहरू बसेकाले आर्यभूमि, ज्ञान प्राप्त गर्न सजिलो पर्ने हुँदा ज्ञानभूमिको नामले नेपाललाई चिनियो । नेपाललाई सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवनी, द्वापर युगमा मुक्तिसोपान र कलियुगमा नेपाल नामले चिनिएको बताउँछ ।[1] यही भूमिमा जनकको राजधानी थियो, गार्गीले याज्ञवल्क्यसँग यहीँ शास्त्रार्थ गरिन्, जगज्जननी सीताले बाल्यकाल बिताइन् । झन्डै पाँच हजार वर्षअगाडि भएको महाभारतयुद्धमा नेपालका किराँत राजाले भाग लिएको वर्णन महाभारतमा छ । चीनमा बुद्ध धर्म फैलाउने भृकुटी नेपालकै सुपुत्री थिइन् । अरनिकोजस्ता कलाकारलाई नेपाल आमाले काखमा खेलाइन् । हरेक कालखण्डमा प्रत्येक विधामा नेपालले शिर ठाडो, खुट्टा दरिलो, हृदय भरिलो, मुटु बलियो भएका सन्तान जन्मायो । मन्त्र र माटोले आदिम कालदेखि आवाद थियो, अध्ययन र अनुसन्धान गरिन्थ्यो, शास्त्र र शस्त्रको परीक्षण हुन्थ्यो । आयातकार नेपालमा दुर्लभ धातु, अमूल्य रत्न, प्राणदायी वनस्पति, जीवनदायी प्रकृति पाइन्छन् । यसले देवतालाई बोलायो, ऋषिलाई खेलायो, साधुसन्तलाई सघायो । यही भूमिले वेद, त्रिपिटक र मुन्धुमलाई लेखायो । धार्मिक, सांस्कृतिक, जातीय सहिष्णुतालाई सदियौँदेखि कायम राख्यो । पारूहाङदेखि पार्वतीसम्म, बुद्धदेखि विष्णुसम्म, सरस्वतीदेखि सम्पत्तिकी अधिष्ठात्री लक्ष्मीसम्म यही भूमिमा पुजिए, बुझिए र तिनका ज्ञान-प्रवाह अविच्छिन्न चलिरहे । नेपाल यसकारण भूमिमात्र होइन भूमिका हो, भूगोलमात्र होइन भूस्वर्ग हो, मन मिलाउने माटो, प्रसन्न गराउने प्रकृतिको एकाकार स्वरूप हो ।

---

1 कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती ।
द्वापरे मुक्तिसोपाना कलौ नेपालिकापुरी ॥-हिमवत्खण्ड (७२।६४)

प्राचीन कालमा भूहलचलका कारण टेथिस सागरले छोडेपछि यस भूमिमा देवीदेवताले विचरण गरे, प्रकृतिले बास गरिन्, ऋषिमुनिले ध्यान गरे, साधुसन्तले व्रत चिन्तन गरे । वैदिक ग्रन्थले रामापिथेकसको उत्पत्तिपूर्व, अमिबाको जन्मअघि नेपालमा ऋषिमुनिलगायतका तपस्वी रहेको बताउँछ । भूगोल, हाम्रा ग्रन्थ र प्रकृतिले एसिया प्राणीको नर्सरी, जीवको जननी भएको सूचना दिन्छ । नेपाल महादेव र पार्वतीको क्रीडास्थल, ऋषिमुनिहरूको तपस्थल, साधुसन्तहरूको साधनास्थल, वीर र शहीदले संरक्षित भूमि हो । मानव बस्ती, प्रकृतिको गस्ती, पुण्यात्माको मस्ती, वनस्पतिको प्रशस्तीलाई खेलाउने भूमि नेपाल हो ।

भारतस्थित प्रयागमा रहेको समुद्र गुप्तको शिलालेखमा नेपालको उल्लेख छ । अथर्ववेद (अथर्वपरिशिष्ट), वराहपुराण, मूलसर्वास्तिवाद विनय, कौटिल्यको अर्थशास्त्र, कल्हणराजतरङ्गिणी आदि प्राचीन ग्रन्थमा नेपालको चर्चा छ । मानदेवको चाँगुशिलालेख, शिवदेव द्वितीयको बलम्बुको अभिलेख, वसन्तदेवको टिष्टुङको अभिलेख[2], अंशुवर्माको भटुवाल र टिष्टुङको अभिलेखमा नेपाल शब्द प्रयोग भएको छ । नेपाल नाम कसरी रहन गयो भन्ने सम्बन्धमा इतिहासकारहरूबीच मतैक्य छैन । 'ने' नाम गरेका ऋषिले तपस्या गरी यहाँका जनताको पालनपोषण, शासकलाई मार्गदर्शन गरेको हुनाले नेपाल[3] भनियो । हाम्रा ऋषिमुनिहरूको नाम एउटामात्र अक्षरले बनेको पाइँदैन । 'ने' नाम भएका ऋषिको चर्चा वेदमा त के पुराणहरूमा पनि भेटिँदैन । मरीचिका पुत्र भनेको चर्चा भेटिए पनि ने मुनि मन्त्रद्रष्टा ऋषि पक्कै होइनन् । उनी योगसाधक, तान्त्रिक वा तपस्वी थिए भन्ने आभास नामबाट हुन्छ । सिन्धुली जिल्लाको नेपालथोकनजिक वी.पी राजमार्गकै आडमा रहेको गुफामा उनले तपस्या गरेको जनविश्वास छ । नेपालथोक नाम 'ने' मुनिको नामबाट राखिएको जानकार बताउँछन् ।

कुन समय र कसको शासनकालमा नेपालको क्षेत्रफल कति थियो भन्ने प्रमाणहरू कम पाइन्छन् । गोपालकालमा नेपालको सिमाना पूर्वमा कोशी, पश्चिममा टिष्टुङ र पालुङ, उत्तरमा गोसाइँकुण्डसम्म थियो । महिषपालकालसम्म यसैले निरन्तरता पाएको देखिन्छ । किराँतकाल र लिच्छविकालमा नेपालको पूर्वी सिमाना लिम्बूवानसम्म पुगेको थियो । मल्लकालको उत्तरार्धमा आइपुग्दा विशाल

---

2 नैपालेभ्यः परमदैवत... ।-(नेपालका प्राचीन अभिलेख, पृ. ९९) हरिराम जोशी

3 २ (क) नेनाम्ना मुनिना पूर्वं पालनात्पुण्यकर्मणा ।
अयं हि हिमवत्कुक्षौ नेपाल इति चोच्यते ॥ -पशुपतिपुराण (२२।१)
(ख) नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा ॥
क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम् ॥ -नेपालमाहात्म्य (११।६१-६२)

नेपाल टुक्राटुक्रा हुनपुग्यो । राज्यलाई पैतृक सम्पत्तिजस्तै गरी सन्तानमा बाँड्न थालेपछि प्रशासनिक रूपमा कमजोरमात्र भएन अनेकौं सामन्त जन्मिएर विभिन्न भुरेटाकुरे राज्यमा विभक्त हुन पुग्यो । गोरखाका राजा श्री ५ पृथ्वीनारायण शाहले वि. सं. १८२५ मा काठमाडौं विजय गरेपछि पुनः नेपाल राष्ट्र एउटै मालामा उनियो । राजेन्द्रलक्ष्मी र बहादुर शाहको नेतृत्वले पूर्वमा टिष्टा, पश्चिममा काँगडासम्म फैलिएको नेपालमा भीमसेन थापाको अदूरदृष्टिले अङ्ग्रेजसँग युद्ध भई खुम्चन पुग्यो । जङ्गबहादुर राणाले वि. सं. १९१७ मा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर फिर्ता गरेपछि अहिलेको भौगोलिक स्वरूपमा आएको हो । विभाजन र एकीकरण, दरबारको फुट र राज्यको टुटसम्म देखेको यो भूमिले ए कतालाई होइन एकतालाई जोड दिन्छ ।

नेपाल र अङ्ग्रेजको युद्धताक ३९ जिल्ला[4], जङ्गबहादुरको समयमा ६९ वटा प्रशासनिक निकायमा[5] विभाजित नेपाललाई वीरशमशेरले तराईमा १२ जिल्ला र पहाडमा २३ तहसिलमा विभाजित गरेका थिए । उनले आफ्नो शासनकालको अन्ततिर तराईको १२ जिल्लालाई बढाएर १४ पुऱ्याए । वि. सं. २००८ मा आइपुग्दा पहाडतर्फ २०, मधेसतर्फ ९ र भित्रीमधेसतिर ३ जिल्लामा विभाजित थियो । वि. सं. २०१८ सालसम्म प्रशासनिक दृष्टिले ३७ जिल्लामा विभक्त नेपाल त्यसपछि पाँच विकासक्षेत्र, चौध अञ्चल, ७५ जिल्लामा रूपान्तरित भयो । नेपाल संविधान २०७२ अनुसूची ४ अनुसार ७७ जिल्ला, ७ प्रदेश, ६ महानगरपालिका, ११ उपमहानगरपालिका, ४६० गाउँपालिका, २७६ नगरपालिकामा विभक्त भएर सङ्घीयताका नाममा शिथिल बन्न पुगेको छ । राज्यरजौटा उन्मूलन ऐन २०१७ ले नेपालमा शाहवंशीयबाहेकका अन्य राजालाई हटाउने प्रयास गऱ्यो । जसमध्ये वि. सं. २०१९को पहिलो संशोधनको दफा ३ उपदफा २ बमोजिम १३ जना राजालाई उनीहरूलाई जीवनभर राजाको भूमिका दिई भत्ताको प्रबन्ध गरियो । तिनका सन्तान राजा हुन त पाएनन् भत्तासमेत गुम्यो । मुस्ताङ, बझाङ, जाजरकोट र सल्यानका राजालाई वंशपरम्पराका आधारमा निरन्तरता दिइयो । राजतन्त्र, जहानियाँ राणाशासन, पञ्चायत, बहुदल, लोकतन्त्र, गणतन्त्र हुँदै यहाँसम्म आइपुग्दा शासनमा परिवर्तन भए पनि जनताले शासकको अनुहार देख्न पाएनन् ।

सांस्कृतिक रूपमा हेर्दा नेपाल वैदिक संस्कृति, सनातन संस्कृति, आर्य संस्कृति,

4 नेपाल अण्डर जंगबहादुर (भाग १, पृ. १)।–कृष्णकान्त अधिकारी

5 आधुनिक नेपालको प्रशासनिक इतिहास, (पृ. १८४)।– तुलसीराम वैद्य र त्रिरत्न मानन्धर

नेपाली संस्कृति, हिमवत् संस्कृति, हिन्दू संस्कृति हुँदै यसको विकासक्रम यहाँसम्म आइपुग्यो । वेदको मन्त्र देख्ने र लेख्ने नेपालीऋषि, तपस्याको बीजारोपण गर्ने नेपालभूमि, तन्त्र र यन्त्रको मूल फुटाउने नेपालीसाधक, ध्यानलाई हुर्काउने नेपालीयोगी तर श्रेय लिने अरू । वेद, उपनिषद्, पुराण, मुन्धुम, त्रिपिटकमा नेपाली जिन छ, नेपाली पसिना छ, नेपाली सुगन्ध छ, नेपालीपन छ । सबल नेतृत्व थियो भने नेपाल राष्ट्र होइन नेपालधर्म, नेपालीसंस्कृति, नेपालीयन्त्र, नेपालीतन्त्र, नेपालीयोग, नेपालीदर्शन, नेपालीऔषधिले अन्तर्राष्ट्रमा वर्चस्व कायम गर्ने थियो । शालग्रामले वैष्णव, पशुपतिलगायतका शिवालयले शैव, लुम्बिनीले बौद्ध, डोल्पाले बोनधर्म, किराँतक्षेत्रले किराँतधर्म, हिमाल र पहाडले शाक्त धर्म दियो । नेपालकै सन्तानले संस्कृति, साहित्य, कला, सभ्यतालाई जन्माएर जोगाएका थिए । सगरमाथाको चुचुरोमा सूर्यका किरण ठोकिएर संस्कृतभाषा, कैलाश पर्वतमा प्रकृति रमाएर मन्त्र, गौरीशंकरलगायतका हिमालयमा महादेव र पार्वतीले संवाद गर्दा तन्त्रको जन्म भयो । ज्ञान जन्माउने नर्सरी, विज्ञान टुसाउने ब्याड, भाषा हुर्काउने माटो नेपालले दियो । लेखन कार्यलाई जन्माएको, पुस्तकहरू पैदा गरेको, पठनपाठनको बीजारोपण भएको भूमि नेपाल हो । वैदिक संस्कृति र संस्कृतको आधार नेपाल हो । नेपालमा जरा नटेकी आर्यावर्तका कुनै पनि अक्षर, अन्न र औषधीहरू उम्रन, उभिन, फुल्न र फल्न सक्दैनन् । टोपी, दौरा, सुरूवाल, भोटो, चोली, साडी, श्रीपेच, राजदण्ड, सङ्गीत, संस्कार आदिलाई नेपालले हुर्कायो । यहाँका पहराले प्राण दिन्छ, हिमालले सगरमाथा उठाउँछ, नदीले शालिग्राम जन्माउँछ, गुफाले देवीदेवताको चित्र कोर्छ । यहाँका ढुङ्गाले मूर्ति बनेर ईश्वरको स्वरूप लिइदिन्छ । यसैले नेपाल बन्ध्या छैन र बाँझो बस्न दिँदैन । नेपाल हाम्री आमा हुन्, ऋषिकी अक्षर हुन्, योगीकी यन्त्र हुन्, प्रकृतिकी प्राण हुन्, परमात्माकी आसन हुन्, पृथ्वीकी प्यारी छोरी हुन् ।

नेपाल शैवभूमि हो । महादेवले नाचेको भूमि[6], व्याकरणका चौध सूत्रको उत्पत्तिस्थल नेपालै हो । विश्वामित्रले गौरीशङ्कर हिमालमा तपस्या गरी गायत्रीमन्त्र प्राप्त गरे । वेदव्यासले तनहुँको दमौलीमा बसी वेदको सङ्कलन तथा विभाजनसहित १८ पुराणहरूको रचना गरे । सतीदेवीको अङ्ग पतन भएको स्थानमा चौंसठ्ठी शिवलिङ्ग उत्पन्न भए । नुवाकोटको कपिलासबेंसीमा राक्षसराज रावणले राक्षसेश्वरशिवलिङ्ग स्थापना गरे । असित ऋषिले गौतम बुद्धको पैतालामा चक्रको चिह्न, हात र खुट्टाको चमकलगायतका दैवी लक्षण[7] देखेपछि नारायणको

6 चौसठ्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान ।– सं. डा. स्वामी प्रपन्नाचार्य

7 चक्रांकपादं स तथा महर्षिर्जालावनद्धांगुलिपाणिपादम् ।

अंश एवं विष्णुको नवौँ अवतार भनी भविष्यवाणी गर्नुभयो[8] । धादिङ जिल्लामा रहेको असितेश्वरशिवलिङ्गले असित ऋषि यहीँका थिए भन्ने बताउँछ । भुसुण्डी रामायणको १४० औँ अध्यायमा राजा दशरथले पशुपति, गुह्येश्वरीदेवी आदिले दर्शन गरेको वर्णन छ । स्कन्दपुराणको हिमवत्खण्ड, पशुपतिपुराण आदिले कृष्ण, प्रद्युम्न काठमाडौं उपत्यका आएको बताउँछन् । प्रद्युम्नले सूर्यकेतुकी छोरी प्रभावतीसँग विवाह गरेका थिए ।[9] चीन र तिब्बतबाट प्रभावकर मित्र, ह्वेनसाङ, लिंपियाओ, शान्तरक्षित, मञ्जुश्री आदि महामनाहरू विभिन्न प्रयोजनका लागि नेपाल आएका थिए । जैनधर्मका आचार्य भद्रबाहु र स्थूलभद्रसमेत नेपाल आएका थिए ।[10] अहिले पनि अनेकौँ चराहरू नेपालका विभिन्न स्थानमा साइवेरियादेखि आउँछन् । पशुपन्क्षीदेखि परमात्मा चिन्तन गर्नेहरूले साधानास्थल, निवासस्थल र आरक्षणस्थल बनाए । शिवदेवको शासनकालमा अर्थात् वि. सं. ११५८ मा काशीबाट शङ्कराचार्य आएका थिए । यही क्रमलाई निरन्तरता दिँदै पछिल्लो समयमा खप्तड स्वामी, शिवपुरीबाबा नेपालकै श्रीचरणमा रमाउन आए । अहिले भारतमा नाम चलेका अधिकांश साधुसन्त (पाइलटबाबा, मुरारीवापु) ले मात्र होइन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका विभिन्न स्थलमा तपस्या गरेको स्वीकारेका छन् । यसकारण नेपाल तीर्थहरूको शिर, साधनाको मुटु, ध्यानको केन्द्र हो ।

देवपत्तन (पाशुपतक्षेत्रलाई देवपत्तन भनिन्छ जसको अर्थ देवीदेवताको निवास स्थान हुन्छ) र ऋषिपत्तन[11] (ऋषिहरूको निवासस्थानका रूपमा इतिहासले नुवाकोटलाई बताएको छ) यही राष्ट्रमा पर्छन् । त्यसैले नेपाल सबै सम्प्रदाय, पन्थ र अनुयायीका साझा चौतारी हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले के नेपाल सानो छ भन्ने लेखमा बयान गरेझैँ भूगोलको दृष्टिले सानो भए पनि अन्य दृष्टिले पारसमणि जस्तै छ ।

---

सोर्णाभ्रुवं वारणवस्तिकोशं सविस्मयं राजसुतं ददर्श ॥-काव्य बुद्धचरित (१।६५)

8 नेपालके पहाड से राजकुमार सिद्धार्थको ३२ लक्षणों से युक्त बताने असित नामका ऋषि आया था । -बुद्धकालिक भारतका इतिहास (पृ.१९)

9 हिमवत्खण्ड (१७४ अध्याय)

10 नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा (पृ.३३) । -डा. टीकाराम शर्मा खनाल

11 नुवाकोटको ऐतिहासिक रूपरेखा (पृ. १३) । - धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ

# गीत



विश्वनाथ बराल 'प्रेम'

बिहानै उठी सम्झनु एक नाम
नेपाल नेपाल नेपाल आमा
अति नै पियारो हृदयको तरङ्ग २
कम छैन मङ्गलमयी मन्त्र भन्दा ।

संसार मैले नियालेर हेरैँ २
यो सुन्दर प्रकृति यहीँ श्वास फेरैँ
सबै रूपराशिहरू बीच गन्दा २
कम छैन सौन्दर्य शृङ्गार भन्दा । २

सबै देशका शिरमा फर्फराका २
कति रङ्ग आकारका छन् पताका
यो जून घाम भएको सनातन सुरङ्गा २
कहीँ छैन स्वाधीन त्रिकोण झण्डा । २



# माटो

प्रेमराज सिलवाल

'मेरो बाबा !' भन्दै उनी क्वाँक्वाँ गर्दै रोइरहेकी थिइन् । मान्छेहरू उनलाई सम्हाल्ने कोसिस गर्दै थिए । जलिरहेको आगोको पाखो छेउबाट गाउँलेहरूले एक मुठी माटो निगालोको छेस्काले कोतरेर निकाले र झोलामा हालिदिए । गाउँलेहरू, परिवारहरूदेखि देशै शोकमा डुबेको थियो । त्यस्तो अकल्पनीय घटना घट्न पुग्यो । जाने, देख्ने र सुन्ने सबैका आँखामा आँसु रसाइरहेका थिए । उनी अर्थात् पार्वतीलाई मानिसहरूले एक मुठी माटोसहित घर ल्याइ पुऱ्याए । पार्वतीले त्यो माटो देखाउँदै आफ्ना छोराछोरीहरूलाई आफ्ना लागि त्यही माटो मात्र बाँकी भएको बताइन् । बच्चाहरू पनि डाँको छोडेर रून थाले । गम्भीरमानले पहिलो भेटमै माटोको कुरा गरेको थियो । उनी सम्झिन्छिन्- 'सहरमा माटो खरिद गरेर किराना पसल गरी तिमीलाई पाल्छु ।'

बीस मात्र टेकेकी पार्वती र गम्भीरमानको विवाह भएको थियो । स्कुल पढ्दैदेखि उनीहरू एक अर्कासँग नजिक भइसकेका थिए । थाहै नपाई ती दुईका बीचमा प्रेम बसेको थियो ।

'आमा गम्भीरमानले मलाई घरमा बोलाएको छ ।'

पार्वतीले भनिन्- 'उसको जन्म दिन भएकाले केही केटी साथीहरू र केटाहरू सँगै मलाई पनि बोलाएको छ ।'

'कस्तो केटा हो ? किन बोलायो ? त्यसै यसले उसले बोलायो भन्दै जाने होइन ।' आमाले शङ्का व्यक्त गर्दै भनिन्- 'छोरी तँ ठूली भइसकेकी छेस् आफैं विचार गर ।' स्कुलदेखिको यस्तै माया पिरती झाङ्गिदै गर्दा उनीहरूका बीचमा विवाह भएको थियो ।

गम्भीरमान गाउँका पण्डितका छोरा । खेती गरी खाने प्रशस्त खेतबारी भएको ।

गाउँमा जस्ताघरे साहु भनि कहलाएको । खान लाउनको कुनै कमी थिएन । बारीमा लटरम्म फलफूल फलेका हुन्थे । धानखेतको लागि प्रशस्त माटो थियो । 'माटो खोस्रेर पनि तिमीलाई पाल्न सक्छु ।' उसले पार्वतीलाई विवाह अघि भनेको उनी सम्झिन्छिन् ।

'गाउँमा दुःख गर्न मन नपरे सहरमा गएर केही आना माटो खरिद गरौंला र एउटा दोकान राखौंला अनि हाम्रो गुजारा चलिहाल्छ नि ।' गम्भीरमानले सहरमा माटो खरिद गरी घरजम गराउने कुराले पार्वती भित्रभित्रै हर्षित बन्न पुगेकी थिइन् ।

'म गाउँमै माटो खनेर पनि खान सक्छु ।'

'सहरमा लगे पनि सक्छु ।' पार्वतीले विश्वास व्यक्त गरिन्– 'देश विदेश जहाँ पनि सक्छु ।'

गाउँका सबैजसो केटाहरू खाडी र अरब हान्निएका थिए । कतिपय मलेसिया । कति दुबई र कतार पुगेका थिए । विदेश जानेको एक खालको हौवा र हुडहुडी नै मच्चिएको थियो त्यो बस्तीमा ।

'गाउँका सबैजना विदेश जान थालेका छन् । म पनि विदेश गएर केही धनपैसा कमाई ल्याउँछु अनि तिमीलाई सहरमा केही माटो खरिद गरी उतै बस्ती बसाल्ने हो ।'

'सहरमा गएपछि बालबच्चाको पढाइ पनि राम्रो बन्ला र जागिर खान सक्लान् ।'

गम्भीरमानको प्रस्तावले पार्वतीको मनमा हुडहुडी मच्चायो । के गर्ने ? कसो गर्ने ? के भन्ने ? उनी जङ्गलको बीचमा बाटो भुलेर टोलाइरहेको यात्री जस्तै भइन् । लोग्नेलाई विदेश पठाउँ भने यहाँ आफू र बच्चाहरू एक्लै हुने । नपठाउँ भने गाउँका सबै युवाहरू विदेशिएका छन् । माटो खनीखोस्री गर्दा गाउँमा पनि प्रशस्त सम्भावना छँदैछ । धान, आलु, गहुँ, तोरी, फलफूल, बाख्रावस्तु, कुखुरा सबका सब छँदैछन् । पार्वतीले सोचिन्– 'आफ्नै खेतबारीमा माटो कोर्‍यो भने वर्षमा तीन चार लाख त नगदै हुन्छ र खानको पनि दुःख हुन्न ।' उनलाई असह्य दुविधा भयो । अर्को मनले सोचिन् आखिर लोग्नेले जान खोजेको पनि त हाम्रै लागि न हो । भोलि सुख दिनको लागि हो । पैसा कमाइयो भने त सहरमा माटो खरिद गर्ने भन्नुभएकै छ ।

यस्तै सोच, विचार र अभिलाषाले पार्वतीले गम्भीरमानलाई मलेसियामा पठाएकी थिइन् ।

गाउँमा पण्डितबाजेको छोरा भन्ने अलग्गै इज्जत थियो । सामान्य माटो खोस्रीखेली गर्दा वर्षभरि मज्जाले खान, लाउन पनि पुग्थ्यो । नगदेबाली र वस्तुभाउको बिक्रीबाट पैसा पनि हुन्थ्यो । तर के गर्ने गाउँमा विदेश नगएका केटालाई कसैले पत्याउन छाडिसकेका थिए । विदेश गएर फर्केको भनेपछि केटी दिनेको पनि ताँती नै हुन्थ्यो । गम्भीरमानलाई त धन्न स्कुलदेखि नै पार्वतीले मन पराई र विवाह भइहाल्यो । जाउँ कि नजाउँको दोमनमै गम्भीरमान विदेश हानियो ।

कहिल्यै घर परिवार छोडेर चारभन्ज्याङ नकाटेको गम्भीरमानलाई विदेशमा रात बिताउन निकै कठिन भयो । कैयौं रात त ऊ अनिँदो नै बस्यो । ऊ सुत्न र निदाउन सकेन । आफ्नो देश र माटो सम्झियो । आधिरातसम्म पनि फोनमा उसकी श्रीमती र बालबच्चासँग कुरा गर्ने गर्दथ्यो ।

'दलालले पैसा पचाइहाल्यो अब अवधि नसकी फर्कनु पनि भएन । के के न हुन्छ भन्दै विदेश गएको रित्तो हात फर्कियो भनेर गाउँमा कुरा काट्छन् त्यसैले माटोको याद आए पनि बस्नै पर्ने भयो ।'

गम्भीरमान भन्ने गर्थ्यो– 'विदेश आएपछि आफ्नो माटो बुझेँ । आफ्ना पारिला पाटा बारीमा माटो खन्दा सुन फल्ने रहेछ ।'

'आखिर यहाँ पनि खेतीकिसानीको काम नै गर्नु परेको छ ।' पार्वती सम्झाउँदै भन्थी– 'आऊ बुढा, झट्टै आऊ । 'आफ्नै खेतबारीको माटो कोरेर खाउँला चाहिएन त्यो विदेशी अपमान र पीडाको पैसा ।'

गम्भीरमान सोचमग्न बन्दै भन्थ्यो– 'आउन त मन छ मलाई पनि । मलाई आफ्नै खेतबारीको माटोको मायाँ लागेर आयो । यति मिहिनेत गर्दा नेपालमा पनि सुन फलाउन सकिन्छ । तर के गर्ने फेरि गाउँलेहरूले के भन्लान् ?'

'बुढा ! गाउँलेहरूले जेसुकै भनून् । अब नेपाल फर्कनुस् ।' पार्वतीको कुराले गम्भीरमान नेपाल फर्कने निधोमा पुग्यो ।

विदेश गएकाहरू नेपाल फर्कंदा एउटा रङ्गीन टेलिभिजन ल्याउने चलन रहेछ । नयाँ सुटकेस किन्ने गर्दा रहेछन् । कालो चस्मा । ट्रयाकसुट । एअरफोन । नयाँ मोबाइल । आफन्त र परिवारलाई केही चकलेट । बस् ।

गम्भीरमानले पनि आफ्नो सुटकेसमा सामान हाल्यो । विछ्यौना बिस्ताराको गुन्टा कस्यो । अब आफ्नै माटोमा गएर चारनङ्ग्रा खियाएर खाने निधो गर्दै ऊ नेपाल फर्कने टुङ्गोमा पुग्यो । ऊ साथीभाइसँग बिदाबारी भयो । नेपालका पूर्व-पश्चिमका मान्छे त्यो कम्पनीमा थिए । उसले बिदा माग्यो ।

'ल साथीहरू म त फर्कने भएँ आफ्नै माटोमा । 'तपाईंहरू नेपाल फर्केपछि फोन गर्नुहोला । नमरी बाँचे कालले साँचे फेरि नेपालमा भेटौंला ।'

'एअरपोर्टमा लिन आउनु पर्दैन ।'

'काठमाडौँमा कोरोनाको कारण खतरा छ रे ।'

'म सरासर घर फर्कन्छु चिन्ता नलिनू ।' गम्भीरमानले भनेको सम्झँदै पार्वती हिक्कहिक्क गर्दै रून थालिन् ।

'मैले काम गर्ने कम्पनीमा फल्ने नयाँ फलफूलका गेडा पनि ल्याएको छु । 'त्यो हाम्रो माटोमा पनि फल्छ ।'

पार्वतीलाई गम्भीरमान आउने दिनको कुराइ वर्ष दिनको विदेश बसाइभन्दा पनि लामो लागिरहेको थियो । डाँडामा गएर पारि खोरियाबारीतर्फ आँखा डुलाउँदै हेर्दै गर्न थालेकी थिइन् । बच्चाहरूलाई फुल्याउँदै र हौस्याउँदै भन्थिन्- 'आज बेलुकीसम्म तिमीहरूका बाबा घरमा फर्कनुहुन्छ । विदेशी चकलेट खाउला ।'

रात छिप्पिइसकेको थियो । गम्भीरमानको बाटो हेर्दाहेर्दै पार्वती र उनका छोराछोरीका आँखा टट्टाइसकेका थिए । उनी निदाउन सकेकी थिइनन् । फोन गर्दा फोन पनि सम्पर्क हुन सकेन भनिरहेको थियो । पार्वती र बालबालिका यत्तिकै टोलाएर घप्लक्क जहाँको त्यहीँ ढलेका थिए । रातभरको निद्रा र पर्खाइको कारण उनीहरू लखतरान बनिसकेका थिए । उज्यालो भई घाम झुल्कँदासम्म पनि उनीहरू त्यसै लत्रिरहेका थिए ।

पल्लोघरे सन्तमान आत्तिदै र चिच्याउँदै आयो ।

'ए पार्वती ! पार्वती !' पार्वती झल्याँस्स उठी ।

'किन चिच्याउँछ यो सन्ते ?'

'हिजो राति मलेसियाबाट नेपाल आएको प्लेन दुर्घटनामा पऱ्यो रे ।' 'माथि

बन्चरेडाँडामा आगो दन्किरहेको छ ।' 'त्यसैमा गम्भीरे पनि आएको होइन ?'

पार्वती छाँगाबाट खसेजस्तै भई । होसहवास उड्यो । '.....आमा के भन्छ यो सन्ते..!'

'सबै गाउँले बन्चरे गएका छन् जाउँ हिँड ।'


पार्वती हस्याङ्फस्याङ गर्दै सन्तेसँगै बन्चरे डाँडो उक्लिई । त्यहाँ प्लेन टुक्राटुक्रामा बलिरहेको थियो । मान्छेहरू आलापविलाप गर्दै हारगुहार गर्दै थिए । कोही यात्रुका सामान खोज्दै थिए । कोही जीवितै छ कि भन्दै प्रहरीहरू खोजी गरिरहेका थिए । बन्चरेको खोरियामा प्लेन र सामान दनदनी बलिरहेको थियो ।

एकजना प्रहरी अगाडि आएर भन्यो 'मलेसियाबाट आएका सबै यात्रुको मृत्यु भयो ।' त्यसमा मर्ने सूचीमा .....सहित गुम्दी-८ बस्ने वर्ष ३७ को गम्भीरमान पण्डित...।'

प्रहरीको त्यो आवाज सुन्नेबित्तिकै पार्वती गर्ल्याम्म भुइँमा ढली । मानिसहरू आलापविलाप गरिरहेका थिए । यत्तिकैमा सन्तेले खोल्सीबाट एक मुठी पानी ल्याएर पार्वतीलाई खान दियो । पार्वती ह्वाँह्वाँ गर्दै मेरो बाबा भन्दै डाँको हाल्दै चित्कार गरिरहेकी थिई । केही गाउँलेहरू उसलाई सम्झाइरहेका थिए ।

दुर्घटनामा परेका कसैको पनि लास देखिन्नथ्यो । यत्तिकैमा सन्तमानले एक मुठी जलेको माटो कोतर्दै झिक्यो र प्लास्टिकको झोलामा हाल्यो । मान्छेहरूले उफ्रिपाफ्री गर्दै रोइरहेकी पार्वतीलाई सम्झाए र हात समाएर घर ल्याए । एक पोका माटोभित्र गम्भीरमान पण्डित रहेको भन्दै त्यो पवित्र माटो जतनसँग राख्नुपर्ने भन्दै सम्झाउँदै-बुझाउँदै गाउँलेहरू घर घर फर्के । पार्वती भने आफ्ना बच्चाहरूलाई त्यो माटो देखाएर रोइरहेकी छे । बच्चाहरू अहिले पनि उनीहरूका बाबुको रगत-पसिना मिसिएको देशको आफ्नो माटो सम्झँदै छातीमा राखेर बसिरहेका छन् ।

# दानमहिमा र केही प्रमुख दानको शास्त्रीय सार



कुलप्रसाद पराजुली

संस्कृत भाषाअनुसार 'दातव्यम् यद् (वस्तुविशेष) तत् दानम्' भनिन्छ । 'दिन योग्य वस्तुविशेष', 'दिने काम' भन्ने अर्थ लाग्ने 'दान' शब्दको तात्पर्य 'आफ्नो हकमा रहेको धनमाल अर्काको हातमा गरिदिने काम' भन्ने हुन्छ । कुनै वस्तुको अधिकारको हस्तान्तरण गर्ने, दिने वा प्रदान गर्ने काम नै दानको अर्थ हो । धार्मिक भावनाले गरिब–गुरूवालाई वस्त्र, द्रव्य आदि दिने कामका साथै तिल, जौ, कुश र जलसहित प्रतिज्ञा सङ्कल्पपूर्वक ब्राह्मणलाई द्रव्य, वस्त्र, अन्न आदि दिने कामलाई पनि दान भनिन्छ ।

हामी सबैको खोज सुख, शान्ति र आनन्दको प्राप्ति हो । ती तीनवटै कुराको प्राप्तिका लागि दान दिइन्छ । कविहरूको उद्गार– "खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ, आफू मिटाइ अरूलाई दिनु जहाँ छ" को आशय पनि त्यही हो ।

सृष्टिचक्रमा मानव चोलालाई सर्वोत्तम मानिएको छ । सनातन वैदिक धर्मले पुनर्जन्म मान्दछ । ठूलै सुकर्मको सञ्चयले मानवजुनि प्राप्त हुन्छ । राम्रा कर्मकै उपलब्धि मानवजुनि सफल पार्न पुण्यकर्म गरिरहनुपर्ने निर्देशन शास्त्रको छ । वेद संसारकै सबैभन्दा पुरानो र प्रामाणिक ज्ञाननिधि हो । वेदले धर्मकर्मको व्यवस्था गरी मानवले तिनको परिपालना गर्नुपर्ने निर्देशन गरेको छ । प्राणीको उत्पत्ति र विनाश पनि कर्मबाटै हुने कुरा हाम्रा शास्त्रले उद्घोष गरेका छन् । श्रीमद्भगवद्गीताले पनि 'जातस्य हि ध्रुवो मृत्युः...' भनी जन्मेपछि प्राणीको मृत्यु र मृत्युपछि पुनर्जन्म हुन्छ भनेको छ । मानवचोला अनित्य भएकाले मानिस जन्मेपछि मर्छ, यो प्राकृतिक सत्य हो ।

हाम्रो वैदिक धर्मसम्बन्धी सम्पूर्ण कर्मकाण्डपद्धतिभित्र संस्कारपद्धति र पूजापद्धतिको विधान छ । यी दुवै पद्धति कर्मकाण्डपद्धतिअन्तर्गतका विषयवस्तु हुन् । कर्म एकप्रकारको क्रियासूचक शब्द हो भने कर्मकाण्ड वेदले विधान गरेको कर्मसमूहको

नाम हो । संस्कारपद्धति गर्भाधानदेखि मृत्युसम्म १६ प्रकारका छन् । हाम्रो वैदिक कर्मकाण्डअनुसार मान्छे मरेपछि अन्तिम संस्कार गरिन्छ जसलाई अन्त्यसंस्कार भनिन्छ । दशदानदेखि वार्षिक श्राद्धसम्म गरिने संस्कार अन्त्यसंस्कारभित्र पर्दछन् ।

शास्त्र भन्छ : धर्म, अर्थ, काम र मोक्ष मानिसका चार पुरूषार्थ हुन् । जीवन सुखदुःखको भाँडो हो । पतिपत्नी, जहान, छोराछोरी, पदप्रतिष्ठा, धनसम्पत्तिको मोहबाट छुट्कारा वा मुक्ति नै मोक्ष हो । धर्मशास्त्रले जीवनको मूल लक्ष्य जीवनमरणबाट मुक्ति बताएका छन् । कर्म नगरी मुक्ति हुँदैन । शारीरिक र मानसिक शुद्धिबिनाको कर्म निरर्थक हुन्छ । सार्थक कर्मका लागि इन्द्रिय, मन, चित्त आदिको शुद्धि आवश्यक हुन्छ । इन्द्रिय पनि ज्ञानेन्द्रिय र कर्मेन्द्रिय छन् । शुद्धि नभई मुक्ति असम्भव छ । कानको शुद्धि भगवन्नामको सङ्कीर्तनबाट, धन र हातको शुद्धि दानबाट अनि मानिसको शुद्धि परोपकारबाट हुन्छ भन्ने शास्त्रीय निर्देशन छ । मन्त्रदान, विद्यादान, अन्नदान, वस्त्रदान, भूमिदान शैयायादान, जीवनदान, वाग्दान, कन्यादान पददान, अष्टदान, दशदान आदि दानका किसिम हुन् ।

तृष्णा नमेटिईकन भगवद्भक्ति हुन्न । दानको तात्पर्य त्याग हो । त्यस्तो त्याग दानबाट मात्र हुन्छ, दानमा स्वत्व (निजत्व) को त्याग हुने भएकाले शास्त्रले दानको महिमागान गरेका छन् । सत्ययुगमा तपस्याबाट, त्रेतायुगमा यज्ञयज्ञादिबाट, द्वापरयुगमा भगवान्का श्रीविग्रहको पूजा आराधनाबाट र कलियुगमा भगवन्नाम सङ्कीर्तन गर्नाले पाप (विभिन्न दोष) बाट मुक्ति हुने उद्घोष सबै शास्त्रको छ । प्रत्येक मानिसको चाहना मुक्ति हो । कलियुगमा भगवन्नाम सङ्कीर्तन मात्र यमराज र वैतरणी नदीको दुःखद यातनाबाट मुक्ति हुन्छ भन्ने शास्त्रीय सार बुझिन्छ ।

दानका विभिन्न नाममध्येको एउटा मुख्य दान दशदान हो । विभिन्न ज्ञात अज्ञात पापबाट मुक्ति पाउने हेतुले मरणासन्न अवस्थामा पुगेपछि वा केही सारसौँदो छँदैमा दशदान गर्नुपर्छ । गाई, भूमि, तिल, सुन, घिउ, वस्त्र, धान, गुड, चाँदी र नुन समेतका दश वस्तु दान दिने कामलाई दशदान भनिन्छ । मरणासन्न व्यक्तिका छोराछोरी वा आफन्तले कुनै तीर्थमा लगेर वा घरैमा प्रायश्चित्तसहित दशदान गराउने निर्देशन छ । शक्ति भएमा रोगी आफैँले पनि दशदानादि गर्न सकिन्छ । प्रायश्चित्तको अर्थ जीवनमा गरिएका नानाविधि पापबाट मुक्तिका लागि देहावसान कालमा देहशुद्धिद्वारा परमेश्वरलाई प्रसन्न गर्ने प्रयास हो । दान वर्तमान दैहिक शरीरको शुद्धि र व्यक्ति मरेपछि जीवले यात्रा गर्ने परलोक मार्गमा आवश्यक

खाजासामलका लागि गरिन्छ । मृत्युपछि हुने विभिन्न यातनाबाट मुक्तिको उद्देश्यले दशदान गरिन्छ । यो दान जीवित अवस्थामा गरिने दान हो ।

जन्मदेखि मृत्युपर्यन्त उपार्जित सम्पूर्ण पापको नाशपूर्व शरीर शुद्धिको उद्देश्यले गरिने अर्को महत्त्वपूर्ण दान अष्टदान हो । अष्टदानमा गाई, भूमि, तिल, फलाम, कपास, सुन, नुन र सप्तधान्य समेत आठवटा सामग्री दान गरिन्छ जसले महापातक नाश हुन्छन् । आतुरकाल र ग्रहणकालमा दिइएका दानको विशेष महत्त्व भएकाले आतुरकालमा अष्टदान गर्नुपर्ने विधान छ ।

भूमिदान गर्न नसक्ने व्यक्तिका लागि गाईदान गर्ने विधान छ । गाईदान पनि पाँचप्रकारको हुन्छ जसलाई पञ्चधेनुदान भनिन्छ । यसभित्र पापापनोद अर्थात् अन्तधेनु, रूद्रधेनु, ऋणधेनु, मोक्षधेनु र वैतरणीधेनु पर्दछन् । अन्त्य समयको अन्दाज गरी मरण समयमा पञ्चधेनुदान गरिन्छ । मन, वाणी र शरीरले आजन्म हुन गएका वा गरिएका पापको दोषबाट छुटकाराका लागि गाईको दान गरिन्छ ।

तीर्थमा, ब्राह्मणका निवासमा, ग्रहणकालमा, सङ्क्रान्ति, अमावस्या, उत्तरायण–दक्षिणायन, विषुव (मेष र तुला सङ्क्रान्ति) व्यतिपातयोग (धनिष्ठा आद्रा आदि नक्षत्रमा चन्द्रमा रहँदा आइतबार पर्ने अमावास्या) युगादि तिथि (क्रमशः वैशाखशुक्ल तृतीया, कार्तिकशुक्ल नवमी, भाद्रकृष्ण त्रयोदशी, माघकृष्ण अमावस्या) र अन्य पुण्यकालमा पनि गाईदान गर्नुपर्दछ । दानमा दिइएका गाईले आधिभौतिक, आधिदैविक र आध्यात्मिक त्रिविध ताप तथा कायिक, वाचिक र मानसिक पापबाट मुक्ति हुन्छ भनिएको छ ।

दान नगर्नाले दरिद्र हुन्छ, दरिद्रताको कारण पापकर्ममा रूमलिन्छ, पापकर्मका प्रभावले नरकमा पर्छ । यसरी नरक भोग्न पुगेको जीव फेरि जन्म-मरणचक्रमा परेर घुमिरहन्छ । त्यसैले अन्तकालमा कृष्णप्रिय गाईको दान गर्नुपर्छ । एकादशी व्रत, गीता, गङ्गाजल, तुलसीदल, विष्णुको चरणामृत र भगवन्नाम सङ्कीर्तनले मरणकालमा मुक्ति मिल्छ भनिएको छ ।

सत्पात्रमा दिएको गाईदान लक्षगुना फलदाता हुन्छ । अपात्र (अयोग्य व्यक्ति) लाई दिएको गाईदानले नरक लान्छ । दान दिँदा दाता, दिइने वस्तु र लिने पात्रको शुद्धि हुनुपर्ने पनि शास्त्रको आशय हो ।

सम्पत्ति अस्थिर र शरीर नश्वर भएकाले श्रद्धा उत्पन्न भएको बेला र सत्पात्र

पाइएको बेला दान दिने पुण्यकाल हो भन्ने बुझेर दान दिनु, मृत्यु प्रतिदिन नजिक आइरहने भएकाले नपर्खनु । आफ्नो सम्पत्ति अनुसार दिएको र आफ्ना हातले दिएको दान अनन्त फलदायी हुन्छ । दानरूपी सामल लिएर जीव परलोकको राजमार्गमा सुखपूर्वक यात्रा गर्दछ भने दानरहित पाथेय (सामल) भएको जीवले यममार्गमा दुःख पाउँछ । पृथ्वीमा मनुष्यले दिएको दान यममार्गमा अगाडि अगाडि उपस्थित हुने भएकाले दान दिइन्छ ।

मानवले धर्माचरण गर्नुपर्दछ, जसले परमगति प्राप्त हुन्छ । धर्मसेवनले मानवजीवन सफल हुन्छ । जीवित अवस्थामा आफैं आफ्नो मित्र भएकाले आफ्नै हातबाट दान गर्नुपर्दछ, मरेपछि अरूले दान गरिदिंदैनन् । मान्छे मरेपछि उसले गरेका शुभ र अशुभ कर्म जीवका साथै जान्छन् । पुण्य र पापकर्म नभोगी धर छैन । मान्छे आफ्ना कर्मबन्धनले संसारमा जन्म लिन्छ र कर्मफल भोगिसकेपछि मरेर जान्छ । मातापिता आदि प्रियजन कसैका कोही होइनन् केवल आफूले गरेको दान मात्र आफ्नो हुन्छ । र, आफ्ना अधीनमा धन भएको बेला आफ्नै हातले दान गर्नु आवश्यक छ । पूर्वजन्ममा गरेको दानले यो जन्ममा विद्या, धनधान्य र समसद्धि प्राप्त भएको बुझी यो जन्ममा पनि धर्मका लागि दान दिनुपर्छ । धर्म गरेकै कारण अर्थ, काम र मोक्षको प्राप्ति हुन्छ । धर्म श्रद्धाले गरिन्छ न कि ठूलो धनराशिले । भक्तिले दिएको दान भगवान्ले पनि ग्रहण गर्नुहुन्छ । अतः विधिपूर्वक दान दिनुपर्छ । दान दिने व्यक्ति उपद्रवग्रस्त हुन्न, नरकयातना भोग्नुपर्दैन र मृत्युकालमा पनि यमदूतबाट पनि कुनै डर हुँदैन ।

# फूल फुल्ने गन्तव्य



इन्द्रकुमार श्रेष्ठ 'सरित'

हेर्छु म सधैं उदाउँदो सूर्यलाई
सूर्यका राता किरणहरूसँग हिँड्दै
म एक अँगालो उज्यालोलाई अँगाल्छु
नवीन उत्साहको डुङ्गा चढेर अघि बढ्छु ।

जताततै म सुन्दर हरियाली देख्छु
त्यही हरियालीले मधुर वसन्ती गीत गाएको सुन्छु
असीम उत्साहको सञ्चार गराउने पलहरू
पटुकीमा बाँधेर म गतिका साथ हिँडिरहन्छु ।

आशालाई च्यापेर हिँडेको एक युग बित्यो
निराशाले छोप्ने बादलको कैयौँ कहानी बन्यो
तैपनि मनले हरेस खाएन, पछि हट्न मानेन
खडेरीमै पनि आशाको गाग्री थापिरह्यो ।

हेर्दाहेर्दै ऋतु फेरिए, मान्छे ढले, मान्छे उठे
चिसिएका आँखाहरूले ओभाउने आश राखिरहे
समय थाहै नपाई सबैको आँखासामु बदलिइसकेछ
मियोहरूले नै साथ छाड्दै कहिले जुटे, कहिले फुटे ।

रोएर जीवनको गन्तव्य कहिल्यै भेटिन्न
आँसुको भेलमा अमूल्य जीवन व्यर्थै बगाउनु पनि छैन
त्यसैले सञ्चित गरेर पुरानै जोस, लक्ष्य र विचारलाई
समयसँगै हिँड्नु छ न्याय र समानता फुल्ने गन्तव्यमा पुग्न ।



# पुस्तकालयको महत्त्व

भोलानाथ सुवेदी

सबै जनताको पहुँच पुग्ने गरी सार्वजनिक रूपले स्थापना गरिएको इच्छुक पाठकहरूको पठनकलाको विकासका लागि स्थापना गरिएको पाठ्यपुस्तकहरूको व्यवस्थित कक्षलाई सार्वजनिक पुस्तकालय भनिन्छ । पुस्तकलाई हातले सुम्सुम्याउन, हृदयले ग्रहण गर्न र जीवनलाई अर्थपूर्ण बनाउन मस्तिष्कमा भण्डार गर्न सकियो भने मात्र पुस्तकालय स्थापनाको औचित्य पुष्टि हुन्छ । सार्वजनिक पुस्तकालय समाजको चेतनाको दियो हो जसले समाजमा चेतना अङ्कुरण गर्न सहयोग गर्दछ । पुस्तकसँग मान्छेका जीवन- दर्शन जोडिने हुँदा पुस्तकालय समाजको लागि मार्गदर्शक बन्न पुग्छ । मान्छेको मस्तिष्कलाई सिर्जनात्मक, तार्किक, चेतनशील, चार्तुय र निखनो बनाउने मुख्य आधार शिक्षा नै हो । शिक्षाले व्यक्तिलाई क्षमतावान्, गुणवान्, कर्मठ र त्यागी बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । मान्छे ज्ञानको भोको छ । एउटा विषय सिकिसकेपछि अर्को विषयमा चासो राख्नु मानवीय स्वभाव नै हो भन्दा फरक पर्दैन । ज्ञानको प्यास मेटाउन मान्छेले भूमण्डलको सयौँ परिक्रमा मात्रै गरेन अन्तरिक्षको अन्तरमा पसेर त्यसको गुह्य खोतलेको पनि छ । यी सबैको हुटहुटी मान्छेले आफ्नो वरिपरिको प्रकृति, वातावरणबाट प्राप्त गऱ्यो । किन हुन्छ ? कसरी हुन्छ ? अब के हुन्छ ? भन्ने उत्तर खोज्न मान्छेले पुस्तक पल्टायो । गहन अध्ययन गऱ्यो । घोत्लियो ।

ज्ञान, सीप, जीवनशैली, बोलीवचन, सबैको आधार समाज नै हो । यही समाजको सिँढी टेकेर मान्छे विश्वमा चर्चित बन्यो । देश शिक्षित सबल र पूर्ण हुन समाज ज्ञानले पूर्ण हुनुपर्छ । त्यसका लागि पुस्तकालय समाजको सेतु बनेर गन्तव्य निर्धारणको पथ प्रदर्शक बन्नु आवश्यक छ । हाम्रा पूर्वजहरूले ध्यान, जप, तप, योग, उपासना, हवन, दान, परीक्षण प्रयोग गरेर ज्ञान आर्जन गरे । भौतिक संसारलाई पढेर पूर्वजले दूरदृष्टि देखे । हामी एक ठेली किताब पढ्न नसकेर हाब्रो च्यातिरहेछौँ । पुस्तकालयका पुस्तक धमिराले धुजा धुजा पार्दा हामी सिरक ओडेर आइन्सटाइन भएको सपना देख्छौँ । शेक्सपियर भएर दौडन्छौँ । न्युटनले

रूखबाट झरेको स्याउ खाए कि खाएनन् भनेर विवादमा रमाइरहेका छौँ । हामीलाई परिश्रम नगरी डकारिनु छ । हामी ज्ञानले डकारिन कहिल्यै चाहेनौँ । ज्ञानको अभावमा हामी कतार, मलेसिया, लखनौं र हैजरावादका गल्लीमा हरायौँ । घरझगडा गरेर आत्महत्याको अकल्पनीय प्रयास गर्‍यौँ । हामीसँग विवेक नहुँदा हाम्रा परम्परामा धमिरा लाग्यो । संस्कार, मूल्य-मान्यता बालुवामा गरेको खेतीजस्तै भए । 'बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड' हाम्रा लागि चरितार्थ बन्न पुग्यो । यिनै कमजोरीलाई भत्काएर दरिलो पाइलो टेक्न, सबल समाजको निर्माणको आधार बनाउन सार्वजनिक पुस्तकालयको स्थापना हुनु जरूरी छ ।

बुद्धले दुःख निवारण हेतु दरबार त्यागे । बुद्धलाई ज्ञान, चेतनाको भोक नजागेको भए राजसी सुख सयलमा लिप्त हुन खोजेका भए मानव जगत् दुःखको भुमरीमा भुनभुनाइरहेको हुने थियो । त्यसबेला बुद्ध नै सिङ्गै पुस्तकालय थिए । ज्ञानको मानक थिए । बुद्धले संसारमा ज्ञानको अभ्युदय गराई मानवको गन्तव्य कोरिदिए । मान्छेले आफ्नो आदत सुधार्न, स्मरण तिखार्न, सहज सरल जीवन बाँच्न मानवताको मुहान भेट्न पुस्तकालयको ढोका ढक्ढक्याउनै पर्छ । पुस्तकालयमा रहेका उपयोगी पुस्तक पढ्दा मानिसमा शब्द भण्डारको विकास हुने भाषिक क्षमता विकास हुने, समस्या समाधानको उपाय पत्ता लगाइ निवारण गर्न सहज पक्कै हुन्छ । पुस्तक ज्ञानवर्द्धक, मनोरन्जनपूर्ण, सूचनामूलक र जीवनोपयोगी हुने भएकाले बाँच्दा सत्मार्ग हिँडाउने र मरेपछि स्वर्गमा विराजमान गराउने माध्यम नै पुस्तकालय हो । बिहान मन्दिरमा शङ्ख, घण्ट बज्दा वातावरणमा मधुरता थपिएजस्तै समाजमा पुस्तकालयको उपयोग भए हाम्रो भविष्य आलोकित बन्न पुग्छ । नेपाल सङ्घीय संरचनामा पुगेको अवस्थामा स्थानीय तहका सरकारले जनताको अत्यावश्यक उपयोगी संस्थाको रूपमा पुस्तकालय रहनुपर्छ । राजनीतिकर्मीले समय समयमा निरीक्षण, भेटघाट, अनुगमन र छलफल गरेर जनतालाई पुस्तकालयको महत्त्व बुझाउन सक्ने कार्य गरेमा पुस्तकालयले जीवन्तता पाउन सक्छ । स्थानीय सरकारले आफ्ना नीति निर्धारण गर्दा पठन संस्कृतिको विकासका लागि पुस्तकालय स्थापनाका लागि बजेटको व्यवस्था गर्नु कर्तव्य बन्न जान्छ । पुस्तकालयको स्थापनाले समाजमा जरो गाडेर बसेको महिला हिंसा, बलात्कार, अन्धविश्वास, शोषण, उत्पीडनजस्ता कुप्रथा निर्मूल पार्न सहयोग पुग्छ ।

जब समाज सबल चेतनशील, सक्षम बन्छ तब राष्ट्रमा अप्रिय, अमानवीय घटनाहरू घट्न कम हुन्छ । समाजले निस्पट्ट अँध्यारो चिरेर उज्यालो गन्तव्य पहिल्याउँछ र देश समुन्नत बन्छ । जनतालाई आदर्शवान्, नैतिकवान् र कर्तव्यनिष्ठ बनाउनको

लागि पुस्तकालयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अन्नले शरीरलाई पोषक दिएर बलिष्ठ, निरोगी र रोग प्रतिरोधात्मक क्षमताको विकास गराएजस्तै ज्ञानले मानिसको मस्तिष्कलाई पोषण प्रदान गर्दछ । ज्ञान प्राप्त गरेको व्यक्ति समस्यासँग पौँठेजोरी खेल्न सक्छ । समस्याबाट भागेर हिँड्दैन, समाधान गरेर खुसीले बाँच्न खोज्छ । सबैलाई पोषण दिन, समाजलाई रोसनी दिन पुस्तकालयको विकास गर्नु आवश्यक छ । यसका लागि समाजभित्र रहेका आमासमूह, युवाक्लव, समाजसेवी, शिक्षाप्रेमी, बौद्धिक वर्गले आ–आफ्नो समाजमा मानिसहरूको जमघट भइरहने स्थानमा पुस्तकालयको स्थापना गर्नुपर्छ । अग्रजहरूले सत्मार्ग, सत्कर्म, सत्ज्ञान दिए अनुजहरू त्यसैको अनुसरण गर्ने भएकाले भोलिको पुस्तालाई निडर, स्वाभिमानी, स्वावलम्बी, लगनशील बनाउन सके पुस्तकालयको विकास र विस्तार मात्र नभै समग्र राष्ट्रको उन्नयनमा महत्त्वपूर्ण उपलब्धि प्राप्त हुनेछ ।

स्थानीय निकायलाई पुस्तकालय र वाचनालय स्थापना र सञ्चालन गर्ने अधिकार नेपालको संविधान २०७२ ले प्रदान गरेको छ । पुस्तकालय समाजको गौरव हो । पुस्तकालयले समाजलाई मार्गदर्शन गर्न सहयोग पु¥याउँछ । पुस्तकालय समाजको स्वर्णमय आधार हो जसले कालान्तरमा राष्ट्रलाई दक्ष जनशक्ति उलब्ध भएको मुलुक, स्मरण शक्ति बढी भएको मुलुक र सफल व्यवस्थापन एवं शासन प्रणाली भएको मुलुकमा विश्वसामु चिनाउन सहयोग गर्छ । नेपालको संविधानले शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता विषय मौलिक हकमा राखेर नागरिकको हकलाई सुरक्षित गरे पनि पुस्तकालयको विषय ओझेलमा परेको देखिन्छ । अहिले विश्वमा विद्युतीय पुस्तकालयको अवधारणा विकास भइ दुनियाले शैक्षिक उन्नतिमा कोल्टे फेरेको छ । हामीसँग पहिलो विद्युतीय पुस्तकालय 'वासुदेव ढुङ्गाना विद्युतीय पुस्तकालय' जस्ता एकाध पुस्तकालय सञ्चालनमा रहेका छन् । पुस्तकालयमा पाठकको पहुँच पुग्न सक्नुपर्छ । पुस्तकालयभित्र छिरिसकेपछि ऊ मस्तिष्कमा ज्ञानको भोक लिएर फर्कन नहुने कुरामा पुस्तकालय सञ्चालकहरूले विशेष ख्याल गर्नुपर्ने हुन्छ ।

हामी दिनभर मोबाइल चलाएर, कुलत र कुसङ्गतमा लागेर चौतारी र चिया पसलमा बसेर अनावश्यक गफ गरेर आफ्नो आयु घटाइरहेछौँ । समाजमा पुस्तकालय स्थापना भएमा हामीभित्र भएको अनावश्यक सोच, विचार, चिन्ता र द्वेषलाई पुस्तकालयमा भएका पुस्तकले पखाली हामीलाई पवित्र बनाउन सक्छन् । हाम्रो नकारात्मक सोच सकारात्मक सोचमा परिवर्तन हुन पुग्छ । हामीमा आक्रोश हैन विनय भावको घर बस्न पुग्छ । मान्छेमा सिर्जनात्मक सोच र मिठो भाष्यको विकास हुन पुग्छ । तसर्थ, देशको मेरूदण्डको रूपमा रहेको समाजलाई सबल बनाई राष्ट्रको उन्नति

गर्न पुस्तकालयको विकास र विस्तार गर्नु हामी सबैको कर्तव्य रहन जान्छ । पुस्तकालय २ प्रकारका छन् : (क) निजी पुस्तकालय (ख) सार्वजनिक पुस्तकालय ।

कुनै पनि व्यक्तिले निजी खर्चमा आफ्नो घरको कोठामा सङ्कलन गरी राखेका उपयोगी, ज्ञानवर्द्धक पुस्तकहरूको सङ्ग्रहलाई निजी पुस्तकालय भनिन्छ । यस्तो पुस्तकालय व्यक्ति स्वयंले उपयोग गर्ने हुनाले यस्तो पुस्तकालयमा सर्वसाधारणको पहुँच पुग्न असम्भव नै हुन्छ । साहित्यकार, कूटनीतिक नियोगका व्यक्तिहरू, प्राध्यापक, राजनीतिकर्मीहरू र पठन क्षेत्रमा रूचि राख्ने व्यक्तिहरूको घरमा एक एक ओटा पुस्तकालय कक्ष प्रायः हुने नै गर्छ । सार्वजनिक पुस्तकालय सरकारी वा संस्थागत लगानीमा सञ्चालन भएका अध्ययन, अनुसन्धान, इतिहास, प्राचीनतम ग्रन्थहरू, नक्सा, सन्धि, सम्झौताका दस्तावेजहरू संरक्षण र सुरक्षा प्रदान गरेर सबैको पहुँच पुग्ने गरी तयार पारिएको पुस्तकालयलाई सार्वजनिक पुस्तकालय भनिन्छ । नेपालमा राष्ट्रिय पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको पुस्तकालयजस्ता महत्त्वपूर्ण पुस्तकालय यसका उदाहरण हुन् । पुस्तक र पुस्तकसँग सम्बन्धित विश्वको ठूलो पुस्तकालय 'लाइब्रेरी अफ काङ्ग्रेस अमेरिका' हो ।

मान्छेलाई सामाजिक प्राणी बनाउन पुस्तकले नै सिकायो । समाजमै मान्छेले ज्ञानको प्रयोग गऱ्यो । समाजबाटै सही र गलत छुट्याउन सिपालु भयो । सामूहिकतामा रमाउँदा रमाउँदै मान्छेले बाँच्नलाई अन्न र रोगलाई औषधि पत्ता लगायो । जीवनलाई सधैँ आलोकित बनाउन मान्छेले उपाय खोज्यो । बुद्धि लगायो । सगरमाथा पुगेर चिच्यायो । समुद्रमा डुबुल्की मारेर नियाल्यो । अन्तरिक्षको चक्कर लगायो । भूगोलमा भाग्दा भाग्दै मान्छेलाई कता ठेस लाग्यो बुढी औँलो रगतपच्छे भएपछि मान्छेको चेतनाको दैलो खुल्यो । ज्ञानविना जीवन निरर्थक रहेको कुरा बुझेर मान्छेले शिक्षालय, पुस्तकालयको स्थापना गऱ्यो । फुर्सद बेफुर्सदमा पुस्तकालयमा घोरियो । जब मानव भएर जन्मनुको अर्थ मान्छेले बुझ्यो, त्यसपछि आफ्ना पुस्ताको लागि केही गर्ने प्रतिज्ञा गरी समाजको विकास शिक्षासँग नजोडी नहुने बुझेर भटाभट पुस्तकालय खोल्न थाल्यो ।

सार्वजनिक पुस्तकालयभित्र विश्वको भूगोल अटाउँछ । कला, संस्कृति, भाषा, धर्म, वातावरण, अटाउँछ । सूर्यको किरणले धराधामलाई उज्यालो बनाएझैँ पुस्तकालयले मानव मनका कुण्ठा, द्वेष, अराजकता, अस्थिरता पखाली सभ्य र संस्कारी बनाउन मद्दत गर्छ । मान्छेले आफू आनन्दित बन्न शीलालेख खोप्यो, ताम्रपत्र लेख्यो, मूर्ति र काष्ठ कलामा रमायो । हस्त लिखित वस्तुको उपयोग गर्दागर्दै मान्छेले कागजको आविष्कार गरेर कागजमा लेख्यो । छपायो, पढ्यो, पढायो । सर्वमान्य, सर्वगुणी बन्ने

भूतले मान्छेलाई पुस्तकालय स्थापना गर्ने प्रेरणा जगायो । विश्वमा आमूल परिवर्तन भएर विकसित भएका राष्ट्रको अनुसरण गर्दा गर्दै अविकसित र अल्पविकसित भएर मुन्टो घोसे पार्नुभन्दा शिक्षामा जोड दिई शिर ठाडो पार्न पुस्तकालय स्थापनाको होड चल्यो । आधुनिक नेपालको शैक्षिक इतिहास वि.सं. १९१० बाट प्रारम्भ भएपछि पुस्तकालयको चर्चा, परिचर्चा र बहसले आज धेरै पुस्तकालयको स्थापना भएको छ । पढ्ने, पढाउने, सिक्ने, सिकाउने, अन्वेषक, अनुसन्धानकर्ता सबैको मस्तिष्कमा ज्ञानको दियो सल्काउन पुस्तकालय स्थापना आवश्यक रहेको छ ।

नेपाल सरकारले सबै शैक्षिक संस्थामा एउटा पुस्तकालय अनिवार्य गरे पनि यो सहरी र सुविधा भएका स्थानबाट पर पुग्न सकेको देखिँदैन । सहरी क्षेत्रमा घरघरमा भएका पुस्तकलाई ग्रामीण क्षेत्रमा पुऱ्याएर समान अध्ययन गर्ने वातावरण सिर्जना गर्न सके पुस्तकालय स्थापनाको सपना पूरा हुने थियो कि !

# विकासको पहिरो



**घनबहादुर थापा**

आमसभामा भाषण सुनेर फर्किएपछि बद्रीले भन्यो, 'आहा बुढी, अब हाम्रो गाउँले पनि काँचुली फेर्ने भयो नि ।'

शशीले उत्सुक हुँदै प्रश्न गरी, 'हो र, के त्यस्तो सूत्र थाहा पायौ र बुढा आज ?'

बद्रीले उत्साहित हुँदै भन्यो, 'अस्ति चुनाव जितेका नेताले आज कस्तो राम्रो भाषण गरे । अब उनले गाउँमा विकासको बाढी पहिरो नै ल्याइदिने रे ! उन्नतिको मूल फुटाइदिने रे !'

हुन पनि कुरो सत्य ठहरियो । भोलिपल्टदेखि मोटरबाटो बनाउन गाउँमा डोजर चल्यो । बद्री र अरू गाउँलेको खेतबारी र पाखो हुँदै सडक माथिल्लो गाउँ उक्लियो । सबैजना खुसी भए ।

घाम लागेपछि कच्ची सडक धुलाम्मे हुन थाल्यो । वर्षा सुरू भएपछि धुलो त उड्न छोड्यो । तर अविरल वर्षाको कारण डोजरले खनेको सडकमा पहिरो जान थाल्यो ।

एकदिन राति बद्री मस्त निद्रामा थियो । ठूलो बेगले ड्याङ्डुङ् आवाज आएपछि ऊ एक्कासि ब्युँझियो । दैलो उघार्दै बाहिर निस्कँदा सडकमाथिबाट ठूलो पहिरो खसेको देख्दा उसलाई सपनाझैँ लाग्यो । घर नै बगाउन खोजेपछि ज्यान जोगाउन गुहार माग्दै छोराछोरी, श्रीमती डोऱ्याउँदै गाउँ पस्यो । गाउँमा पनि सडक वरिपरिका घर र जमिन सबैको अवस्था उस्तै थियो । दुःख खर्च गरी खनेको सडकको नामनिसान मेटियो । खेतबारी, अन्नबाली सबै माटोमा विलीन भएको हेर्न सकेनन् गाउँलेहरूले ।

सरर मोटर गुड्दै आएको आवाज सुन्न आतुर कानमा पहिरो खसेको आवाज

गुन्जिन थाल्यो । बस्तीमा विकास फैलिन्छ भनेको पहिरो पो फैलियो । खनेको सडक वरिपरि बसोबास गर्नेहरूको जीवनभर नमेटिने सङ्कटको अवस्था सिर्जना भयो ।

डोजरले जबर्जस्ती खनेको सडक माथिबाट फुत्तफुत्त झरेको पहिरो हेर्दै शशी टोलाइरही । आँखामा आँसु टिलपिलाए । पछ्यौरीले आँसु पुछ्दै शशीले प्रश्न गरी, 'ए बुढा, विकासको पहिरो भनेको यस्तै हुन्छ हो ?'



# चार मुक्तक

**दावा तामाङ**

१.
चौतारीमा मायालुलाई पर्खिरहनु पर्दा
नआउला कि माया भनी तर्सिरहनु पर्दा
दिन पनि लामो लाग्छ, रात पनि लामो
आँसु पनि सुक्छ होला बर्सिरहनु पर्दा ।

२.
आकाशका तारा सबै गन्न सकिदैन
मनका कुरा सबै सबै भन्न सकिदैन
मायालुको मनमा कति होला माया
बाहिरी रूप हेरी केही भन्न सकिदैन।

३.
म त ड्राइभर आफैँ हाँक्छु गाडी जिन्दगीको
सुख दुःख आफैँ बोक्छु भारी जिन्दगीको
अरूलाई खुसी बाँड्छु, दुःख आफैँ राख्छु
हिउँद बर्खा आफैँ भोग्छु झरी जिन्दगीको।

४.
मन्दिरभित्र देवता खोजेँ दर्शन पाइएन
भीडभित्र मान्छे खोजेँ सज्जन पाइएन
सदाचारी मान्छे भए, सबै देवता हुन्थे
स्वार्थ त्यागी कर्म गर्ने चलन पाइएन ।

सूर्योदय- ३, इलाम, हाल, काठमाडौँ

# नेपाली मकामना र फिलिपिन्सकी मनाओग देवी



**डा. रामहरि पौडेल**

हरेक देश हरेक समाजका आ-आफ्नै धार्मिक सांस्कृतिक मूल्य र मान्यताहरू रहेका हुन्छन् । आफ्नो धर्म, आफ्नो संस्कृति, आफ्नो चाडबाड र आफ्ना इष्ट देवदेवीलाई मान्ने, पुज्ने चलन पनि आ-आफ्नै पाइए पनि तिनमा मुलभूत समानता पनि सन्निहित भएको हुँदो रहेछ । धार्मिक हिसाबले चाहे कोही हिन्दू होस् या मुस्लिम, चाहे कोही क्रिस्चियन होस् या बुद्धिस्ट । जे भए पनि धर्मको मूल सार एउटै छ । फरक प्रक्रियामा होला मन्दिर र मस्जिदको, चर्च र गुम्बाको । पूजा र भक्तिका तौरतरिकाहरूमा देखिने विविधता गौण विषय हुन् इश्वरीय आस्था र विश्वासका सामु । ईश्वर एउटै छ, सन्देश एउटै छ । फरक भूगोलको, फरक भाषा र संस्कृतिको फरक मात्र बोलाउने नाम र विचारको ।

दुःखको कुरा नेपालमा हामीले आफ्नो धर्म रीतिरिवाज संस्कृति र चालचलनलाई धावा बोल्ने नटवरलालहरूलाई ठूला क्रान्तिकारी नेता ठानिरह्यौँ दशकौंदेखि । सनातन हिन्दू धर्म र त्यसको हजारौं वर्ष पुरानो विरासतलाई हामीले नबुझेर खेदिरह्यौं ।

त्यस दिन १९ डिसेम्बर १९९९ को दिन थियो । शताब्दी परिवर्तनको सङ्घारमा क्रिश्चियनहरूको महान पर्व क्रिसमस सङ्घारमा मुस्कुराइरहेको थियो । शुभकामनाका थालीभरि स्वागतका सगुनहरू बोकेर । अर्कातिर तीतामीठा, राम्रा नराम्रा सबै खाले अनुभव र अनुभूतिलाई स्मृतिको गर्भगृहमा छाडेर बिदाइको सङ्घारमा अलबिदाका हातहरू हल्लाउँदै थियो सन् १९९९ ले । प्रकृतिको मनोरम मादकता वातावरण भरि छरिएझैं प्रतीत हुन्थ्यो पूर्वी एसियाको सुन्दर राष्ट्र फिलिपिन्स भरि नै । हामीहरू सानकार्लोस सिटीको एकान्त कुनामा रहेको सान प्यात्रो स्ट्रिटको एउटा पारिवारिक घरमा थियौँ । विगत केही दिनदेखि नै सहरमा क्रिस्मसको धुमधाम देखिन्छ । झिलिमिली बत्तीहरूले सजाइएका सुन्दर क्रिस्मस ट्रीहरू । बन्द छन् विद्यालय र विश्वविद्यालयहरू, क्रिस्मस नयाँ बर्षसम्मका लागि । हामीहरूकोमा दशैं तिहारसम्म बिदा भएझैं ।



अघिल्लो बेलुकै हामी दुई भाइ आमन्त्रित थियौँ तीर्थाटनका लागि । फिलिपिन्सको राजधानी मनिलाबाट २०५ कि.मि. उत्तर पश्चिममा अवस्थित प्रसिद्ध मनाओग देवी (Lady of Manaoag) को दर्शनार्थ । बिहानीको चीसो प्रभाती हार्दिकतासँगै हामीहरू एकत्रित भयौँ । घरबेटी लारीको आफ्नै जिप्निमा खचाखच थिए फिलिपिनो आफन्तहरू । ७२ वर्षे हजुरआमादेखि २.५ वर्षे पनातिनी लिसेदसम्मका ठूलै डफ्फा हाजिर थियो । खानपिनका लागि रासनपानीको जोहो अघिल्लै दिनदेखि चल्दै थियो धुमधामसँग । फिलिपिनोहरूको त्यो पारिवारिक भिडमा हामी दुई भाइ विदेशीहरू हजारौं माइलको भौगोलिक दूरतामा पनि रमाइरहेकै थियौं । उनीहरूको उत्कट खुसी र उमङ्गले हामीलाई ऊर्जा थपेको थियो । मेरो नजिकै रोजी थिई र विष्णु दाइसँग रिया । हामीहरूलाई गाइड गर्दै थिए बाटाभरि ती दुई दिदी बहिनीहरू । तिनीहरू कम्प्युटर साइन्सका विद्यार्थी थिए । देवी मनाओगप्रतिको फिलिपिनो विश्वासलाई प्रस्ट्याउँदै रियाले बताई –

'दियर ह्याभबिन मेनी साइटसिङ्स बट टू द फिलिपिनो फेथफूल – नोथिंग केन पोसिब्ली कम्पेयर टू आओर लेडी अफ मनाओग ।' (धेरै नै दर्शनीय राम्रा घुम्ने ठाउँहरू भए पनि फिलिपिनो विश्वास अनुसार सायद देवी मनाओगसँग तुलना योग्य केही पनि छैन) ।

हामीकहाँ मनकामना देवीको मन्दिरमा गएर पूजा गर्ने सबैको मनोकामना पूरा हुने विश्वास लिएझैं फिलिपिन्समा पनि मनाओग देवीको पवित्र चर्चमा पुग्ने सबैको मनोरथ पूरा हुने विश्वास लिइँदो रहेछ । सत्रौं शताव्दीबाट सुरू भएको मनाओग देवीको कथा प्रसङ्गका सम्बन्धमा फिलिपिनो समाजमा अनेक थरीका आश्चर्य

जादुगरी विश्वासहरू बताइने गरिन्छ । मनाओग देवीको दर्शन र त्यहाँको पवित्र पानीलाई घरघरमा लगिँदो रहेछ 'मेडिकेटेड वाटर' भन्दै ग्यालन भरि उठाएर । हामीले पनि पियौं त्यो पवित्र पानी भावपूर्ण श्रद्धाले अन्जुली भरि भरि । हजारौं मान्छेले खचाखच भरिएको मनाओग क्षेत्र हरियाली रमणीय वृक्ष र लतिकाहरूले सजिएको सुन्दर तपोवन नै प्रतीत हुन्थ्यो । विशाल चर्चको बीचबाट फादर (गुरू) ले आधा तगालोग र आधा अङ्ग्रेजीमा बाइबलको सन्देश सुनाइरहेको सुनिन्थ्यो माइकमा - 'ओहो ! गड ‼ आइ एम अलोएज विथ यु फर एभर एण्ड एभर !' (प्रभु ! म सधैं हजुरकै भक्तिमा हुने छु सधैं सधैं !)




हामीकहाँ मन्दिरमा धूप, दीप प्रज्ज्वलित गरिएझैं त्यहाँ पनि चर्चहरूमा मैनबत्ती बाल्दा रहेछन् । हामीले पनि क्यान्डिल किन्यौँ र जलायौं रोजी र रियाले गरेझैं आफ्नो मनोकामना पूरा होस् भनेर । तलपट्टि डोनेसन बक्स रहेछ र त्यहाँ सबैले आफ्ना मनोकामनाहरू लेडी अफ मनाओगको नाममा लेखेर यथाशक्य दक्षिणासहित खसाल्नु पर्ने रहेछ । सबैले त्यसै गरे अरूहरूले गरेजस्तै । हामी दुई भाइ वरै बसेर त्यो मानवीय विश्वास र सद्भावलाई हेरिरह्यौं एकाग्र भएर ।

रोजीले कराउदै भनी- 'रामू यु डन्ट लाइक टू विस एनिथिङ ? मैले प्रतिउत्तरमा रमाइलो जवाफ दिएँ - 'मेरा लागि एउटी राम्री गर्लफ्रेन्ड विस गर्दे !" स्विकारोक्तिमा मुस्कुराई रोजी ओ रियल्ली ! के म राम्री छैन र ?

फिलिपिनो परिवारको संयुक्त परिवारमा देखिएको त्यो लोभलाग्दो पारिवारिक एकता आपसी प्रेम र सामिप्यता हाम्रा लागि समेत एउटा नमूना पाठ झैं लागिरह्यो । एउटै यात्रामा कति उत्साहले जुटेका छन् एउटै परिवारका दाजुभाइ, दिदी बहिनी, बुहारी भान्जा, भान्जी, ज्वाइँ, फुपू फुपाजु सबै समेटिएका छन् । हाँसिरहेका छन्, रमाइलो गरिरहेका छन्, पिइरहेका छन् । कुनै प्रकारको विभेद र आडम्बर देखिँदैन त्यहाँ । यसरी दिनभरि रमाइलो आध्यात्मिक मनाओग देवीको दर्शनले पुलकित हुँदै त्यही रमाइलो क्षेत्रमा मीठो खानपिन सकेर हामी फर्कियौँ त्यस दिन ।

**सम्प्रतिः संयुक्त अधिराज्य बेलायत**



# यतिखेर हडतालमा छन् मेरा हरफहरू

मणिराज सिंह

झिँगटीका छाना भएका घरका आँखीझ्यालबाट चियाउँदै
उत्साह, उमङ्गसाथ जिउँदा रहरहरू बोकेर
तीता, मीठा अनुभवका भऱ्याङ्ग ओर्लंदै
आफ्नो बाटो आफैँ खन्दै, खोस्रदै र भत्काउँदै
तिम्रो चञ्चलताको सुगन्ध वरिपरि रूमलिरहेका
मेरा पागलपनका विक्षिप्त दस्ताबेजहरूसितै
यतिखेर हडतालमा छन् मेरा हरफहरू ।

सपनाहरू रन्थनिएर छातीभरि
चारकोसे झाडीको अन्धकार छिचोल्दै
जिन्दगीका पानाहरू एकएक गरी पल्टाउँदै
तिम्रा मुस्कानमा अलमलिरहँदा
शून्य छायामा गिजोलिएको मेरो परिवेश
कच्ची सडकमा खल्ट्याङखुल्टुङ गर्दै दगुरिरहेको गाडीमा बसेर पनि
आश्वासनको एक चोइटा पनि जाँगर नथपिंदा
निस्फिक्री हुँइकिरहेका मेरा उडानहरू ठप्प छन्
यतिखेर हडतालमा छन् मेरा हरफहरू ।

तिम्रो पछ्यौरीको पत्रहरूमा जमेको थोपाथोपा कुइरो
तिम्रो रहस्यमय मौनतामा अल्झिएको आवेग
वातावरणीय दुर्गन्धका सिकार भएका छन्
हत्केलामा ढकमक्क फुलेका मञ्जरीहरू
टिलपिल टिलपिल फुस्किरहेको मधुरो उज्यालोमा
पर्खाइका सुखद क्षणहरू सुसेल्दै
पछ्याउँदा पछ्याउँदै पनि समयका डोबहरू
यतिखेर हडतालमा छन् मेरा हरफहरू ।

# लाल अभियान चलाउनेलाई प्रश्न



तेजविलास अधिकारी

## पृष्ठभूमि

अभियान सामूहिकताको नमुना हो । अभियानले परिवर्तनमा सहयोग पुऱ्याउँछ । अभियान विशेष क्षेत्र र समयमा निर्धारित र केन्द्रित हुन्छ । अभियानका विषय समाजलाई जगाई राख्ने र जनतालाई ऊर्जा दिई राख्ने खालको हुनुपर्छ । २०५० को दशकमा विकसित भएको नेपालको राजनीतिक यात्रा अभियानहरूको समवेत स्वर हो । यस्तै सामूहिक अभियानलाई 'लाल अभियान'को नाम दिएर कवि लेखक आफ्नो संलग्नता, सक्रियता र विचारप्रतिको गहिरो आस्थालाई जगाइरहेका छन्; जोगाइरहेका छन् ।

'लाल अभियान' कवितासङ्ग्रह २०६८ सालमा प्रकाशित कृति हो । यस कृतिका लेखक रामचन्द्र श्रेष्ठ हुन् । पिता गोपाल श्रेष्ठ र माता सीता श्रेष्ठको कोखबाट २०४५ साल वैशाख मसान्तमा उनको जन्म भयो । सानै उमेरदेखि लेखन, पठन र विचारको आन्दोलनसँग सम्पर्कमा आएका रामचन्द्र विचारका कवि बन्ने दौडमा छन् । २०६३ सालमा 'नौलो बिहानीका किरणहरूलाई' बालकविता सङ्ग्रह प्रकाशित गरेर साहित्यको काव्य विधामा समर्पित देखिएका रामचन्द्र आफ्नै यात्राको सापेक्षतामा विचार प्रस्तुत गर्ने कविका रूपमा चिनिन्छन् । मानविकीमा स्नातकोत्तर र कानुनमा स्नातक रामचन्द्र राजनीति विचारसँग मात्र नभई कानुनी बहस पैरवीमा उत्रिएका छन् । आफू बालक हुँदै सुरू भएको जनयुद्ध र यसको असरले राम्ररी छोएको सिन्धुली जिल्लामा जन्मिएका कारण पनि उनमा राज्य सत्ताप्रतिको आक्रोश तीब्र छ । उनी प्रत्येक नेपालीले भोगेका पीडा निराकरणको पक्षमा लड्दा योद्धाहरूले बेहोर्नु परेको पीडाबाट परिचित रहेका छन् ।

नेपाली धर्तीमा चलेको महान् जनयुद्धदेखि वर्तमान सङ्क्रमणकालसम्मका घटना, परिघटना, हजारौँ सहिदहरूको बलिदान नेपाली जनताले भोग्नु परेको तमाम दुःख पीडाले जनसमुदायको अग्रगामी परिर्वनको चाहना र क्रान्तिप्रतिको विश्वासले घच्घच्याएर सिर्जना फुरेको देखिन्छ । 'लाल अभियान' कवितासङ्ग्रहको छोटो टिप्पणी गर्ने क्रममा जनसांस्कृतिक धरोहर खुसीराम पाख्रिनले राखेको धारणाबाट यस कवितासङ्ग्रहको विविध पक्षलाई खोज्ने र खोतल्ने काम गर्दा न्यायोचित हुन्छ भन्ने देखिन्छ । कवि प्रतिभाको उमेर २३ मात्र हुँदा पनि यस्तो सोच्ने र लेख्ने कार्यले यो कवि कलाको यात्रामा विचारको यात्रा मिसिएको कवितासङ्ग्रह पनि हो भन्न सकिन्छ । अध्ययनका आधारमा विश्लेषण गर्दा भूमिकाकारहरू र अभिभावकहरूले उठाएको प्रश्नको उत्तर पनि त दिनु पर्ला । जे होस् विचार निर्माणको यात्रामा कवि रामचन्द्रले ल्याएको यो लाल अभियानले समाजको विकृतिलाई हटाउन र श्रमिकको चेत बढाउन मद्दत पुर्‍याउला भन्ने आशा गर्न सकिन्छ ।

'लाल अभियान' कवितासङ्ग्रहभित्र जम्मा ३३ ओटा कविताहरू रहेको छ । कविले गद्य शैलीमा नै कविता प्रस्तुत गर्ने जमर्को गरेका छन् । कवितासङ्ग्रहको शीर्षकले कविताहरू कस्ता कस्ता होलान् ? कतातर्फ सङ्केत गरेका होलान् ? जस्ता विषयवस्तुलाई आधार मानेर प्रश्न गर्ने र उत्तर खोज्ने काम पाठकहरूबाट भएको हुनुपर्छ । कल्पना र कल्पनालाई पर्यायको यात्रामा खोतल्दा जे लेखिन्छ त्यही कविता हो । यसको शृङ्खलामा कवि आफ्ना अनेकानेक भावलाई मिसाउँछन् । 'लाल अभियान'का साथ रामचन्द्र श्रेष्ठ पनि यही गतिबाट कवितामा दौडिएका छन् ।

## कविताहरूको रसास्वादन

कवितासङ्ग्रहभित्रका प्रत्येक कविताले पाठकको मनमा नवीन खालको तरङ्ग पैदा गरिदिन्छ । कवि आफूले सोचेका विषयलाई कलात्मक बनाउने प्रयास गर्दै नेपाली समाजको परिवर्तन गर्न सकिने कुरामा दृढ रहेका छन् ।

खबरदार !<br>
सहिदको रगत खेर जालान्<br>
आँखा चिम्लेका राक्षसहरूले<br>
ज्युदै सपुतका काँचै रगत खालान्<br>
त्यसैमा हाम्रो खबरदारी छ । *(पृ. ६६, के गर्दै हुनुहुन्छ ।)*

समाजमा अन्याय अत्याचारमा परेका मानिसहरूको वर्गले न्यायपूर्ण आन्दोलनको लडाइँ लडिरहेको हुन्छ । आन्दोलित वर्ग समानता र समन्यायको निम्ति आन्दोलित हुन्छ । प्रत्येक परिवर्तनपश्चात् देखा पर्ने नव सामन्ती नेतृत्ववर्ग दलाल र भ्रष्टहरूलाई काखी च्यापेर जनताको मर्ममाथि प्रहार गर्न पुग्दछन् । त्यस्तो अवस्थामा जनमतको प्रतिनिधित्व न त राज्य सत्ताले गर्न सक्छ न त जनता चुप लागिरहन्छन् । श्रमिक वर्गको हित चिताउनेहरू जनताको मागलाई सदा आन्दोलनमा जोडिरहन्छन् । भौतिक र बौद्धिक आन्दोलनलाई शक्तिशाली बनाउँदै वर्गीय मुक्तिको चाहनातर्फ अभिमुख हुन्छन् ।

तिमी नआइकन
यी नाङ्गा आङहरू ढाकिने छैनन्
भोका पेटहरू भरिने छैनन्
स्वतन्त्रताको त कुरै छाडौँ
धब्बावाला कानुनले
गरिब बस्तीका झुपडीहरू
तड्पीतड्पी मर्छन् अरे । *(पृ. ६२, साँच्चिकै गणतन्त्र आऊ)*

आखिर समस्या यहीँनेर त छ । जनतामाथि के र कस्तो खालको शोषण भइरहेको छ ? त्यो हामी प्रत्येकले बुझ्न नसक्दा दलाल पुँजीवाद भान्सा भान्सामा पुगेको छ । केवल नारामा सीमित हाम्रो गणतन्त्र गणतन्त्रको विद्रूप रूप बनिरहेको देखिन्छ । एकातिर २०औँ वर्ष सत्तामा रहेर आसेपासेलाई समेत राष्ट्रिय ढुकुटीले सम्पन्न बनाउने नेता छ त अर्कोतर्फ गरिबीको पराकाष्ठा एक छाक भातमा भोट साँटेर कानुनी अधिकार पूरा भएको ठान्ने वर्ग अझै मदहोस रहेको छ । स्वास्थ्य र शिक्षाका निम्ति गरिएका विविध चर्को भाषण माफियाका लागि उपयोगी छिद्र भएका छन् । आज न त जनसंस्कृतिको परिभाषा नवीन ढङ्गले खोज्न सकिएको छ न त शोषणको जालो च्यात्न जनता सक्षम बनेको छ ।

गाउँबस्तीमा बमगोला वर्षाउने कोसिस गर
सोझा सिधा जनतालाई तर्साउने कोसिस गर
हुकुमता लादे पनि बर्बरताले मिचे पनि
हामी पनि कहाँ झुक्छौँ र ! रगतले देश सिन्चे पनि
हामी हार्दैनौँ
मार्छौ भने मर्न तयार छौँ ।
तर यो अविरल क्रान्ति कहिल्यै मर्दैन । *(पृ. ४८, हामी हार्दैनौँ ।)*

यो जनयुद्धकालीन अभिव्यक्ति हो । २०६२/०६३ सालपछि पनि जनताले शासकहरूलाई पटक पटक विरोध र विद्रोहको अपमान नगर्न सुझाइरहेका छन् । लाखौँ योद्धाहरू व्यवस्था फेर्ने नाममा अवस्था नसुधार्ने र पुरानै हिसाबले तर मार्ने रणनीतिमा रहेका ठेकेदारहरूलाई ठाडै चुनौती दिइरहेका छन् । कवि मसिनो ढङ्गले प्रत्येक सचेत र राज्यले दमनमा पारेको वर्ग उठ्नुपर्ने त्यसका लागि अझ घनीभूत रूपमा सङ्गठित हुनुपर्ने विषयमा स्पष्ट छन् । जनताले आफू कसरी ठगिएको छु भन्ने ज्ञान अझै आर्जन गर्न नसकेको स्थितिमा जनताको चेतनाको स्तर उठाउन र साँच्चै निम्न वर्गको व्यक्ति सत्ता र शासनको नेतृत्वमा आउन सक्ने बनाउन बुद्धिजीवीहरूको भूमिका अहम् बन्दै गएकोप्रति कवि सम्झाउन पुग्दछन्;

जनतालाई आज आफैँ पिल्सिएको थाहा छैन
आफू दोषी भएको थाहा छैन
आफू शोषित भएको थाहा छैन
त्यसैले यी सबैलाई बुझाउनु छ
समाजवादको लक्ष्य लिएर । *(पृ. ७२, उठ अनि उठाऊ)*

साँच्चै प्रतिक्रान्तिकारीहरूले गरेका दमन, अन्याय, अत्याचारको खुलेर विरोध गर्न नसक्दा हामी आफू स्वयम् दोषी बनेका छौँ । मौकामा सङ्गठित नहुने र अर्काको मुख ताक्ने बानीले हाम्रो आन्दोलनलाई ठुलो क्षति भएको छ । समाज परिवर्तनका आफूमात्र उठेर पुग्दैन पूरै समाजलाई सांस्कृतिक हिसाबले नउठाइकन हुँदैन । समाजलाई चेतनशील बनाउन चेतनाको नौलो राँको लिएर हिँड्ने मानिस नै होसियारीपूर्वक अगाडि बढ्नु जरूरी रहेको छ । हाम्रो जीवन केवल आफू एक्लै र बेग्लै बाँच्न मात्र होइन । हामीले समवेत संस्कृतिको अनुपम नमुना देखाउन सक्नु पर्दछ भन्ने यस कवितांशको आशय झल्किएको छ ।

तिनका जङ्गली बर्बरताले
होनाहार सपुत कृष्णसेन इच्छुकले जेलमा नै आर्यघाट बनाएर
चुनु गुरूङले हाँस्दाहाँस्दै मृत्युवरण गरे
च्याङ्वा लामा र मस्त विष्टको एउटै चिहान भयो
यस्तै यस्तै धेरै भयो
अब त झन्

यिनका सपना पूरा गर्ने अभिभारा थपिएको छ
त्यसैले हे जनताका कलाकार
तिमीहरू कत्ति पनि बिचलित नहुनू
तिमी गाइराख जनताका गीत *(पृ. २५, कदापि नडग जनकलाकार)*

कविले कवितामा उद्घोष गरेझैँ आजको दिनमा जनकलाकारको महत्त्व झन् बढेको छ । आज देशलाई जगाउनेहरूको कमी महसुस भएको छ । जनताको जीवनस्तर उकास्न जनताको चेतनास्तर उठाउनु छ । जनतालाई श्रमको सौन्दर्य र श्रमको शोषण दुवै पक्षमा सचेत बनाउनु छ । खास नेताको नाममा फूलमाला गर्ने र कसैप्रति व्यक्तिगत लाञ्छना लगाएर आरोपको खेतीले दलालीको दाल जोड्ने संस्कृतिमा फेरबदल ल्याउनु छ । झन्डै दुई सयको हाराहारीमा हताहत भएका जनकलाकार र जनताको निम्ति लड्दा लड्दै सहिद भएका हजारौँ सहिदको रगतलाई सम्झिएर अझ नयाँ कोणबाट समाजलाई केही दिनु छ भन्ने उद्घोष 'कदापि नडग जनकलाकार' कविताले प्रस्तुत गरेको छ ।

**निष्कर्ष**

कविता सङ्ग्रहभित्रका धेरै कविताहरू विचार र प्रस्तुतिको तालमेलविना अलमलिएका छन् । वर्तमानको जनताको चेतनास्तर उठाउने अभिभारालाई बहन गर्न जनताका साथी भन्ने प्रगतिशील स्रष्टा र योद्धाहरू कमजोर बन्न नहुने भाव अभिव्यक्त भएको छ । विदेशी संस्कृतिको सिको गर्ने र नेपाली जनशैलीको बेवास्ता गर्नेहरू कहिल्यै जनकलाकार र जनसेवक बन्न नसक्ने निष्कर्ष 'लाल अभियान' कविता सङ्गहभित्रका कविताहरूले निकालेको देखिन्छ । ईश्वरचन्द्र ज्ञवालीको गहन भूमिका, खुसीराम पाख्रिनको छोटो टिप्पणी र स्वयम् लेखकको स्वीकारोक्तिले कवितासङ्ग्रहलई एउटा सिर्जनशील दस्तावेज, संशोधनीय चेतनाको पुञ्ज र संस्कार संस्कृतिमा ल्याउनु पर्ने समवेत लहरको उद्घोषण भन्न सकिन्छ । विचारमा रहेको स्पष्टता र सिद्धान्तमा रहेको कठोरताले कविता सङ्ग्रहको शक्ति र सीमालाई पुष्टि गरिदिएको छ ।

*tejkamere@gmail.com*



# मादालाई सम्बोधन

राधिका कल्पित

तिमी
नहडबडाऊ/नतर्स
सक्छ्यौ भने मस्तिष्क मत्थर बनाऊ
निर्धक्कसँग निदाऊ त्यसरी नै जसरी मस्त निदाउँछन्
माउले चाटिरहँदा बिरालाका पाठाहरू
मलाई लिनुदिनु छैन
तिमी र म बीचको को-को छन् या के-के छन्
हो, मलाई पटक्कै सरोकार छैन
तिमी र म के के गर्न हुन्छ
या के के गर्न हुन्न
म त बस् चुम्न चाहन्छु तिम्रा निधारका निलडामहरू
जो बनेका थिए बारबार ठोक्किँदा
कुमारीघरका होचा द्वारजस्ता सोचहरूसँग ।

तिमी ढल्क/आरामसँग ढल्क शेषनागका काखमा लेटेका बूढानीलकण्ठझैँ
म दश-औँलाका काइयोंले कोरेर निकालिदिन चाहन्छु
तिम्रा केशका हाँगा-हाँगामा लिसोझैँ टाँसिएका कहरका लिखाहरू
र लेटाएर मेरा छातीका बादलजस्ता बिछ्यौनामा विश्राम दिन चाहन्छु तिम्रा केशराशीहरूलाई
जसमा चचहुई गर्दै पिङ खेले होमोस्यापिन्स बन्न नसकेका रामापिथेकसका ठिमाहा जातिहरू
आमाले कानमा तेल हालिदिएर काना कुर्रा गरी घाममा सुताएर दुखाइ मेटाइदिएजस्तै
मेटिदिन चाहन्छु यो जुनीमा तिम्रा यी छालाले भोगेका पीडाहरू

तिमी निदाऊ
ढुक्कसँग निदाऊ मेरो काखमा/पिठ्युँमा या काँधमा
जसरी निदाउथ्यौ बाबुको काँधमा या आमाको काखमा
नसम्फ यो जायज हो या होइन
नपर्गेल यो सही हो या होइन
मलाई पटक्कै चासो छैन यी मानव निर्मित संस्कृतिका स्वेजक्यानलहरू
मलाई मतलब छैन मान्छेले मनमनमा बनाएका अश्लील चित्रहरू
म त बस् उत्खनन गरी फ्याँकिदिन चाहन्छु
मेसोपोटामियाको उत्खननमा भेटिएका बालुवाका तहतहजस्तै
तिम्रो मांसपेशीका तहतहमा जमी बसेका यातनाका अस्थिपञ्जरहरू
म मालिस गरीगरी खील निकालिदिन चाहन्छु
दुःखको द्रोणाचल बोकेर हिँड्ने कमिलाका जस्ता मसिना यी पैतालाहरूबाट ।

रून मन छ भने रोऊ
निर्धक्क रोऊ मेरो छातीमा/अँगालोमा
नथुन कोसी र टनकपुरका बाँधका ढोकाहरूजस्तै
छाडिदेऊ आफ्नै वेगमा बग्न न्याल/सिँगान र आँसुका हिमनदीहरू
र बगाउन देऊ तिम्रा देहका तटमा असभ्यताले बिस्ट्याएका बिस्टाहरू त्यसरी नै,
जसरी बगाउँछ बागमती र विष्णुमतीले बर्खामा राजधानीको फोहोरका डङ्गुर
म त बस् सङ्लेको हेर्न चाहन्छु तिमीलाई शान्त तलाउझैँ
रानीपोखरीमा देखिएको घण्टाघर र दरबारस्कुलझैँ छर्लङ्ग
र नार्सिससझैँ लट्ठिन दिनु छ तिमीलाई तिम्रो आफ्नै प्रतिविम्बसँग र
हेर्न लगाउनु छ प्रेमिल नजरले तिमी बाँचेको संसार
र विश्वास दिलाउनु छ - जीवन सुन्दर छ
प्रेम त झन् अझै जीवनभन्दा नि सुन्दर छ ।
तिमीलाई विश्वास दिलाउनु छ
कस्तुरीले खोज्दै भौँतारिइरहेको वासना-उसकै नाभीको हो ।

वाकवाकी भएको छ भने वाक/ओकल
तिम्रा आन्द्रा र मुटु खियाइरहेको एसिड
नसानसामा कोलेस्टेरोल जस्तै जमीबसेको कुण्ठाको तुस

नसम्झ- के जायज/के नाजायज
नसोच- के उचित के अनुचित
रिसले टाउको रिँगाएको छ भने
जोडले चिथोर/कोपर
भुत्ल्याऊ/उखेल मेरा छातीका रौं र निस्कन देऊ
तिमीभित्रका गुम्सिएका लाभाहरू र हलुका होऊ
कालीको रौद्र रूप समन गर्न उत्तानो परेका महादेवझैँ
लमतन्न उत्तानो परेको छु- कुद मेरो छातीमा
र फर्क शान्त मुद्रामा
महाभिनिष्क्रमण पश्चात्को बुद्धझैँ ।

किन यसरी कामिरहेकी छ्यौ तिमी
किन यतिबिघ्न डराइरहेकी छ्यौ तिमी?
तिमीलाई तिम्रै छायाले तर्साइरहेको हो भने
बदल तिम्रो भेष र भाषा
समाज त ऐना न हो
तिमी जस्ती बन्छ्यौ उस्तै हेर्न चाहन्छ ।
सक्दो हुँ त मैले
सर्पको काँचुलीजस्तै सर्लकै तानेर फ्याकिदिन्थेँ
तिम्रो यो बाहिरी आवरण
नहुँदो हो त कलियुग
परासरले मत्स्यगन्धालाई जस्तै
गराइदिन्थेँ सुरक्षित अवतरण ।

अपहरणमा परेर छुटाएर ल्याएकी बालिका जस्तै
नहेर मलाई भयभित नजरले
नतर्स मसँग
बरू खोलिदेऊ यी पाउजुहरू
जसले आवाज दिन्छ मालिकलाइ बँधुवाको
खोलिदेऊ यी कङ्गनहरू या चुराहरू ।

जो देखिन्छन् खच्चरको घाँटीमा झुन्ड्याइएको घण्टजस्तै
खोलिदेऊ यी कानका झुम्काहरू
नाकका फुली र गलाका पोतेहरू
जसले कहिल्यै गाउन चाहेनन् तिम्रो आफ्नै गीत
फाल यो बर्को जसले वञ्चित गरे हेर्न आफ्नै क्षितिज
खोल यो दशहाते फरिया
जसको फेरोले दिइरहन्छ कफनको झल्को
खुकुलो बनाऊ यो पेटीकोटको इँजार
जसले बनाइरहेछ कोमल कम्मरमा निलडामहरू
अझ तिमीलाई विश्वास भएन भने आफैंसँग
एकछिन मेरो भूमिकामा आऊ
एकछिन बिर्स - तिमी थियौ खराउ, म थिएँ पाउ
एकछिन बिर्स - तिमी थियौ अचानो, म थिएँ दाउ
एकछिन सम्झ - तिमी पहिलो मादा अनि म पहिलो नर
एकछिन मान - जन्मिसकेको छैन अझै संस्कृति, समाज ।



# खप्तड यात्रा अनुभव र अनुभूति

नारायणप्रसाद आचार्य

सायद कुनै पनि कुरा मानवले इच्छा गर्दैमा मात्र प्राप्त हुने रहेनछ । इच्छाको अलावा परमात्माको कृपा पनि हुनुपर्ने रहेछ । अझ कहिलेकाहीँ त कल्पनासम्म नगरेका कुराहरू पनि प्राप्ति हुँदो रहेछ यदि परमात्माको कृपा दृष्टि भयो भने ।

आजभन्दा करिब १७/१८ वर्ष पहिले २०६२/०६३ सालतिर जागिरे जीवनको सुरूवातको समयमा सोह्रखुट्टे नयाँ बजारको एउटा घरमा भाडामा बस्थ्यौं हामी दाजुभाइ (दाजु शिव आचार्य र म) त्यतिबेला दाजुले दुईवटा किताब किनेर ल्याउनुभएको थियो । एउटा महात्मा गान्धीको जीवनी (Auto Biography) र अर्को खप्तड स्वामीको विचार विज्ञान । गान्धीको जीवनी अङ्ग्रेजीमा भएकाले अलिअलि पल्टाइयो मात्र खासै पढिएन तर खप्तड स्वामीको विचार विज्ञान भने पढेको थिएँ । त्यतिबेलासम्म साधुसन्त महात्माहरूको जीवनी, उहाँहरूबाट रचना भएका ग्रन्थ र आध्यात्मिक चिन्तनका बारेमा खासै जानकारी थिएन । ब्राम्हण परिवारमा जन्मेको म थाहा पाउने उमेरदेखि हजुरबुबाले गर्नुहुने पूजापाठका बारेमा भने राम्रो जानकारी थियो । मन्दिर जानु, पूजापाठ गर्नु, समय समयमा घरमा विशेष पूजापाठ लगाउनुलाई नै धार्मिक कार्य हो भन्ने बुझेको म भगवान्को सगुण साकार रूपका बारेमा मात्र कल्पना गर्दथें । आध्यात्मिकता भनेको केवल त्यही पूजापाठ मात्र हो भन्ने बुझेको मलाई निर्गुण वा परास्वरूपका बारेमा रतिभर पनि जानकारी थिएन ।

समयको अन्तरालसँगै विभिन्न धार्मिक आध्यात्मिक गुरूहरूका अन्तर्वार्ता, जीवनी, चिन्तनका बारेमा जानकारी पाएसँगै त्यसप्रति केही रूचि बढ्दै गयो । खासगरी ओसोका अनुयायी/शिष्य आनन्द अरूणका पुस्तक पढ्ने र अन्तर्वार्ताहरू हेर्ने गरेपछि विभिन्न सन्तहरू (विवेकानन्द, रमण महर्षि शिवपुरीबाबा, रामकृष्ण परमहंस, तोतापुरीबाबा, खप्तडबाबा, राष्ट्रगुरू योगी नरहरि नाथलगायत) का बारेमा केही जानकारी लिने कोसिस भएको र सोहीबमोजिम केही अवसर समेत मिलेको थियो । २०६३/०६४ सालतिर टुँडिखेलमा स्वामी विकासानन्दले मनोक्रान्ति

अभियानअन्तर्गत खुला रूपमा दिने प्रवचन अधिकांश शनिबार सुन्ने गर्दथें त्यसपछिका दिनमा भने यसतर्फ अझ बढी रूचि बढ्दै गयो ।

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को प्रभावपछि सरकारले गरेको लकडाउनका कारण २/४ दिन बिराएर कार्यालय गए हुने छुट मिलेको थियो । त्यही समयमा केही पुस्तकहरू (करिब ८/१० वटा) पढ्ने सौभाग्य मिलेको थियो भने खप्तड स्वामीद्वारा लिखित विचार विज्ञानलाई पुनः पढ्ने इच्छा जाग्यो । बजारमा सहज रूपमा नपाइने रहेछ त्यो पुस्तक लकडाउनको बीचमा खुलेका सीमित पुस्तक पसलहरू बीचमा धेरै पुस्तक पसल चहारेपछि बल्लतल्ल एउटा पसलमा भेटियो । अध्ययन गर्दै जाँदा १७/१८ वर्ष पहिलेका कुरा स्मृतिमा केही बाँकी रहेन छ । केवल विचारको पनि रूप रङ हुन्छ भन्ने कुरा मात्र यादमा रहेछ । बाँकी सबै पहिलो पटक अध्ययन गरेजस्तो बिल्कुल नयाँ लाग्यो । त्यही बीचमा स्वामीजीका बारेमा थप जानकारी लिने इच्छाअनुसार भेटिएजति पुस्तकहरू खोजी गर्ने, अध्ययन गर्ने, युटुब च्यानलहरू हेर्ने कार्य गर्दै थिएँ । स्वामीजीका जीवन चरित्र बुझ्ने, विभिन्न लेखरचना तथा पुस्तकहरू अध्ययन गर्ने गरेपछि मलाई पनि जीवनमा जसरी भए पनि एकपटक खप्तड क्षेत्र पुग्नु पर्दछ भन्ने एउटा उत्कट चाहना जागेर आएको थियो ।

'समयभन्दा पहिले र भागभन्दा धेरै केही पनि मिल्दैन' भने जस्तै सबै कुराको समय आउनु पर्ने रहेछ । समय नआई चाहना गर्दैमा मात्र हुने रहेनछ ।

नेपाली उखान 'पशुपतिको जात्रा सिद्राको व्यापार', 'एक काम दो पन्थ/काज' भनेजस्तै त्यो अवसर जुराइदियो जागिरले । कार्यालयको कामको सिलसिलामा बाजुरा जानुपर्ने भयो । आफ्नो पहिलेदेखिकै इच्छा थियो खप्तडको यात्रा गर्ने । मिति २०७९ वैशाख ६ गते हामीलाई दिइएको कार्य (Task) करिब ११:०० बजे सम्पन्न भयो । त्यसपछि बन्यो हाम्रो खप्तड जाने योजना । हुन त बाजुरा जाँदै गर्दा बाटामै बनेको थियो हाम्रो यसपटक जसरी भए पनि खप्तड पुग्ने भन्ने योजना । तर जिम्मा दिएको काम सम्पन्न गर्न कति दिन लाग्ने हो थाहा थिएन । त्यसैले त्यता जाने दिनसमेत निश्चित गर्न सकिएको थिएन । सो दिन आफ्नो जिम्माको काम सकिएपछि हामी (मित्र दुर्गाबहादुर खत्री र म) खप्तड जाने योजना बनाउछौँ । मङ्गलवार म बाहिर खाना नखाने हुनाले मित्र दुर्गा खत्रीले खाना खाएपछि बाजुरा सदरमुकाम मार्तडीबाट सुरू हुन्छ हाम्रो खप्तड यात्रा । बिहान ११:२० मा गाडीमा सुरु भएको हाम्रो खप्तडतिरको यात्रा दिउँसोको २:३० बजेतिर (करिव ३ घण्टा) बाजुराको लसके भन्ने स्थानमा पुगेपछि अन्त हुन्छ । सदरमुकामबाट यात्रा गर्दा त्यही स्थानमा रहेको होमस्टेमा बास बस्ने र भोलिपल्ट बिहानमात्र खप्तडको यात्रा गर्ने योजनासहित हिँडेका थियौं हामी ।

वैशाखको समय, दिन अलि लामो हुने (करिब ७:३० बजेमात्र सूर्य अस्त हुने) भएकाले झन्डै ५ घण्टा दिन बाँकी नै रहेकाले सुनसान स्थानमा के गरी समय काट्ने भन्ने भयो त्यसैले त्यहीँ होमस्टे सञ्चालन गर्ने दाजुलाई बाटो र बाटोमा लाग्ने समयका बारेमा सोधखोज गर्‍यौं । त्यस स्थानमा अर्को एक जना दाजु पनि हुनुहुन्थ्यो, जसले यात्रुहरूको भारी बोक्ने भरियाको काम गर्नुहुँदो रहेछ । उनीहरूको भनाइमा सदा आवतजावत गर्ने स्थानीयहरू करिव २.५/३ घण्टामा माथि खप्तड पुग्दा रहेछन् । त्यसैले हामीले पनि माथि नै गएर बस्ने योजना बनायौं । किनभने उनीहरूलाई २.५/३ घण्टा लागेको स्थानमा हामी पनि ५ घण्टा अर्थात् ७:३० सम्म कसो नपुगौंला भन्ने लागेको थियो ।

बाजुरा जिल्लाको लसके भन्ने स्थानबाट हाम्रो यात्रा सुरु हुन्छ दिउँसोको २:३० बजे । अघि भेट भएको भरियाको काम गर्ने दाजु पनि हाम्रो पछि पछि आउनु भएको रहेछ; कतै भरियाको काम पाइन्छ कि भन्ने लागेर । करिब २०/२५ मिनेट हामीसँगै हिँडेपछि उहाँ आफ्नो घरतिर लाग्नु हुन्छ । हामी भने माथि खान बस्नको लागि होटलको व्यवस्था छ भन्ने जानकारी पाएपछि बाटोको लागि १/१ बोतल पानी, फलफूल र केही जोर कपडा मात्र बोकेका थियौं । त्यसैले हाम्रो ब्याग हलुका थियो । ब्याग गह्रौं नभएकाले भरिया आवश्यक भएन । त्यसैले उहाँलाई त्यहीँबाट बिदा दिएका थियौं तर पछि थाहा भयो बाटो देखाउने साथीकै लागि भए पनि उहाँलाई लगेको भए हुने रहेछ । जुन बाटोबाट हामी खप्तड यात्रा गर्दै थियौं, त्यो बाटो भएर खासै मानिसहरू आवत जावत गरेजस्तो देखिँदैनथ्यो । किनकि, मानिस हिँडेको भए त बाटो सफा र माझिएको हुने थियो । यात्रा गर्ने क्रममा बाटाका दायाँबायाँका क्षेत्रहरूमा रातो सेतो रङका लालीगुराँस फूलहरू प्रशस्त मात्रामा देख्न पाइन्थ्यो । रङ्गीबिरङ्गी फूल र हरिया जङ्गलले प्रकृतिलाई बडो शोभायमान बनाएको थियो । जुन पायो त्यही वनस्पति चलाउन नहुने र सेतो लालीगुराँस खान नहुने भनेर अघि बाटोमा भेटिएको भरिया दाइले जानकारी दिनु भएको थियो । त्यसैले हामी त्यसप्रति सजग पनि थियौं । सेतो लालीगुराँस प्रत्यक्ष देख्ने अवसर भने मिलेको थिएन, यही भ्रमणले सो अवसर पनि जुराइदियो ।

यात्रालाई निरन्तरता दिने क्रममा उकालो बाटो कतिपय स्थानमा ढुङ्गाको सिँढी भएको र लामो समयदेखि हिँड्ने बानी छुट्दै गएको हुँदा मलाई हिँड्न निकै गाह्रो भएको थियो । हिँड्ने क्रममा श्वास बढेको थियो जसले गर्दा धेरै बोल्न सकिरहेको थिइनँ । सहयात्री दुर्गा भने अघि अघि हिँड्दै क्यासेट प्लेयर बजाएजस्तै अनवरत रूपमा कैले गीत गाउने, कैले आफ्नै सुरमा कराउने र संवाद गर्ने गर्दै हुनुहुन्थ्यो । मलाई भने बिहान खाना नखाएको हुनाले पनि हिँड्न गाह्रो भइरहेको थियो ।

यात्रा सुरू गर्दा लसकेका होमस्टे सञ्चालक दाजुले होमस्टेबाट देखिने डाँडालाई

देखाएर त्यही डाँडा काटेपछि खप्तड पुग्न सकिने बताउनुभएको थियो । तर हामीले यात्रा गर्दा कतै पनि विश्राम नगरी लगातार हिँडिरहँदा समेत सो स्थान आएन बल्ल बल्ल ४/५ घण्टाको यात्रापछि डाँडाको टुप्पामा पुगियो । त्यहाँबाट अलिकति अगाडि लागेपछि एउटा सानो पाटन भेटियो । मनमा आनन्द भयो अब खप्तड पुगियो भनेर । तर सो स्थानबाट धेरै टाढा पो रहेछ हाम्रो गन्तव्य । यात्रा गर्दै जाँदा धेरै पाटनहरू पार गर्दै अगाडि बढियो । जब अँध्यारो बढ्दै गयो तब बाटो पहिल्याउन पनि गाह्रो पर्न थाल्यो । किनकि २/३ तिर जाने बाटोको डोब उस्तै उस्तै देखिँदो रहेछ । हामी दुवैजनाको पहिलो यात्रा भएको हुँदा बाटो भुलिएला कि भन्ने डर पस्न थाल्यो मनमा । यात्राकै क्रममा भेटिएका पाटनहरूलाई पछाडि छाड्दै हाम्रो यात्रा अगाडि बढ्दै जान्छ भने निकै ठूलो एउटा पाटनमा ५/७ वटा घोडाहरू चरिरहेको पनि देखियो । त्यसलाई पनि पछि पार्दै हाम्रो यात्रा निरन्तर अगाडि बढ्दै जान्छ ।

झमक्कै रात परिसकेको थियो । बाटो छेउछाउका चौरका कतिपय स्थानमा बाली लगाउनको लागि खनजोत गरेको जस्तो देखिन्थ्यो । पछि बुझ्दै जाँदा त्यो त बँदेलले खोस्रेर त्यस्तो भएको रहेछ । जङ्गलको बीच जङ्गली जनावरको भय पनि बढ्दै थियो । जङ्गली जनावरलाई मानिस आएको सङ्केत मिलोस् भनेर मित्र दुर्गा खत्री भने अझ ठूलो स्वरमा गीत गाउने र कराउने गर्दै हुनुहुन्थ्यो । जङ्गलको बीच बाटोमा एउटा गाई पसारो परेर लडिरहेको रहेछ । नजिक पुगेर हेर्दा भर्खरमात्र कुनै जङ्गली जनावरको आक्रमणमा परी मरणासन्न अवस्थामा पुगेको रहेछ । गर्दनमा आलो रगत बगिरहेको थियो । घाइते गाईको मुखमा आफ्नो साथमा भएको पानी हालिदिएर हामी हाम्रो यात्राको गतिलाई अझै बढाउछौँ । यात्रा गर्दै गर्दा कहिलेकाहीँ मनमा केही डर डर पनि लागेर आउँछ भने कहिलेकाहीँ भने बाबाले बाघसँग अँगालो मारेको, बाघसँग लडिबुडी खेलेको र बाघको उपचार गरेको प्रसङ्ग मनमा आउँछ र डर भाग्दछ । त्यस्तै कहिलेकाहीँ हाँसो लागेर आउँछ आफ्नै मूर्खता देखेर । घना जङ्गलको यात्रा बाटो समेत नदेखेका हामी दुई जना मात्र पहिलो पटक यसरी यात्रा गर्ने धृष्टता एक प्रकारको मुर्ख्याइँ नै थियो । यसरी कहिलेकाहीँ दुर्गाजीको गीत सुन्दै कहिले उकालो बाटोको यात्रमा उभिएर थकाई मार्दै यात्रालाई निरन्तरता दिँदै जाँदा झमक्कै रात पर्छ । मित्र दुर्गाले होटलको साहुजीलाई फोन गरेर बाटो देखेको मान्छे हामीलाई लिन पठाइ दिन अनुरोध गर्नुभएको थियो । त्यसको आधाघण्टा जतिमा तीन जना भाइहरू त्यहाँ आइपुग्छन् अनि बल्ल हामी ढुक्कसँग अगाडि बढ्छौं । यसरी रातको करिब ९:०० बजेको समयमा खप्तडको लोखडा भन्ने स्थानमा पुगेपछि हामी हाम्रो गन्तव्यमा पुग्छौं र आजको हाम्रो यात्रा गन्तव्य भेटिएसँगै पूर्ण हुन्छ ।

थकाइ र भोकले लखतरान भएकाले व्रतकै दिन भए पनि होटल साहुजीले बनाउनुभएको दालभातलाई भगवान्को प्रसादस्वरूप ग्रहण गरी सुत्नको लागि विश्रामस्थलतिर लागिन्छ । हिँडाइको थकाइले गर्दा राति निदाउन भने सकिनँ । मित्र दुर्गा भने मजासँग निदाउनुभयो ।

खप्तड यात्राको दोस्रो दिन बिहान ४:३० बजे बिछ्यौना छोडेँ । जो मेरो विगतदेखिकै बानी थियो । दुर्गाजीलाई पनि उठ्न भनेर म भने खाना खाने होटलतिर लागें । होटल साहुलाई पानी तताउन लगाएर दुई गिलास तातोपानी पिएपछि बल्ल उज्यालो भयो । करिब ६:०० बजेको आसपासमा होटल साहुसँग खप्तड क्षेत्रमा घुम्नै पर्ने र हेर्न छुटाउन नहुने स्थान र भ्रमणमा लाग्ने समयका बारेमा जानकारी लियौं । खास गरी खप्तडमा ५ वटा मुख्य स्थान रहेछन् घुमफिर गर्नको लागि । बाबाको आश्रम, त्रिवेणी मन्दिर, सहस्रलिङ्ग, नागढुङ्गा र खप्तड दह । यसबाहेक गणेश मन्दिर र केदार ढुङ्गाजस्ता धार्मिकस्थल पनि रहेछन् । हामीले माथिको घुम्नै पर्ने ५ स्थान भने घुम्ने निधो गर्‍यौं । अनि होटल साहुलाई एक जना गाइडको व्यवस्था गरी दिन भन्यौं । यात्रा सहज होस् र घुम्नु पर्ने मुख्य स्थानहरूमा सहजै घुम्न सकियोस् भन्ने चाहना थियो हाम्रो ।

होटल साहुले एक जना विमल रावल भाइलाई हाम्रो गाइडको रूपमा व्यवस्था गरी दिनुभयो । जसले अघिल्लो दिन डोटीबाट घोडामा यात्रु लिएर आएका रहेछन् । हाम्रो खप्तड परिक्रमा बिहानको ६:३० बजे होटलबाट सुरू हुन्छ । सर्वप्रथम हामी बाबाको आश्रममा पुग्छौं । आश्रमका ढोकाहरूमा ताल्चा ठोकिएको रहेछ । बाहिर भने बाबाको भव्य तर सुन्दर मूर्ति राखिएको थियो । बाबाको जुन मूर्ति अहिले नै बोलिहाल्लान् कि जस्तो देखिन्थ्यो । आश्रम पुगेर बाबाको दर्शन गरेपछि हामी त्रिवेणी मन्दिरतिर झर्छौं । मन्दिर झर्ने क्रममा एउटा थुम्कामा काठबाट निर्मित टावर रहेछ । त्यही टावर चढेर केहीबेर त्यहाँबाट देखिने पाटन तथा पहाडका थुम्काहरूको दृष्यपान गरेपछि हाम्रो यात्रा त्रिवेणीतिर लम्कन्छ । वैशाखको समय भए पनि करिव ३१०० मिटरको उचाइमा भएको हुनाले चिसो नै थियो । बाहिरको वातावरण जति नै चिसो भए तापनि मलाई भने त्रिवेणीमा नुहाउनुपर्छ भन्ने इच्छा थियो । दुर्गाजी भने चिसो हुन्छ कि भन्दै थिए । तर त्रिवेणी पुगेपछि हामी दुवैले स्नान गर्‍यौं । त्रिवेणीको चिसो पानीमा स्नान गरी बाहिर निस्कँदा हाम्रो हिजोको हिँडाइको थकाइ सबै मेटिएको अनुभूति भयो ।

खासगरी त्रिवेणीमा तीनवटा नदीको सङ्गम भएको मानिने रहेछ । गङ्गा, जमुना र सरस्वती । हामीले भने त्यहाँ दुईवटा नदीको मात्र दर्शन पायौं । बाँकी एकको बारेमा जिज्ञासा राख्दा गङ्गा जमुना नदी सतही रूपमा बगेको

तर सरस्वती नदी भने गुप्त रूपमा रहेको र त्यही स्थानमा मिसिएको भन्ने जनविश्वास रहेको पाइयो । त्रिवेणीमा रहेका मन्दिरहरूको दर्शन गरेपश्चात् हाम्रो यात्रा सहश्रलिङ्गतिर अगाडि बढ्छ । करिब १ घण्टाको उकालो यात्रापछि हामी सहस्रलिङ्ग पुग्छौं । त्यहाँ भगवान् आशुतोषको दर्शन गरेपछि हामी बास बसेको स्थानतिर फर्कन्छौं । हामी बिहानको करिब १०:३० बजे होटलमा आइपुगेर बिहानको खाना खाएपछि अब बझाङ हुँदै फर्कने निधो गर्दछौं ।

हामीले खप्तड क्षेत्रमा दर्शन गर्नुपर्ने ५ स्थानहरू मध्ये खप्तड दह अघिल्लो दिन बाजुराको बाटो हुँदै खप्तड आउने क्रममा बाटैमा रहेकाले पुगिसकेका थियौं । त्यसैले पुनः दोहोऱ्याएर नजाने निधो गर्दछौं भने बझाङको बाटो भएर फर्कंदा त्यसै बाटोको नजिकमा नागढुङ्गा पर्ने हुनाले नागढुङ्गाको दर्शन त्यही बेलामा गर्ने निधो गरी दिउँसोको करिब १२:१५ मा हामी होटल छाड्छौं । बिहान घुमाउन लैजाने भाइलाई नै नागढुङ्गासम्म गाइडको लागि लिएर हामी बाटो लाग्छौं । बाटोमा 'घोडा दाउन्ने' भन्ने ठूलो पाटनसमेत रहेछ । जहाँ वैशाख जेठ महिनामा बझाङका स्थानीयहरूले गाई भैंसी लगेर छोड्ने गरेका रहेछन् । बाटोमा हाम्रो गाइडको रूपमा गएका भाइलाई जिस्क्याउँदै जिस्कँदै जाँदा करिब १ घण्टाको यात्रापछि हामी नागढुङ्गा पुग्छौं । नागढुङ्गाको दर्शन गरी करिब २:२० बजेको समयमा फर्केर पुनः घोडा दाउन्ने पाटन आइपुगिन्छ जहाँबाट हामी बझाङतिर लाग्छौं भने गाइड भाइ होटलतिरै फर्कन्छ । बझाङ झर्ने बाटो नजिक रहेको सो स्थानमा खप्तड छन्ना गा.पा.को करिब तेह्र लाखको लगानीमा भगवतीको मन्दिर पनि निर्माण हुँदै रहेछ । भौगोलिक विकटता र निर्माण सामग्रीहरू तल दारूगाउँदेखि बोकाएरै लैजानु पर्ने भएकाले मन्दिर सानो बनाइएको थियो ।

करिब दुई दिनको हाम्रो यात्रामा खप्तड क्षेत्रको बारेमा धेरै कुराहरू जान्ने बुझ्ने र अवलोकन गर्ने मौका पाइयो ।

वर्षको करिब करिब छ महिना हिउँ पर्ने खप्तड क्षेत्र हिन्दूहरूको पवित्र धार्मिक तीर्थ स्थलको रूपमा लिइन्छ । स्कन्द पुराणमा यसलाई खिचरादी पर्वत भनी उल्लेख गरिएको पाइन्छ । पुराणमा वर्णन गरिएअनुसार देवाधिदेव महादेवले खप्तड क्षेत्रको जडिबुटी प्रयोग गरी रोग निको पार्ने गरेको हुँदा उहाँलाई वैद्यनाथ पनि भनिँदो रहेछ । खासगरी जेष्ठ शुक्ल पक्षको गङ्गा दशहरा तिथिमा खप्तड क्षेत्रमा मेला लाग्ने गर्दछ । यस मेलामा अछाम, बाजुरा, बझाङ र डोटीका हजारौं तीर्थयात्रुहरू आउने गरेका थिए भने हालका दिनहरूमा देशका अन्य भूभागबाट समेत तीर्थयात्रीहरू आउने क्रम बढेको छ । सो मेलाका अवसरमा सुदूरपश्चिमकै महत्त्वपूर्ण र प्रसिद्ध हुड्के नाच र डेउडा खेलेर रमाइलो गरी मनाइने गरिँदो रहेछ ।

डोटी, आछाम, बझाङ र बाजुरा जिल्लाको सङ्गमस्थल सुदूरपश्चिममा रहेको खप्तड क्षेत्र नेपालको मात्र नभएर पृथ्वीकै स्वर्ग अर्थात् भूस्वर्गको रूपमा परिचित छ । प्राकृतिक सौन्दर्य तथा जैविक विविधताले भरिपूर्ण यस क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य बन्न सक्नेमा दुईमत छैन । खप्तड बाबाले नेपालको विभिन्न स्थानहरूको भ्रमण गरेपश्चात् सर्वोत्कृष्ट स्थान भनी चयन गर्नुभएको यस स्थान योग, ध्यान, साधनाको लागि अझ बढी महत्त्वपूर्ण स्थानको रूपमा रहेको छ ।

खासगरी खप्तड क्षेत्रमा २२ वटा पाटन र ५२ वटा थुम्का (झोता) हरू रहेका छन् । जसको पूरै भ्रमण गर्न ५ दिन लाग्ने रहेछ । खप्तड क्षेत्रको जङ्गलभित्र ९ रङका गुराँस, सयौं थरीका जडिबुटी र रमणीय घाँसे मैदान रहेका छन् । चार रैथानेसहित १३५ किसिमका फूल फुल्ने यस क्षेत्रमा २२४ प्रजातिका जडिबुटी, ५६७ प्रजातिका वनस्पती र २५० भन्दा बढी प्रजातिका चराचुरूङ्गी पाइन्छन् । कस्तुरी, हिमचितुवा, पाटेबाघ, बँदेल, भालुजस्ता जनावरको बासस्थान रहेको यस क्षेत्रमा खस्रे भ्यागुता, बझाङ्गे पाहा, बाघबुट्टे निगालो पाइन्छ । त्यसै गरी विश्वकै दुर्लभ प्रजातिको हरियो छेपारो पनि यहाँ पाइन्छ भने १७० भन्दा बढी प्रजातिका चराहरूले यस स्थानमा आई बच्चा कोरल्ने गर्छन् ।

हाल खप्तड क्षेत्रको विकास गर्न भनेर सुदूरपश्चिम प्रदेश सरकारले "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्था समिति गठन आदेश २०७५" जारी गरेको छ । जसमा खप्तड क्षेत्रको विकासका लागि एउटा समिति रहने र सो समितिमा एक जना अध्यक्ष, खप्तड विकासमा योगदान पुऱ्याएका ४ जिल्लाका एक एक जना प्रतिनिधि सदस्य, पर्यटन व्यवसायमा संलग्न प्रदेश सरकारले मनोनयन गरेका एक जना महिला सदस्य, खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय प्रमुख सदस्य र कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी समिति गठन भएको छ भने ४ जिल्लाका प्रदेश सभा सांसद र चारवटै जिल्लाका जि.स.स.का संयोजक आमन्त्रित सदस्य हुने प्रावधान रहेको छ ।

चाहे जेहोस् भर्जिन ल्याण्ड (कुमारी भूमि) को रूपमा रहेको खप्तड क्षेत्रलाई भर्जिन नै राखेर यात्रुहरूलाई बस्नको लागि आवासको उचित प्रबन्ध गरी स्वदेश तथा विदेशमा समेत राम्रो प्रचार प्रसार गर्न सकेमा स्वदेशी तथा विदेशी पर्यटकको उपस्थितिले त्यस क्षेत्रको र सुदूरपश्चिमको मात्र नभई समग्र देशको विकासमा नै टेवा पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

*(उपनिर्देशक, ने.वि.प्रा.)*

# हाम्रो भाषाको मूलाधार र असंवैधानिक 'इम्बोस्ड'



रामेश्वर राउत 'मातृदास'

भाषा मानव समाजको महानतम् र दुर्लभ प्राप्ति हो । चराचर जगत्मा जीव र निर्जीव दुई तत्व हुन्छन् । यी दुवै तत्त्व मात्र हैन भाषा भएन भने भगवान् समेत मुखर हुन सक्नुहुन्न । जलचर, थलचर, नभचर र उभयचरमा बसोबास गर्ने गणितको सङ्ख्याले समेत गन्न र भन्न नसकिने प्राणीहरूमध्येकै एउटा जातको प्राणी हो मान्छे । तर ती सबै प्राणीहरूमध्ये सबैभन्दा सुसभ्य, ज्ञानी, गुणी, भाषा, साहित्य, कला, संस्कार, संस्कृति, सभ्यता, ऐन, कानून, न्याय, नीति, इतिहास, भूगोल, अर्थशास्त्र, समाजशास्त्र, राजनीति, कूटनीति, वर्तमान, भूत, भविष्य आदि तीनै कालको जानकारी राखेर आफ्नो भाग्य र भविष्यलाई अवगत गर्न सक्ने तागत र क्षमता मानव समाजले मूलतः लेख्य-साक्ष्य प्रमाणयुक्त भाषाले नै दिएको तथ्यगत वास्तविकता दिनको घामझैं छर्लङ्ग छ ।

लेख्य-साक्ष्य प्रमाण वा दस्ताबेजीकृत नभएकै कारणले गर्दा असङ्ख्य प्राणीहरू केवल कथ्यमा मात्र सीमित छन् । जसले गर्दा हामी मानव समाजको जस्तो 'बूढा मऱ्या भाषा सऱ्या, भाषा सुधारे सकल सुधार, भाषा बिगारे सकल बिगार' भन्ने शाश्वत मूल्य र मान्यतालाई मान्छेबाहेक अन्य प्राणीहरूले आत्मसात र अनुसरण गर्न सक्दैनन् । देखिने संसार नदेखिने शक्ति र तागतबाट सञ्चालित भइराखेको हुन्छ । यही नदेखिने शक्ति र तागतको मुटु, मेरूदण्ड र प्राणशक्ति भनेकै भाषा हो । भाषा नभए संसारका कुनै पनि तत्त्वहरू मुखर हुन नसक्ने निश्चित छ । भाषाको महिमा र महानतालाई जतिसुकै शब्दले व्याख्या र वर्णन गरे पनि सर्वाङ्ग प्रस्ट्याउन सकिँदैन ।

यही कारणले भनिएको छ :-

"लिपिर्लिपिमयीलेखा लिर्पिमूर्तिस्वरूपिणी

अक्षरम् परमम् ब्रह्म ज्योतिरूपम् सनातनम्

कुलम् क्षयम् कृतम् दोषम् भाषाघातम् च पातकमम्
वेदोखिलो धर्ममूलम् वसुधैव कुटुम्बकम् ।"

अर्थात् यो सृष्टिको आरम्भ आराधना वा प्रारम्भ हुँदा यहाँ कुनै पनि किसिमको ज्ञान, विज्ञान, चेतना, ठीक, बेठीक छुट्याउने, खुट्याउने कुनै पनि ज्ञानको माध्यम नै थिएन । यो अन्धकारमय संसारलाई ज्योतिर्मय ज्ञानको ज्योतिद्वारा प्रकाशपुञ्ज बनाउन सर्वप्रथम देवनागरी लिपि र वर्णाक्षर (अक्षर) हरूको प्रारम्भ भयो । धरतीमा सर्वप्रथम प्रारम्भ भएको लिपिलाई 'देवनागरी लिपि' अर्थात् वेदमाता पनि भनिएको पाइन्छ । लिपि भनेको वर्णक्षर (अक्षर)हरू उभिने र अडिने धरातल हो । वेदमातालाई महामाया, महादेवी, गुह्यकाली, गुह्येश्वरी माता भनेर हिमवत्खण्डले विशाल परिभाषा गरेको पाइन्छ ।

वर्णाक्षर (अक्षर) हरू देवादिदेव महादेव भगवान् शिवको डमरू ध्वनिबाट प्रादुर्भाव भएको तथ्यगत र जीवन्त प्रमाणलाई यो सृष्टिकै प्रथम भाषावैज्ञानिक, भाषाविद् महामना पाणिनि ऋषिले सूत्रबद्ध गरिदिनु भएको छ । प्रथम भाषावैज्ञानिक पाणिनि ऋषिले प्रतिपादन गर्नुभएको सूत्रलाई माहेश्वर सूत्र भनिएको छ । जो यसप्रकार रहेका छन् :-

(१) अईउण् (२) ॠलृक (३) एओङ (४) ऐऔच् (५) हयवरट (६) लण् (७) ञमङनम (८) झभञ (९) घढधष १० जबगडदश (११) खफछठभचतव् (१२) कपय् (१३) शषसर् (१४) हल्

यी वर्णहरूको निसृतस्थानहरू अर्थात् ध्वनि स्थानहरू क्रमशः

(क) अकुहविसर्जनियाम्- कण्ठस्थान अर्थात- अ, क, ख, ग, घ र विसर्ग वर्णहरू कण्ठबाट निस्कन्छन् ।

(ख) इचुयतालव्यशनाम्- तालु स्थानबाट निस्कने वर्णहरू

इ, ई, च, छ, ज, झ, य र तालव्य श वर्णहरू तालुबाट निस्कन्छन् ।

(ग) ऋटुरषाणाम् - मूर्धास्थान (जिब्रोको माथिल्लो खाडल परेको भागबाट निस्कने वर्णहरू जस्तै- ऋ, ट, ठ, ड, ढ, र वर्णहरू मूर्धाबाट निस्कन्छन् ।

(घ) लृतुलसाणाम्-दन्तस्थान

- लृ, त, थ, द, ध, ल, वर्णहरू दाँतबाट निस्कन्छन् ।

(ङ)  उपद्मनियम - ओष्ठस्थान

- उ, प, फ, ब, भ, व, वर्णहरू ओठबाट निस्कन्छन् ।

(च)  नाशिकास्थान ञमङणनम

- ञ, म, ङ, ण, न, म वर्णहरू नाकबाट निस्कञ्छन् ।

छ)  ओदौता- कण्ठोष्तस्थान

- ओ वर्ण कण्ठ र ओठको सहारामा निस्कन्छ ।

(ज)  औ दन्तोष्ठस्थान

-  औ दाँत र ओठको सहारामा निस्कन्छ ।

झ)  अ ई उ ऋ ण -लगायतका स्वर वर्ण हुन् । क-ह व्यञ्जन वर्ण हुन् । क्ष त्र ज्ञ संयुक्त वर्ण हुन् । अं. अः = निस्कन्छ । दुई ओठ बन्द गरेर अं कुण्डबाट निस्कन्छ ।

यही माहेश्वर सूत्रको धरातलमा ६४ वर्णहरू (अक्षर) रहेका छन् । जस्मा स्वर वर्ण अन्तर्गत - १६ वटा, व्यञ्जन वर्ण अन्तर्गत- ३६ वटा र बाह्रखरी अन्तर्गत - १२ वटा समेत ६४ वर्ण (अक्षर) पदर्छन् । यी वर्णहरूको सविस्तार स्वरूपहरू : -

(क)  स्वरवर्णहरू :- अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः

(ख)  व्यञ्जन वर्ण

- क ख ग घ ङ

- च छ ज झ ञ

- ट ठ ड ढ ण

- त थ द ध न

- प फ ब भ म

- य र ल व श

- ष स ह क्ष त्र

ज्ञ

(ग) बाह्रखरी वर्ण :- क का कि की कु कू के कै को कौ कं कः

पूर्णतः ध्वनि विज्ञानमा सादृश्य रहेका यी ६४ वर्णहरू हजारौं वर्षको अभ्यास, प्रयोग र परीक्षणबाट शुद्ध र परिष्कृत भएकाले देवनागरी लिपिमा आधारित भएका यी ६४ वर्णहरूलाई आधुनिक युगमा विकसित भएका र प्रयोगमा रहेका इमेल, इन्टरनेट, कम्प्युटर र राउरले समेत सहजै स्वीकार गर्ने हुँदा संसारका सम्पूर्ण

प्राविधिज्ञ एवं भाषा वैज्ञानिकहरूले देवनागरी लिपिका ६४ वर्ण सृष्टिकै सर्वोत्कृष्ट र सर्वगुण सम्पन्न वर्ण (अक्षर) का रूपमा स्वीकार र समर्थन गरिसकेको पाइन्छ । प्राण, अपान, व्यान, उदान र समान यी पाँच वायुहरूले हामीहरू जीवित भइराखेका छौं । समष्टि वायुमण्डलमा ४९ वटा वायुहरू रहेका छन्, जस्लाई ऋग्वेदले मरूद्‌गण भनेको छ ।

आफ्ना विगत भइसक्नुभएका पूर्वजहरूलाई सम्झेर श्राद्ध गर्न, वर्तमानमा जीवित सार्वभौमसत्ता सम्पन्न समूह नागरिकहरूसँग सम्वाद गर्न, भावी भविष्यका सन्ततिहरूलाई आफ्नो अस्तित्वको विरासत हस्तान्तरण गर्न र भगवानलाई पुकार प्रार्थना गर्न समेत भाषाको आवश्यकता अनिवार्य हुन्छ । आफ्नो लेख्य-साक्ष्य भाषाबाट वञ्चित भएपछि मान्छे 'गोपीकृष्ण को ?' अर्थात् पराधीन वा दास बन्छ । सामान्य चेतना भएका पशुपन्छीहरू, जन्तु-जनावर र विवेकहीन भनिएका दानवहरूबाट समेत आफ्नो भाषालाई मास्ने र मेटाउने तुच्छ कुकर्म गरेको पाइँदैन । भाषाघात जघन्य र अक्षम्य अपराध नै हो ।

ज्ञान, विज्ञान, चेतना, शिक्षादीक्षा, साहित्य, कला, संस्कार, संस्कृति, रीतिरिवाज, धर्म, परम्परा, सीप, सभ्यता, इतिहास, भूगोल, ऐन, कानून, विधि-विधान, संविधान आदि बोध गराउने सशक्त माध्यम नै भाषा हो । भाषा नभए मानव समाज पनि अन्य पशुपन्छी र जन्तु जनावरहरू जस्तै कथामा मात्र सीमित हुने निश्चित छ । यो दयनीय अन्धकारबाट बच्नका लागि समेत हामी सम्पूर्ण जिम्दा नागरिकहरू आफ्नो भाषाको कुल र मूललाई बचाउन यथाशक्य योगदानका लागि सधै जागरूक भैरहनै पर्दछ ।

सामान्य चेतना भएका पशुपन्छी, जन्तु-जनावर र विवेकहीन भनिएका दानवहरूले समेत भाफ्नो भाषालाई मास्ने, मेटाउने, हटाउने र घटाउने तुच्छ कुकर्म कहिल्यै पनि गरेको देखिँदैन । भाषाघात जघन्य र अक्षम्य अपराध हो । आफ्ना विगत भइसक्नु भएका पूर्वजहरूलाई श्रद्धा गर्न, वर्तमानमा रहेका मानव समाजलाई सम्बोधन गर्न, भविष्यका सन्ततिहरूलाई आफ्नो विरासत बोध गराउन र आफ्ना आराध्य देवीदेवताहरूको पुकार प्रार्थनाका लागि समेत भाषाको आवश्यकता अनिवार्य हुन्छ । लेख्य- साक्ष्य प्रमाणविहीन हुनु भनेको पशुपन्छीहरूसरह कथ्यमा मात्र परिसीमित हुनु हो ।

लिपि र वर्णाक्षरहरूले महिमामण्डित लेख्य- साक्ष्य प्रमाणयुक्त भाषा पाउनु दुर्लभ प्राप्ति हो । हाम्रा परमआदरणीय पूर्वजहरूले जीवनमा ठूलो त्याग, तपस्या र साधना गरेर यो सृष्टिकै सर्वोत्कृष्ट देवनागरी लिपि र सर्वगुणसम्पन्न ६४

वटा वर्णाक्षरहरूले सुसज्जित भएको भाषा हाम्रा लागि अविनाशी उपहार दिएर जानुभएको छ । यही देवनागरी लिपिमा, आधारित भएको नेपाली भाषा हामी सम्पूर्ण नेपालीहरूको साझा सम्पर्क भाषा भएको छ । नेपाली भाषा कुनै जात विशेषको मात्र भाषा नभएर संसारका विभिन्न भूभागमा बसोबास गर्ने सम्पूर्ण नेपाली जातिको साझा सम्पर्क भाषाको रूपमा स्थापित छ । आज नेपाली भाषामाथि अनाहकमा दशैदिशाबाट विषाक्त र विवेकहीन हमलालाई व्यापक बनाइएको छ ।

भाषा हमलाको एउटा कारूणिक र विवेकहीन अन्धकार अत्याचार हो । नेपालमा सञ्चालित भएका र हुने सम्पूर्ण सवारीका साधनहरूबाट देवनागरी लिपिमा आधारित वर्णाक्षर र अङ्कहरूलाई एकसाथ माटियामेट बनाउने असंवैधानिक अन्याय 'इम्बोस्ड' को आवरणमा 'आम्बुस्ड' नामक यो विषाक्त पासो हो । मौजुदा संविधानको धारा ७(१), धारा २८, धारा ३२ (२) समेतको विपरीत भएको र जोरजबर्जस्ती सार्वभौमसत्ता सम्पन्न नेपाल र नेपालीहरूमाथि लादिएको यो अन्याय संयुक्त राष्ट्रसंघको घोषित नीति समेतको विपरीत छ । ‌

हाल संयुक्त राष्ट्रसंघमा २४३ वटा देशहरू सदस्य रहेका छन् । संयुक्त राष्ट्रसंघका सदस्य रहेका कुनै पनि देशमा भएको लिपि, भाषा, साहित्य, कला, संस्कार, संस्कृति सभ्यता रीतिरिवाज, धर्म, परम्परा आदि मास्न, मेट्न र हटाउन वा घटाउन नुहने घोषित नीति विपरीत लादिएको इम्बोस्ड आवरणको आम्बुस्ड रूपी पासोले हाम्रो भाषाको लिपि, अक्षर र अङ्कहरूलाई हाम्रै सवारीका साधनहरूमा यसपछि लेख्न, देख्न र प्रयोग गर्नबाट आम नेपालीहरूलाई वञ्चित बनाएको छ । मानव समाज र सभ्यताकै लागि यो कलङ्क र लाजको भारी हो ।

हाम्रो देशभित्र भएका र यो संसारमा रहेका कुनै भाषाको हामी वैरी र विरोधी हैनौं । तर हाम्रै देशबाट हाम्रो भाषाको अस्तित्व र महत्त्वलाई सधैंका लागि समाप्त पार्ने यो मूर्खतापूर्ण असंवैधानिक अत्याचार हामी जिम्दा नेपालीहरूका लागि कुनैपनि हालतमा मान्य र स्वीकार्य छैन र हुँदैन । यो असंवैधानिक बेइमानीलाई रद्द र बन्द गरेर नेपालमा सञ्चालित भएका र हुने सम्पूर्ण सवारीका साधनहरूमा हाम्रै भाषाको लिपि, अक्षर र अङ्कहरू नै यथावत कायम हुनुपर्दछ भन्ने सम्पूर्ण जिम्दा नेपालीहरूको जीवन्त र तथ्यगत मागलाई, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका एवं सरोकारवालाहरू सबैले आत्मसात गरेर जीवन र जगतलाई मुखर गराउने भाषाको अस्तित्व र महत्त्वलाई कायम राख्नु नै समय र समाजको मात्र नभएर संविधानको समेत मर्म र मर्यादा बचाउनु हुने छ । जय भाषा जय जननी नेपाल ! भाषा बचाऊँ, अस्तित्व जोगाऊँ !! जय देवनागरी लिपि चौंसट्ठी वर्णाक्षर अङ्कहरू !!



# एकता

आविष्कार कला

हिजो
एकता नै बल हो भनी
असङ्ख्य नदी, नाला र खोला
सोमरस बोक्दै बग्दथे
शालिग्रामको साथमा
हिमाली राज्यमा ।

समयको ठूलो परिवर्तनपछि
नदीनालाले
भत्काउन, बगाउन थाले
मातृभूमिका कण–कणहरू ।

प्रकृतिको सिको गर्दै
चालक एकता अघि बढ्यो
"लुछ्न्, चुट्न र धर्तीमा आगो लगाएर
खरानीको टीका लगाउन ।"

जलेकी माताको आगो ताप्दै
प्रतिनिधि सन्तानले भन्दैछन् –
"यो हो आधुनिक एकता ।"

# हाम्रो विदेश मोहको परम्परा र सांस्कृतिक मनोविज्ञान



शशिधर भण्डारी

सोह्रौं शताब्दीको दोस्रो दशकबाट भारतमा मुगलहरूको शासन सुरू भएको थियो । त्यतिबेला नेपालीहरू भारतमा जाने आउने गरेको इतिहास भेटिन्छ । त्यतिबेला भारतलाई विशेषतः मुगलान भन्ने प्रचलन थियो । भारत पुगेर फर्केकालाई मुग्लानिया भनिन्थ्यो । जुम्लाको राडीपाखी र जडीबुटी मुगलहरूको दरबारमा पुग्थ्यो भन्ने भनाइ छ । सत्रौं शताब्दीको सुरूमा भारतमा अङ्ग्रेजहरू प्रवेश गरे । बिस्तारै तिनीहरूले समग्र भारतको ठूलो भागमा आफ्नो साम्राज्य कायम गरे । अङ्ग्रेजकालीन भारतमा पनि नेपालीहरू भारतमा जाने काम गर्ने र फर्कने गरेको कुरा इतिहासमा भेटिन्छ । नेपालीहरू सिन्धु र लाहोरसम्म पुग्थे । त्यतिबेला लाहोर जाने भन्ने प्रचलन थियो । लाहोर पुगेर फर्केकालाई लाहोरे भन्दा भन्दै 'लाहुरे' शब्दको उत्पत्ति भयो । त्यसकालमा नेपालीहरू पत्थर खोज्न वा पत्थर खानीमा काम खोज्न पूर्वमा बर्मा वा आजको म्यानमारसम्म पुग्थे । कैयौं नेपालीहरूले त्यतै घरजम गरेर बसे । आज बर्मामा लाखौं नेपाली भाषीहरू छन् । तिनले आजसम्म नेपाली भाषा, संस्कृति र पहिचानलाई जोगाएर बसेका छन् । त्यो धेरै खुसीको कुरा हो । त्यतिबेला समस्याहरूमा पर्दा 'नेपाल गयो कपालसँगै र बर्मा गयो कर्मसँगै' भन्ने प्रचलन थियो । त्यो एउटा उखानका रूपमा नेपाली समाजमा आज पनि प्रचलित छ । राजा राम शाहको पालामा तत्कालीन भुटानका राजाको अनुरोधमा कालीगढीदेखि लिएर विभिन्न कामका लागि ५० घर नेपाली भुटान गएका थिए । तिनीहरू विभिन्न जातजातिका थिए । आज भुटानमा रहेका नेपालीहरूलाई आफ्नो भाषा, धर्म, पहिचान र संस्कृति संरक्षण गर्न कठिन भइरहेको छ । भुटानी शरणार्थीहरू पनि त्यसअन्तर्गत नै पर्दछन् । यसरी हेर्दा नेपालीहरू चलायमान् र देशविदेश घुम्ने काम गरेर खाने स्वाभिमानी संस्कृतिका अनुयायी मानिन्छन् । आज भारतको श्रम बजारमा पचासौं लाख नेपालीहरू छन् । भारतमा नेपाली र सिखहरूले मागेर खाँदैनन्, कामै गरेर खान्छन् भन्ने मान्यता स्थापित छ । यो नेपाली कर्मशीलताको परिचय हो । नेपालीहरूको अर्को वीरताको पहिचान छ । हाम्रा पुर्खाहरूले विश्व हल्लाएको अङ्ग्रेजी साम्राज्यवादसित घनघोर लडाइँ लडेर देशलाई गुलाम बन्न दिएनन् ।

अङ्ग्रेजी साम्राज्यवादका विरूद्धमा जीवन मरणको लडाइँ लडेका नेपालीहरू सन् १८१६ को सुगौली सन्धिसँगै अङ्ग्रेजको पल्टनमा भर्ती हुने कालक्रम सुरू भयो । प्रथम र द्वितीय विश्वयुद्धमा नेपाल अङ्ग्रेजको त्यस्तो हितैषी भयो कि लाखौं युवाहरूले अङ्ग्रेजको पक्षमा लडेर ज्यान गुमाए । त्यसपछि भारतमा नोकरी गर्न जाने सिलसिलामा बढोत्तरी आउँदै गयो । सन् १९४७ मा भारत स्वतन्त्र भएपछि भारतस्थित छ गोर्खा पल्टनमा चारवटा भारतमा रहे भने दुईवटा अङ्ग्रेजहरूले लिएर गए । गोर्खा पल्टन मलाया र फोकल्याण्डमा खतरनाक युद्धहरूमा निर्मम लडाईं लड्यो । जनतालाई निचोर्ने सामन्ती व्यवस्थाका कारण पिछडिएको अवस्थामा रहेका नेपालीहरूको नुन तेलको गर्जो टार्ने गन्तव्य भारत बन्न गयो । सन् १९९० पछाडि नेपालका लागि खाडीलगायत तेस्रो संसारमा श्रम बजार खुल्यो । त्यसपछि नेपालीहरू खाडी मुलुकदेखि अफ्रिकाको अल्जेरिया युरोप अमेरिका एसियाका विकसित देश तथा भारतभरि लाखौंको संख्यामा छरिएर सस्तो मूल्यमा श्रम बेचिरहेका छन् । आज त नेपाली अर्थतन्त्रको मेरूदण्ड नै रेमिट्यान्स भएको छ । अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक दुई हजारको अनुपातमा नेपालीहरू विदेश उड्छन् र दैनिक दुई जनाको अनुपातमा विदेशमा मृत्यु भएका नेपालीको शव बाकसमा प्याक भएर स्वदेश आउँछ । भारतमा काम गर्न जाने र त्यहाँ मृत्यु हुनेको त लेखाजोखा नै छैन । आज विदेशी श्रम बजारमा नेपालीको व्यापक उपस्थिति नेपाली समाजको व्यथा, पीडा, चिन्ता, वेदना र वैरागको पर्याय बनेको छ । राज्य शोषणप्रधान छ र नागरिकप्रतिको उत्तरदायित्व वहन गर्दैन । त्यसकारण नेपाली युवाहरू विदेशलाई आफ्नो गन्तव्य बनाउने मनस्थितिमा पुग्न विवश छन् । युवाहरूले देशमा खास भविष्य देख्दैनन् । त्यो एउटा पक्ष हो । अर्कोतिर हाम्रो परम्परागत संस्कृति पनि लाहुरे संस्कृतिका रूपमा स्थापित हुँदै आएको छ । हामीले दशैंमा मान्यजनहरूबाट टीका थाप्दा अमेरिका, युरोप गएर पैसा कमाउनु, डिबी परोस्, भारत र ब्रिटिस आर्मीमा भर्ती हुन पाउने सौभाग्य मिलोस् आदि भन्ने आशिष थाप्दछौं । त्यसो त चार सय वर्षको इतिहासमा विदेशमोह हाम्रो एक प्रकारको संस्कृति बनिसकेको देखिन्छ । सरकारले विदेश जानै पर्ने परिस्थिति निर्माण गराइदिनु एउटा कुरा हो । अर्को कुरा देखासिकीमा विदेश मोहको मनस्थिति बनाउनु अर्को कुरा हो । वैचारिकरूपमा विदेशमोही मनस्थिति राम्रो कुरा होइन ।

देशको युवाशक्तिको पसिना विदेशमा बगाउने कुनै पनि मुलुक आत्मनिर्भर र समृद्ध नभएको तथ्य इतिहास बोल्दछ । रूस, चीन र युरोप अमेरिकाका विकसित मुलुकहरूले रेमिट्यान्सबाट समृद्धि प्राप्त गरेका होइनन् । युवाहरूलाई सरकारले विदेश पठायो । विदेशमा युवाहरूले काम प्रविधि, लगन र अनुशासन सिके अनि आफ्नो मुलुकमा आएर लागु गरे । जापान, कोरिया, मलेसिया, चीन र सिङ्गापुर त्यसरी समृद्ध भएका हुन् । आज नेपालका सस्तो श्रम बेच्ने युवाहरू

मात्र विदेशमा छैनन् । कृषि विशेषज्ञ, जलस्रोतविद, वैज्ञानिक, प्राध्यापक, विकासविद् र कैयन् चिन्तकहरू देशमा काम नपाएर विदेशमा काम गरिरहेका छन् । उदाहरणका लागि लाओस र थाइल्याण्डमा जलस्रोतको सेक्टरमा काम गर्ने अधिकांश विशेषज्ञ नेपालीहरू छन् । सरकारले सस्तो श्रम बेच्ने युवाहरूदेखि लिएर विदेशमा रहेका विज्ञ प्राविधिक, चिन्तक र विकासविद्हरूलाई देशमा काममा लगाउने वातावरण बनाउने योजना बनाउनु पर्दछ ।

सबै आयात गर्ने युवाको पसिना मात्रै निर्यात गर्ने अनि रेमिट्यान्सले गर्जो टार्ने गरेर देशले कदापि काँचुली फेर्न सक्ने छैन । त्यसैले हामीले सर्वप्रथम विदेशमोही परम्परा र सांस्कृतिक चेत बदल्न नितान्त जरूरी छ । सर्वेक्षणहरूले नेपालीहरू दक्षिण एसियाका खुसी अवस्थामा रहेका जाति हुन् भन्ने देखाएका छन् । तर यथार्थमा नेपाली समाजको चुसाहा भ्रष्ट र राष्ट्रको ढुकुटी लुट्नेहरू मात्र खुसी छन् । समाजको निम्न र तल्लो तहमा रहेका जनताको जीवन अत्यन्त सङ्घर्षमय, बिछोड तथा वियोगले भरिएको छ । साँझ बिहानको गर्जो र एकसरो कपडा वरिपरिकै निमित्त हाम्रो नेपाली समाजमा बाउछोरा, आमा छोरा, दाजुभाइ, दिदी बहिनी मात्र होइन श्रीमान् श्रीमतीहरू समेत वर्षौंसम्म एउटै परिवारमा बस्न पाइरहेका छैनन् । तिनीहरू केही महिना अलग भएर एउटै देशमा बस्न पाउनुलाई विविध कारणले सामान्य रूपमा लिन सकिएला तर श्रीमान् श्रीमतीका युगल जोडी वर्षौंसम्म एउटै देशमा बस्न सक्ने परिस्थिति छैन । युगल जोडीका यौवनहरू त्यत्तिकै ओइलाएर गएका छन् । यो सामान्य पीडादायी जिन्दगी होइन । कोरोनाको प्रकोप कालमा लाखौंको सङ्ख्यामा भारतबाट नेपालीहरू घर फर्के । तिनीहरू चार महिनामात्र गाउँमा बस्दा सुदूरपश्चिम पहाड र कर्णालीमा ठूलो सङ्कट उत्पन्न भइहाल्यो । ती बस्तीहरू भोक र अभावले हल्लिन थाले । कोरोना प्रकोपको अवस्थामा थोरै मात्र सुधार हुँदासाथ लाखौं नेपालीहरू भारततिरै ओरालो झर्न विवश भए ।

आज युवाहरूमा विदेशमोह बढ्दै जाँदा पहाड र गाउँका बस्तीहरू उजाड भइरहेका छन् । खेतबारीहरू बाँझै छन् । तराई र सहरमा जनघनत्व केन्द्रित हुँदै गएको छ । यसले मुलुकमा आवासीय असन्तुलनलाई गम्भीर समस्याका रूपमा उभ्याउँदै जान थालेको छ । विदेशमा खेर गइरहेको पसिना यही देशमै खर्च गर्ने हो भने हाम्रो मुलुक कृषि, ऊर्जा, पर्यटन र जडीबुटीमा काफी सम्भावना बोकेको मुलुक हो । उत्पादन, विकास र प्रगतिको सम्भावना खोज्दा दलाल पुँजीवाद ठुलो बाधक बनेर उभियो भने त्यसका विरूद्धमा निर्मम सङ्घर्ष गर्नुपर्ने देखिन्छ ।



# गीत

ताराप्रसाद वस्ती

आँसुको मूल्य जोडेर हिसाब कहिले पो भा'छ र
दुःखीको पक्ष लिएर गर्ने निसाफै काँ'छ र
हजुर निसाफै काँ'छ र ।

बोल्दछ मान्छे मुखले धेरै कामले गर्दैन
मद्दत गर्ने अवस्था आए नजिकै पर्दैन
गोहीको आँसु झारेर मान्छे म छु नि भन्दछ
ईर्ष्या र डाह पालेर मनमा साखुल्ले बन्दछ
हजुर साखुल्ले बन्दछ ।

आकाशको तारा गनेर भ्याउने मान्छे नै भा'को छ
सृष्टिको उच्च मायाको सागर ऊ भित्रै पा'को छ
तैपनि मान्छे खुल्दैन त्यसै अर्काको दुःखले
खल्तीमा छुरा राखेर रामराम भन्दछ मुखले
हजुर भन्दछ मुखले ।

आँसुको मूल्य जोडेर हिसाब कहिले पो भा'छ र
दुःखीको पक्ष लिएर गर्ने निसाफै काँ'छ र
हजुर निसाफै काँ'छ र ।

# सगरमाथा निहुरेको छ



**रवीन्द्र मण्डल 'मंजय'**

हिउँ जमेको छ, हिउँ पग्लेको छ
ढुङ्गा र पत्थर, ठूलो चट्टानले,
पहाडको छाती उठेको छ
ढकमक्क गुराँस फुलेको छ
डाँफे र मुनाल रमेको छ
झर्झर झरना झरेको छ
खोला र नदी बगेको छ
हरियाली भूमि तराईमा
अन्न र धनले भरेको छ
अनि त सगरमाथा कहलिएको छ ।

यो शिर ठाडो पार्न
यो देशको माटो भिजेको छ
रगतको खोला बगेको छ
हजारौंले बलिदान दिएका छन्
हजारौंको टाउको छिनेका छन्
हजारौं आमा निःसन्तान भएका छन्
हजारौं सन्तान अनाथ बनेका छन्
हजारौं आइमाई विधवा भएका छन्
हजारौं वीर शहीद भएका छन्
अनि त सगरमाथा कहलिएको छ ।

अनेक थरिका धर्म र जाति,
अनेक थरिका भाषा र संस्कृति,

अनेक थरीका रहन-सहन
एक अर्काको परिपूरक बनेको छ
अनेकतामा एकता जमेको छ
हिमाल छाना पहाड घर
तराईं आँगनमा खेलेको छ
सम्पूर्ण नेपाली एउटै परिवारमा
जन्मे, हुर्के र बढेको छ
अनि त सगरमाथा कहलिएको छ ।

कहिले नझुक्ने, कहिले नझुकेको
यो शिर सदैव उठेको छ
कसैले झुकाउन खोज्यो भने
उसैको शिर यहाँ काटेको छ
न कोही पहाडी, न कोही मधेसी
सबै एकै हुन् सबै नेपाली
उही रगत त सबैको नसामा दौडेको छ
तर किन-किन हो, किन हो आज
आफूलाई नै चिन्न बिर्सेको छ
दाजुभाइ नै यसरी जुधेको छ ।

नलड आफैँ-आफैँमा, हे नेपाली हो !
यसले आफ्नै रगत त बगेको छ
यसले आफ्नै झन्डा त झुकेको छ
यसले आफ्नै गुराँस त ओइलाएको छ
यसले आफ्नै हिमाल त रोएको छ
यसले आफ्नै पहाड त झरेको छ
यसले आफ्नै तराई त जलेको छ
यसले आफ्नै सम्मान त मिचेको छ
यसले आफ्नै स्वाभिमान त लुटेको छ
यसले आफ्नै सगरमाथा त निहुरेको छ ।

सहायक इन्जिनियर
कुलेखानी दोस्रो जलविद्युत केन्द

# कर्मचारी



**शालिकराम बराल**

शिरदेखि पाउसम्म पसिनाका धाराहरू बग्ने गृष्म होस् वा
मुटु नै थरथर कमाउने जाडो किन नहोस्
कहिल्यै रोकिँदैनन् कर्मठ हातहरू
कहिल्यै काँप्दैनन् गोडाका चालहरू ।

ज्यानै उडाउने हावाहुरी होस् वा वर्षायामको बाढी पहिरो
सेवा गर्ने बानी राखौं सम्बन्ध बन्छ गहिरो
न त भनें लकडाउन न त भनें महामारी
सधैंका लागि सेवा दिनु नै, हाम्रो कर्तव्य ठानी ।

न त थियो लोभलालच न त कुनै स्वार्थ अनि फाइदा
जनताको भरोसा हामीमाथि आहा कति काइदा !
घरघरमा बिजुली बत्ती गाउँ सहर पूरै सुन्दर भा'छ
यही सुन्दरता देख्दा मलाई नाच्न मन ला'छ ।

सहयोग गर्नुपर्छ ग्राहकहरूलाई सबै आफ्नै ठानी
मुस्कान दिऊँ, झर्को नलिऊँ, त्यही नै हो राम्रो बानी
कोही पूर्वको कोही पश्चिमको भेटघाट हुन पा'छ
आज भोलि समाजमा हामीलाई हेर्ने नजर फरक भा'छ ।

हामी कर्मचारी सधैं काम गर्ने
देशभरि नै जिम्मेवार भै हामी ज्योति छर्ने
कर्तव्य छ ठूलो हाम्रो बालक होस् वा ब्रह्मचारी
मैनबत्तीझैं  उज्यालो छर्ने हामी कर्मचारी ।

**टाँडी वितरण केन्द्र, चितवन**



# आँसु पनि सुक्छ !

पोषराज सुवेदी

आर्यघाटमा जलेपछि सबै नाता टुट्छ !
चन्द्रमाले आफैँलाई दिनमा भए भुल्छ !!
जिन्दगी हो कसले यहाँ कसलाई भनी कुर्छ !
मन दुखेर खसालेको आँसु पनि सुक्छ !!

परेलीमा अल्झिएको कसिङ्गरले पोल्छ !
कुइनेटोमा बल्झिएको पछ्यौरीले बेर्छ !!
मायाभित्रै कोरिएसी चित्र पनि बन्छ !
मन दुखेर खसालेको आँसु पनी सुक्छ !!

कहिले बत्ती झ्याप्प निभ्छ तेल नभर हो कि !
आँगनमा काग कराउँछ म सुतेर हो कि !!
बिलौनाको पोकोभित्र के के लुकेको छ !
मन दुखेर खसालेको आँसु पनि सुक्छ !!

यताउता नयन डुले ध्यान उतै छ नि !
आँत सुक्यो अञ्जुलीमा छैन पानी पनि !!
रित्तो गाग्री भरिएन धारो पनी लुक्छ !
मन दुखेर खसालेको आँसु पनि सुक्छ !!

पूर्वकर्मचारी ने. वि. प्रा.

# देशको गीत



छिरिङ शेर्पा अविरल

सोचेको थिएँ
भत्किएपछि
सबै फेरि बन्छ
सोचेको थिएँ
भत्किएपछि
फेरि बन्छ सपनाको घर

किन
सम्झिन्छ जनता
सत्ता खोसिएपछि ?

किन
उभिन्छ सालिक
मान्छे ढलेपछि ?

सोचेको थिएँ
जसरी रात निदाएपछि
ब्युँझिन्छ बिहान
जसरी
ओइलिएपछि
फुल्छ फूलको मुस्कान
जसरी
हिउँ पग्लिएपछि
चुलिन्छ हिमालको उचाइ
यस्तै यस्तै सोच्थेँ

भत्किएपछि
बन्छ मान्छेको सोच
भत्किएपछि
बन्छ समृद्ध देश

सोचेको थिएँ
अब कहिल्यै विद्रोहको गीत गाउनु पर्दैन
सोचेको थिएँ
अब कहिल्यै भोकको सङ्गीत बजाउनु पर्दैन
सोचेका थिएँ
भत्किए पनि फेरि उभिन्छ धरहरा
सोचेको थिएँ
अब कर्णालीले कहिल्यै रूनु पर्दैन

फेरि फेरि
किन बल्छ सडकमा टायर ?
फेरि फेरि
किन कुर्लिन्छन् देश बनाउँछु भन्ने ठेकेदारहरू ?
किन सम्झौता गर्दैनन् स्वार्थ धितो राखेर
देश बनाउने सङ्कल्पको ?
किन अघाउँदैन

बर्सौंदेखि झुपडीको भोक ?
किन बोक्दैन
नेपाली झन्डा ?
आखिर किन ?
मर्ने मरिरहन्छन्
आखिर किन ?
ब्युझिन्छ कुम्भकर्णको निद्रा
कुर्सी देखेर यो देशमा

साँच्चिकै
सोचेको थिएँ
म अब गाउनेछु समृद्धिको गीत
सोचेको थिएँ
अब कहिल्यै सुन्नु पर्दैन
जिन्दाबाद र मुर्दाबादको दोहोरी
सोचेको थिएँ
म पनि लेख्नेछु एकदिन
समृद्धिको कविता
समृद्धिको गीत
यस्तै यस्तै सोचिरहन्छु म ...!
अझै पनि
अफसोच
सोचाइमा छु म
तिमी जस्तै .......!

## गजल



शारदा पौडेल 'निशा'

थियो के इसारा म के भन्न सक्छु
कि टाऱ्यौ र झारा म के भन्न सक्छु

दिँदा जिन्दगीको सधैं साथ मीठो
लगायौ किनारा म के भन्न सक्छु

तिमी हाँस मात्रै खुसीमात्र बाँडी
थुनी अश्रुधारा म के भन्न सक्छु

तिमी काँध मेरो म तिम्रो हुँ काँध
भए व्यर्थ नारा म के भन्न सक्छु

सधैं मक्ख पार्ने थियो एक बानी
खसाएर तारा म के भन्न सक्छु ॥

*चितवन*



# स्कुल

राजेन्द्र श्रेष्ठ

म प्रायः स्कुलहरू भएको बाटोबाट ओहरदोहर गर्न रूचाउँछु । मेरो कार्यालय पुग्ने तीन वटा फरक फरक बाटाहरू छन् तर लामै भए पनि स्कुलहरू रहेको बाटोबाट ओहरदोहर गर्न मन पराउँछु । स्कुलको बाटो भएर हिँड्दा मलाई विशेष आनन्द आउँछ । स-साना नानीहरू किताब बोकेर ओहरदोहर गरेको, खेलेको रमाएको हाँसेको दृश्यहरू बिशेष मलाई मन पर्छ । स्कुल पढ्नेहरूको एउटा छुट्टै संसार रहेको हुन्छ र त्यो संसार नै लोकको सबभन्दा शान्ति र सन्तोष भरिएको ठाउँ हो जस्तो लाग्छ ।

र, मलाई त्यो संसारमा रमाइरहूँ जस्तो लाग्दछ तथापि मैले स्कुल जीवन पार गरीकन विश्व विद्यालयमा प्रवेश गरिसकेको छु र त्यो संसारमा पुनः मेरो प्रवेश हुन त असम्भव नै छ तर पनि फेरि स्कुल जीवनमा नै फर्किऊँ कि जस्तो लागिरहन्छ ।

स्कुल जीवनभन्दा क्याम्पस जीवन धेरै राम्रो र आनन्ददायक हुन्छ भनेर विद्यार्थीहरू भन्ने गर्छन् । तर मलाई त्यस्तो लाग्दैन । क्याम्पसमा नियमित नगएर त्यस्तो लागेको हो कि ?

तर जे होस् जसले जे भने पनि स्कुले विद्यार्थी जीवन उत्कृष्ट हो भन्ने लागिरहन्छ र बेला बेलामा स्कुले जीवनका घटनाहरू स्मरणमा आउँदा मनै रोमाञ्चक भएर आउँछ । त्यति बेलाका घटनाहरू भूतकालका अतीतका कुराहरू भएर इतिहास बनिसके र कोही मगजका महाब्रह्माण्ड शून्यमा बिलाउँदै जाँदैछन् यस्तै प्रक्रियामा समय समयमा ती घटनाहरू ताजा भएर पुनः स्मरणमा देखापर्छन् र फेरि स्कुलको मोह जाग्न थाल्छ । यही क्रममा कुनै घटनाले त वर्तमान अनि भविष्यसम्मलाई पछ्याइरहन्छ एउटा अटुट साइनोको रूपमा । त्यतिबेलाका सुखद घटनाक्रम अहिले आएर विरहलाग्दो तरिकाले विकसित हुँदै गइरहेका पनि हुन्छन् र यसैकारणले त विगतका घटना सम्झन नचाहेर पनि यसै यसै दिमागमा टाँसिएर मनलाई झल्याँस्स पारिदिन्छन् ।

आँधीहुरीले निशान्त सन्नाटा छाएको ठाउँमा उथलपुथल ल्याइदिन्छ र त्यहाँको अवयवलाई लथालिङ्ग पारिदिन्छ । उज्यालो संसारलाई धमिलो अँध्यारोमा परिणत गरिदिन्छ र पुनः यथास्थितिमा देखा पर्छ यस्तै तरिकाले दिमागमा पहिलाका कुराहरूका झट्का पर्ने गर्छ उज्यालोको मात्रा बढी भए ती दिन सम्झिरहुँ जस्तो लाग्दछ र अँध्यारोको मात्रा बढी भए बिर्सिन पाए हुन्थ्यो जस्तो लाग्दछ ।

भनिहालेँ स्कुले जीवन साह्रै रमाइलो हुन्छ र, भयो पनि र, अहिले ती दिन झलझल्ती याद आइरहन्छ सिनेमा हेरेजस्तो, कागतमा कोऱ्यो भने त ग्रन्थ नै तयार हुन्छ होला ।

हाम्रो समूहमा ४० जना केटाकेटीहरू थियौं र यहाँ समूह भन्नाले पूरा कक्षा भरिका विद्यार्थीहरूको जमात हो । हामी सबै मिलेर बसेका हुन्थ्यौं, कोही कसैसँग छुटेर बस्दैनथ्यौं । साह्रै राम्रो मेलमिलाप समन्वय थियो, त्यसैले त स्कुलभरि नै हाम्रो कक्षालाई नमुना कक्षा भन्ने उपनाम दिइएको थियो ।

तर कहिलेकाहीँ भने गडबड भइहाल्थ्यो । त्यस दिन स्कुलमा ठूलो कार्यक्रम थियो । एउटा संस्थाले स्कुललाई खेलकुद सामग्री उपलब्ध गराउने भएको थियो र उक्त दिन त्यो संस्थाले ती खेलकुद सामग्री स्कुललाई हस्तान्तरण गर्न विशेष कार्यक्रम आयोजना गरेको थियो ।

हामीले केही दिन अगाडि मात्र खेलकुदका सामग्री चाहियो भनेर माग गरेका थियौं र संयोगवश त्यो संस्थाले हामीलाई सहयोग गर्ने भयो । खेलकुदका सामग्री दिने भएपछि हामी रमाइरहेका थियौं ।

स्कुलको चौर अगाडि बनाइएको मञ्चमा हेडसरलगायत अरू सरहरू अनि सहरबाट आएका हामीलाई खेलकुदका सामान दिने मानिसहरू बसेका थिए । हामी सब विद्यार्थीहरू चौरमा एकत्रित भएर बसेका थियौं, मनमा उत्सुकता थियो अधैर्यता थियो । कार्यक्रम सुरू भयो ती मानिसहरूले हेडसरलाई खेलकुदका सामानहरू हस्तान्तरण गरे हामीले स्पष्ट देख्यौं- त्यहाँ फुटबल थिए, भलिबल थिए, चेसबोर्ड ब्याटमिन्टन क्यारिमबोर्डलगायत डोरी रिङ थिए ।

हेडसरले भन्नुभयो - 'भोलिदेखि खेल्न सुरू गर यी सामानको जिम्मा प्रत्येक कक्षाका एक एक जनाले लिने र आफू आफूमा मिलेर खेल्ने ।'

यो त राम्रो कुरा भयो, हामी हेडसरसँग यस्तै कुरा गरिरहेका थियौं । उता कक्षामा केही चहलपहल भइरहेको जस्तो लाग्यो । हामीलाई सहयोग गर्ने पाहुनाहरू

कार्यक्रम सकेपछि हिँडिसकेका थिए । सरहरू पनि अफिस कोठातर्फ लागिसकेका थिए । पालेदाइलगायत हाम्रा केही साथीहरू ती सामग्री ओसार्न व्यस्त थिए

हामी कक्षामा आयौं तर के भएछ सब केटीहरूले उपेन्द्रलाई घेरिराखेका......र भन्दै थिए - 'तिमीले किन या बदमास गरेको...किन यी सब किताबहरू मिसाइदिएको...।"

एकछिन अगाडिसम्म उपेन्द्र बाहिरै थियो हामीहरू सँगै र केटीहरू समेत सबैजना । मैले भने- "उपेन्द्र एकछिन अघिसम्म बाहिरै थियो हामीसँगै, उसले हैन होला ।"

खास के भएको रहेछ भने एकजनाको किताब आधा एकजनाकोमा र आधा अर्काकोमा गरी सबै केटीहरूको किताब छ्यासमिस गरेको रहेछ ।

'उपेन्द्रले नै हो' -मैले देखेको सुभद्राले भनी

उपेन्द्र भने- 'मैले हुँदै होइन ...' भन्दै थियो ।

सिर्जनाले भनी- 'हेडसरकोमा उजुरी गर्नुपर्छ र यसलाई दण्ड दिनुपर्छ ।'

'यो सानो कुरालाई किन अफिस कोठामा पुऱ्याउने, यही मिलाए भैहाल्छ नि', मैले भनें ।

'तिमी कस्तो मान्छे जसले गल्ती गर्छ उसले सजाय पाउनुपर्छ, तिमी किन दोषीको पक्षमा बोल्छौ' -सिर्जनाले रिसाएर भनी ।

त्यहाँ त असहज वातावरण पो सिर्जना भयो ।

उपेन्द्र मैले हुँदै होइन भन्दै थियो केटीहरूचाहिँ सरहरूलाई बोलाएर यो सब किताबहरू गोलमाल गरेको देखाइदिऊँ भन्दै थिए ।

स्थिति झन् बिग्रँदै गइरहेको थियो र हामीले सबैको किताबको नाम हेर्दै यथास्थितिमा राखिदियौं ।

केटीहरू भने हामी किताब छुदैनौँ भनेर परपर हटिरहेका थिए ।

उपेन्द्र भने प्रहरीद्वारा घेरिएको कैदीजस्तो रातो अनुहार पारेर बसिरहेको थियो ।

एकछिन पछि लाग्यो, वातावरण सामान्य भयो ।

तर सिर्जनाले भनी– 'उपेन्द्र झन् बदमास भएछ ।'

तथापि अरूहरूको तुलनामा उपेन्द्र अलि चकचके नै थियो ।

'तिमीहरू पनि त बदमास रहेछौ नि त, मैले त हँसीमज्जाको लागि पो यस्तो गरेको ।'

'हँसीमज्जाको पनि त सीमा हुन्छ नि, हँसीमज्जा गर्ने भन्दैमा अर्कालाई दुःख दिन पाइन्छ ?' सिर्जनाले भनी ।

'त्यति गर्दैमा तिमीहरूलाई के दुःख भयो त ?' उपेन्द्रले भन्यो ।

फेरि चर्काचर्की होला जस्तो भयो । स्कुल छुट्ने बेला भइसकेको थियो । पालेदाइ ढोका थुन्दै आइरहेका थिए, अरू कक्षा खाली भइसकेको थियो ।

मैले भनें – 'जाऊ अब अबेर भयो ।'

बाटोमा फर्किंदा हामी रमाइलो गरी फर्कन्थ्यौं, त्यस दिन कोही कसैसँग बोलेन ।

स्कुल जीवनको यति लामो यात्रा पार गरी सक्दा हामी साथीभाइ विच कहिल्यै भनाभन समेत भएको थिएन । त्यो घटना पछि साथीभाइविचको राम्रो सम्बन्ध अब कायम नहोला कि जस्तो लाग्यो ।

विशेष गरी उपेन्द्र र सिर्जना बीचमा यस घटनाले मनमोटाव ल्याउला जस्तो लाग्यो । तर हामी त्यस्तो कदापि चाहँदैनथ्यौं । जुन हाम्रो नमुना कक्षाको उदाहरण सबै सामु छर्लङ्ग थियो, त्यसलाई कायम राख्न चाहन्थ्यौं ।

खेलकुद सामग्री कक्षाको एक जनालाई जिम्मा दिने भन्ने हेडसरको भनाइअनुरूप हाम्रो कक्षाको तर्फबाट उपेन्द्रलाई छान्ने सहमति भएको थियो तर हिजोको घटनापछि उपेन्द्र स्वयं बस्न मानेन उसले भन्यो –'म जिम्मामा बसें भने केटीहरूले नमान्लान् ।'

त्यसपछि हामीले प्रदीपलाई छान्यौं । हाफछुट्टीमा र छुट्टी भएपछि मात्र खेल्न पाउने सर्त थिए । लाग्यो, रमाइला दिन आए । कोही क्यारिमबोर्ड खेलिरहेका, कोही फुटबल, कोही भलिबल त कोही ब्याडमिन्टन खेलिरहेका ।

हाम्रो स्कुलको त्यो विशाल चौर जसको छेउछाउमा हरियो जङ्गल स्पष्ट

देखिन्थ्यो । जङ्गलको बीचमा भगवतीको मन्दिर जसको गजुर स्कुलबाटै देखिन्थ्यो । त्यो खुला चौरमा सबै विद्यार्थीहरू खेलमा रमाइरहेको देख्दा लाग्दथ्यो यो कुनै रङ्गशाला हो ।

सरहरू पनि कौसीमा आएर रमिता हेरी बस्नुहुन्थ्यो र कोही सर त विद्यार्थीहरूसँग फुटबल भलिबल खेल्न आउनुहुन्थ्यो ।

कक्षामा उपेन्द्र र केटीहरू बीच जुन वादविवाद भएको थियो, त्यो खेलकुद कार्यक्रमले त्यो विवादलाई धेरै हदसम्म समाधान गरेको जस्तो भयो । उपेन्द्र अरूहरूको तुलनामा खेलकुदमा अगाडि थियो फुटबल भलिबल सम्बन्धमा उसलाई बढी ज्ञान थियो तसर्थ ऊ सबैलाई खेल्न सिकाउँथ्यो र केटीहरूलाई पनि ।

हामीलाई खुसी लाग्दथ्यो कि अस्तिको घटनापछि साथीहरू बीचमा जुन मनमोटाव भएको थियो, सब मेटिए फेरि उही हाम्रो सामीप्यता कायमै रह्यो ।

मलाई फुटबल र भलिबलमा रुचि त थियो तर म खेल्दैनथें । खासमा मलाई त्यति खेल्न आउँदैनथ्यो । साथीहरू भने कर गर्दथे । म नभए त उनीहरूको खेल नै अधुरो हुन्छ जस्तो गरेर मलाई खेल्न बोलाउँथे । अक्सर म ब्याडमिन्टन खेल्न रूचाउँथैँ ।

एक महिनासम्म खेलकुदमा रौनकता छाइरह्यो । त्यसपछि कम हुँदै गयो । सधैंभरि खेलेर मात्र पनि भएन परीक्षाको तयारी पनि गर्नुपर्दथ्यो ।

प्रत्येक महिना स्कुलस्तरीय प्रतियोगिता हुने गर्दथ्यो । अगाडिका वर्षमा भएका स्कुलस्तरीय प्रतियोगितामा सन्तोषजनक परिणाम आउँदैनथ्यो । त्यतिबेला हामीसँग पर्याप्त साधन पनि थिएन र अभ्यास पनि गर्न पाउँदैनथ्यौं । त्यही भएर हामीले स्कुलसँग खेलकुदका सामान चाहियो भनेर माग गरेका थियौं । त्यसैअनुरूप एउटा संस्थाले हामीलाई ती सामग्री उपलब्ध गराएको थियो ।

तर एउटा कुरा के भने कक्षाका सबै जना खेल्नमा रूचि राख्दैनथे । हामी ६,७ जना अलि थोरै उमेरका र अरूको तुलनामा साना थियौं र म पनि । हामी त उनीहरूका माझमा फुच्चे देखिन्थ्यौं ।

तसर्थ, हामी तिनीहरूसँग समान रूपमा सरिक हुन सक्दैनथ्यौं र चाहदैनथ्यौं पनि । उनीहरू खेलकुदमा अगाडि थिए त हामी पढाइमा । तर पनि हामी एक अर्कामा समान व्यवहार गर्दथ्यौं । विभिन्न स्कुलसँग हुने खेलकुद प्रतियोगितामा हामीले भाग नलिए पनि उनीहरूसँगै सहभागी हुन्थ्यौं र उनीहरूलाई हौसला

बढाइदिन्थ्यौं ।

यसप्रकारको प्रतियोगिता हुँदा स्कुलतिर मेला लागेजस्तै रमाइलो हुन्थ्यो । केटाकेटी सब प्रतियोगिता हेर्न जान्थ्यौं, खुब रमाइलो हुन्थ्यो ।

र, एक्कासि एकदिन कक्षामा एउटा घटना घट्यो । घट्नाको कारण त उपेन्द्र नै थियो । र, घटना त्यति महत्त्वपूर्ण त होइन तर त्यो दिन स्कुलमा ठूलो चहलपहल नै भयो ।

हाम्रो कक्षाको दायाँ साइडपट्टि केटाहरू र बायाँ साइडपट्टि केटीहरू बस्दथे । उपेन्द्रले हठात् एक दिन भन्यो– 'अब हामी ठाउँ चेन्ज गरौं, केटीहरू दायाँतिर बस, हामी बायाँतिर बसौं ।'

'यसो गर्दा के फरक पर्छ त, बसौं न त बसौं', हामी सबैले उपेन्द्रको कुरामा सहमति जनायौं । भोलिपल्ट बिहान हामी केटाहरू छिटो छिटो आएर बायाँपटिट्ट बस्यौं । केटीहरू ढिला गरेर कक्षामा आए । उनीहरू बस्ने ठाउँमा हामी बसेको देखेर तिनीहरू अलमलमा परे ।

उपेन्द्रले भन्यो- 'आजदेखि तिमीहरू उतापट्टि बस, हामी यता बस्छौं ।

कक्षामा सबै जना आइसकेका थिए केटीहरू बायाँपट्टि बस्न मानिरहेका थिएनन् । हामी भने खुब रोमाञ्चित भइरहेका थियौं । कौतूहलता पनि थियो । अब के होला भनेर ।

त्यत्तिकैमा सिर्जना अफिस कोठातिर गई, सायद हामी विरूद्ध उजुरी गर्न हो कि !

छिनमै हेडसर हाम्रो कक्षातिर आउनुभयो ।

अघिसम्म हामी त्यो उपेन्द्रको लहैलहैमा लागेर रमिता हेरी बसेका थियौं र अहिले हेडसर हाम्रोतिर आउन लाग्दा हामीले गल्ती गरेको जस्तो लाग्यो ।

कक्षामा आएपछि हेडसरले हामीलाई गाली गर्नुभयो, विशेष गरी उपेन्द्रलाई । केटीहरूले स्पष्ट रूपमै उपेन्द्रलाई दोषी ठहऱ्याएका थिए । हामीले पनि त्यसै भन्यौं, उपेन्द्र एक्लो भयो । हामी केटाहरू सब दोष उपेन्द्रमाथि खन्याएर पन्छियौं । केटीहरू लडाइँमा जितेका विजयी योद्धा जस्ता भए । र, साबिककै अनुसार बस्नू भनेर हेडसर जानुभयो ।

हाम्रो कक्षामा त्यो दिन एकछिनको लागि आँधिबेहरी आइदियो र छिनमै साम्य

पनि भयो । हामी सबैले उपेन्द्रलाई यसको कारक तत्त्व मानेका थियौं र बिचरो उपेन्द्र एक्लो र निरीह देखिन्थ्यो । उपेन्द्र हाम्रो नेता हो उसले जे भन्थ्यो ठिक हो भनि हामी दगुर्थ्यौं । यसो गर्नु ठिक छैन हामी कहिल्यै भन्दैनथ्यौं, जानेर नजानेर पनि ।

हामीले त्यो दिन दोष जत्ति सबै उपेन्द्रमाथि थुपारेर ठीक गरेनौं भनेर मलाई लागिरह्यो र लाग्यो हामी बीचको सम्बन्ध अब सब भताभुङ्ग हुनेछ ।

तर त्यसो हुन पाएन । स्कुल नजिकै रहेको त्यो जङ्गलमा वसन्तमा विशेष रमाइलो हुन्थ्यो र हामी हाफ छुट्टीमा जङ्गल पस्थ्यौं । जङ्गलमा त्यतिबेला काप्रो, ऐंसेलु विशेष पाइन्थे र हामी त्यसकै लागि जाने गर्दथ्यौं ।

र, भनिहालें नि हामी साना थियौं र हामी रूख चढेर काप्रो टिप्न सक्दैनथ्यौं र ऐंसेलु पनि । त्यो उपेन्द्र नवीन प्रदीपजस्ता अग्ला अग्ला र छरिता साथीहरू कता कता पुग्थे काभ्रो, ऐंसेलु बटुल्नको लागि र हामी पर्खिबस्थ्यौं चौरमा ।

केटीहरूमध्ये सिर्जना छिटो छरिती थिई र उपेन्द्रसँगै जाने गर्थी हाँस्दै हा हा हु हु गर्दै । वनमा काभ्रो टिपेको हामी स्पष्ट देख्थ्यौं र हामीलाई खुसी लाग्थ्यो कि तिनीहरूमा अब राम्रो मित्रता कायम हुने भो । हामी चाहन्थ्यौं कि अब तिनीहरूबीच कहिल्यै दुस्मनी नहोस् र सानोभन्दा सानो कुरामा पनि विवाद नहोस्, त्यै भएर हामी उनीहरूलाई साथै रहने वातावरण बनाइदिन खोज्थ्यौं र भन्थ्यौं– 'तिमीहरू त छौ बलिया जाऊ काभ्रो खोज्न वनमा, हामी पर्खी बस्छौं ।'

अँ साच्चै निक्कै रमाइला दिन थिए ती । त्यसपछि स–साना एक दुइटा घटना बाहेक सम्बन्धै बिग्रने गरी हाम्रो कक्षामा कुनै विशेष घटना हुन पाएन । स्कुलका पछिल्ला दिनमा अझ रमाइलो भयो र यस्तैमा एस.एल.सी. दिइयो, त्यसपछि त हामी सब बीच विछोड भयो, सबै आ–आफ्नो क्षेत्रतिर लागे ।



# घर

रासा


आज, धेरै दिनपछि, उसलाई भेटें सडक-छेउमा । कसैलाई भेट्दा म 'खाना खानु भो ?', 'चिया पिउनु भो ?' आराम हुनुहुन्छ ?' आदि-इत्यादि प्रश्न तेर्स्याउँदिनँ । र, अरूले पनि मलाई सोधेको मन पर्दैन वास्तवमा । उसलाई सोधैँ - 'कता हो हिजोआज ?' जबाफमा ऊ वाचाल भयो - 'भक्तपुरतिर' पुनः मैले भनें - 'भक्तपुर ...कता ?' उसले अलि झर्को मानेर भन्यो - 'सूर्यविनायक ।'

हामीबीच यताउताका कुरा भए । पछि, नजिकको चियापसलमा पस्यौं । त्यहाँ कुर्सीमा बस्यौं । चिया मगायौं । फेरि हाम्रो वार्तालाप जारी रह्यो । मैले प्रश्न गरें -'हिजोआज के गरिंदैछ ? लेखनसेखन के-कस्तो छ ?' ऊ हल्का मुस्कानसहित बोल्यो - 'चलिराख्या छ । लेखेर त के पाइने हो र ! तैपनि, नलेखी बस्न सकिन्न । लेख्छु । लेखिरहन्छु । खानका लागि अरू केही गर्नुपर्छ । गर्छु । धन्न एक्लो छु । गाह्रो छैन । तर, के गर्नु ! घर छैन । बासका लागि यताउता भौंतारिरहन्छु । कहिले कहाँ, कहिले कहाँ । कोठा खोज्दैमा हैरान । तपाईंको पो घर छ । आनन्द छ ।' उसको लम्बेतान कुराको बीचमा चिया आइपुग्छ । हामी चिया पिउन थाल्छौं ।

'हैन, गाउँमा तिम्रो घरै छैन ? ओडारमा जन्म्या हौ र ?' - मेरो प्रश्नले उसको अनुहार रातो हुन्छ ।' गाउँमै बस्नु, काम त त्यहीँ गर्दा नि हुन्छ । काठमाडौंमै आउनुपर्ने, यहीँ घरजग्गा जोड्नुपर्ने, किन ?' - ऊ सुस्तरी बोल्न थाल्छ -'यहाँ सबै सुविधा छन् । गाउँमा के नै छ र ! भन्नोस् त, दाइ !' म जबाफहीन अवस्थामा उसलाई हेरिरहन्छु । ऊ फेरि मुख फोर्छ - 'तर, एउटा कुरामा सन्तोष लाग्छ । तपाईं एउटै घरमा बस्नुहुन्छ । यताउता जान पाउनुहुन्न । मचाहिँ घरि यता, घरि उता गर्न पाउँछु । गरिरहन्छु । कहिले झुपडीमा बस्छु, कहिले कुटीमा त, कहिले महलमा पनि । यहाँ मजस्ता मान्छेहरू लाखौं छन् ।' म फगत टाउको हल्लाइरहन्छु । चियापान सम्पन्न हुन्छ । पैसा तिरेर उठ्छु । ऊ पनि उठ्छ । हामी छुट्टिन्छौं । आ-आफ्ना गन्तव्यतर्फ लाग्छौं ।

घर आइपुग्छु । कोठामा पस्छु । खाटमा पल्टिन्छु । एकछिन सुस्ताउँछु । अनि, सोचमग्न हुन्छु – साँच्चै, मान्छेलाई कति ठाउँ चाहिने ! कतिवटा घर चाहिने ! सम्भिन्छु – लियो टाल्स्टायको कथा, 'हाउ मच ल्याण्ड डज अ म्यान नीड ?' बाहिरको कोलाहलले मेरो सोचाइ भङ्ग हुन्छ । झ्यालबाहिर हेर्छु, सडकमा डोजर चलिरहेको छ एकनास ।

*कविता*



# सङ्गतको असर

**प्रविना क्षेत्री**

हुन त सधैँ भन्ने गर्थे, तिमी जस्तै हुन मन छ
धरातलमा रहेर नै जून तारा छुन मन छ
आज साथ पाउँदाखेरि हेर्ने एउटै नजर भो
बल्ल महसुस गर्ने गरी सङ्गतको असर भो ।

ज्ञानी बन्नू, ठुलो बन्नू, सबले यही भन्ने गर्थे
सफलताका सिँढीहरू मात्रै यहाँ गन्ने गर्थे
तर खुसी त रहेछ सर्वोपरि, हिँड्ने एउटै डगर भो
अब पत्ता लाग्ने गरी सङ्गतको असर भो ।

अथाह संसारमा उल्झन झन् कति कति
सोचे जस्तो पक्कै छैन जसले जे नै भने जति
बहाबमा बग्दै जाने मात्रै अब रहर भो
छर्लङ्ग यो हुने गरी सङ्गतको असर भो ।

तिता मिठा केस्राहरू, विकल्पको खोजी जारी
हरपल–हरक्षण संयम रही, रमाउँदै पाइला सारी
दिन–रात लुकामारी, सामना हर प्रहर भो
आत्मविश्वास बढ्ने गरी सङ्गतको असर भो ।

**सहायक प्रबन्धक (इले.), प्रणाली सञ्चालन विभाग**



# प्रार्थना

विष्णुप्रसाद आचार्य 'अतृप्त'

विपनाले लुटेको खुसी
व्यवहारले अमिल्याएको सम्बन्ध
छलछामले आजित पारेको मनोलोक
यी सबै सबैबाट त्राण दिने
मानौँ सञ्जीवनी हो–सपना

रातभर निदाउन सक्ने वरदान पाए
आँखाभरि ढकमक्क सपना फुल्ने थियो
र, हरेक बिहान उदाउने सूर्यले
जीवनको गरामा उज्यालो आशा फलाउने थियो

प्रार्थना यति छ
रातभर निदाउने सामर्थ्य देऊ
बाँकी क्षमता म आफैँ विकास गर्नेछु ।

●●●

विदुर– ५, नुवाकोट
हालः ग्रीड विकास विभाग, ने.वि.प्रा.

# म र मेरो देश

श्रीषा पाण्डे



हिमाली शिर पहाडी भोटो तराई काखमा
बुद्धको देश विभिन्न भेष धर्तीको माझमा
सगरमाथा शिरमा राखी मर्स्याङ्दी सुसाउँछ
हरिया वन आँखामा सजाई नेपाली रमाउँछ ।

डाँफेझैं उड्डूँ स्वतन्त्र भई हिमाली पाखामा
मादलको तालमा कम्मर मर्काऊँ रोदीको भाकामा ।
देशले मागे वीरको रगत वीरता चुक्दैन
नेपाली शिर धर्तीको सान यो शिर झुक्दैन ॥

फरक राज्य हामीले माग्नु आमालाई धक्का हो
कालो र सेतो जुन रङमा पनि नेपाली पक्का हो ।
अखण्ड मेरो नेपाल भए म हुन्छु नेपाली
हाँस न आमा एकफेर हाँस सन्तान उचाली ॥

एकरङ्गी सूर्य इन्द्रेणी बनाई अमरदीप बालेर
पार्वती खेल्ने आँगनी हाम्रो झन् सुन्दर पारेर
देशको निम्ति शहीद बन्न म हर्दम तयार छु
चमत्कारले त्यो सौभाग्य पाए स्वर्ग नै पुग्नेछ ।

काँक्रालाई जस्तै देशलाई चिरा कदापि पार्दिनँ
फलाउँछु यहीँ हिरा र मोती विदेश छिर्दिनँ
जनको सेवा गरेर एउटा उदाहरण बन्नेछु
विचारको ब्याडमा क्रान्तिको बिउले विकास साँच्नेछु ।

*सानोपुल, काठमाडौं*

कविता

# शीत

जीवन अल्मलिरहेछ
फूलको तरेलीमा
खसौं कि बसौं
तर शीत हुँ
तिमीलाई बिझाउने छैन ।



**सुनिता देवकोटा**

# भोक

बचेरालाई खुवाउँदा
माउ आफूलाई बिर्सियो
भोक लाग्न
हृदयले सम्झेर माग्नुपर्ने रहेछ ।

लुम्ले, कास्की

# उ मोर माघ !



खिमानन्द चौधरी

न पढाइ न लिखाइ न इलम न पेसा,
न मुद्रा न व्यापार न उद्योग न रोजगार ।

बस रहे ते खेतीपाती और पशुपालन,
बस रहिंत तो देवी और देवता,
होए खोब पूजाआजा ।

झिम झिम बरसे पानी,
न आए खौरा हैजा,
न आए खेस्रा,
बढिया रहे मौसम ।

घर घर खेती किसानी,
घर घर हर व गोरू भैंस,
घर घर जैविक मल,
घर घर अनाज के देहरी कुठली,
घर घर खुशहाल ।

महिना दुई महिनामे आए जाए तर-त्युहार,
रहे युगमे रीतिरिवाज मान और सम्मान,
रहे आमन्त्रण सब गाउँके पहुना हे महा सम्मान ।

न कहूँ झैंझगडा न कहूँ पुलिस कचहरी,
रहे सबके बराबर न्याय और सम्मान ।

न लिखत नीति नियम न कौनो संविधान,
गाउँ घर सुधार, कुलवा पानी और रीतिरिवाज के लग,
घर घर जन जन टोल टोलमे हर साल आए स्वतन्त्रताके उ मोर माघ ।

अब तो सक्कु जघा इलम रोजगारी पढाइ लिखाइ,
अब तो इन्जिनियर, डाक्टर, वकिल और चार्टर एकाउन्टेन्ट,
जहाँ तहाँ पुलिस प्रशासन सेना सिआइडी,
हर जघा चोरी डकैती कोट कचहरी झैंझगडा,
हर साल महामारी देवी देवता रीतिरिवाज और प्रकृति के विनाश ।

लिखना पढ्ना उपचार करैना मौलिक हकके तोहार लिखत संविधान,
हर पाँच वरस मे अईना तोहार पुरान किसनवा के स्वतन्त्रताके माघ ।

**ने.वि.प्रा. दरबारमार्ग, काठमाडौं**

# कुर्सी मोह नहोस्



**राजेन्द्र काश्यप अधिकारी**

जागा सूर्य भए उपस्थित यहाँ के हुन्छ त्यो रातको,
बाटो छैन जहाँ के काम छ त्यहाँ चिल्ला ठुला कारको ।
तिर्खाई कन छट्पटी हुनगए के स्वाद त्यो खीरको,
भोको पेट हुँदा ढिँडो अनि मिठो रोटी बडो प्रेमको ॥

बच्चा, यौवन, वृद्ध जीवन बचे प्राणी सबै भोग्दछन्,
आमाको महिमा बुझे अझ यहीँ सत्कर्ममा लाग्दछन् ।
नेताज्यू अब कर्म शुद्ध नभए छोटिन्छ सत्ता बुझौँ,
राम्रा कर्म गरे यही जमिनमा मिल्नेछ मेवा बुझौँ ॥

सत्ताको मदमा उन्मत्त बनिए यो देश के बन्छ र ?
शिक्षा नैतिकको अभाव चुलिए शान्ति कहाँ हुन्छ र ?
राम्रो तन्त्र छ यो बुझुन् मनुजले राख्ने भए जीवित,
भान्से भ्रष्ट हुँदा दुर्गन्धित भयो ज्यादै भयौँ निन्दित ॥

झुठा भाषणले सिधा र निमुखा मान्छेहरू ढाँटिने,
सारा कर्तुतको उजागर हुँदा कुर्सीहरू हल्लिने ।
थोरै मात्र छ शेष यो समयमा बिर्को खुलोस् ज्ञानको,
कुर्सीमोह नहोस् सद्भाव भरियोस् भोको नहौँ मानको ।

**नेपाल विद्युत प्राधिकरण, भद्रपुर वितरण केन्द्र**



# चित्तबग्गो

(चित्तोध्याय )
तन्मयसाथ वाणको टुप्पो तिखार्छ सिकारी
कठिन कर्म मेधावी जन गर्दछ मिलाई । ३३

चञ्चल चित्त गाह्रो छ तर पक्रनु पर्दछ
निर्वाणी मन कर्मको फूल फक्रनु पर्दछ । ३३ क

पाखामा माछो तड्पेर जस्तो गर्दछ छटपटी
दुःखका बीच यो हाम्रो चित्त गर्दछ लुट्पुटी । ३४

समात्न गाह्रो त्यो शीघ्रगामी चौतर्फ घुमेको
दमन चित्त गर्नु नै बेश दुःखले चुमेको । ३५

देखिन्छ बल्ल, सर्वत्र डुल्छ औधि छ चलाख
प्रज्ञाले चित्त पक्रनु पर्छ सुखको वाहक । ३६

शान्तिको आशा चित्तले गर्दा संयम सूक्तिमा
गृहस्थ, योगी विदेही, देही पुग्दछ मुक्तिमा । ३७

अस्थिर चित्त, सत्धर्महीन श्रद्धाको खडेरी
के काम प्रज्ञा ? पूर्णताहीन गौहीन कटेरी । ३८

बेरागी चित्त, विद्वेषी चित्त, पापले रहित
त्यही हो जन सतर्क सँधै, भयले विहीन । ३९

क्षणिक देह रक्षित चित्त, प्रज्ञाको घेरामा
दुःख र सुख लडाइँ गर्छ यै देह डेरामा । ४०

यो तुच्छ देह शीघ्राति शीघ्र चेतन सडेर
बेकामी काठ लडेको सरी मिल्किन्छ. लडेर । ४१

कुसङ्गी चित्त गर्दछ हानि बेसरी आफैँमा
वैरीले भन्दा बेसरी हानि गर्दछ आफैँमा । ४२

बाबु र आमा, दाजु र भाइ ती इष्टमित्रले
भलाइ गर्छन्, त्योभन्दा बढी सत्मार्गी चित्तले । ४३
(चित्त वग्गो निट्ठितो )

**भावानुवादः शब्दसेना**




# आह्वान

टीकाराम खनाल

भावनाका सिँढीले
गरिबीको पर्खाल निर्माण गर्ने ऊ
'रोग' र 'भोक' मेटाइदिने बहानामा
'शोक' मा डुबाइरहन चाहन्छ
अनि,
पर्खालको टुप्पामा बसेर
फेरि
आकाशवाणी गर्ने प्रयास गर्छ ।
'श्मशान' मा राज गर्न
धेरै सजिलो छ
किनकि,
त्यहाँ गुन्जिदैनन् विरोधका आवाजहरू
त्यसैले,
पूरै राजनीतिक सीमाभित्र
'श्मशान' बनाउन खोज्दैछ ऊ ॥
हे धर्ती-पुत्रहरू हो !
पुर्खाको कामलाई निरन्तरता दिँदै
फेरि सिँढीमा इँटा बन्न खोज्यौ भने
तिमी पनि बन्नेछौ श्मशानको पात्र
आऊ, अब हातेमालो गरौँ
नेपाली ग्रेटवाल बनाउन !

# 'देश रोएको बेला' भित्र पसेपछि



अरूणबहादुर खत्री 'नदी'

'देश रोएको बेला' नामक कवितासङ्ग्रह साहित्यकार एवं कवयित्री भवानी मैया पन्तको २०७७ सालमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र नयाँ वर्ष २०७७, दुवै बराबरी, स्मृति, नरोओस् अब देश, हामी आफैँ जुटौँलगायत विभिन्न शीर्षकका ६० वटा कविताहरू रहेका छन् । यस सङ्ग्रहभित्रको नयाँ वर्ष २०७७ शीर्षकको पहिलो कवितामा नयाँ वर्ष नयाँ किरणहरू लिई आउनू, विश्वबाटै कोरोनाको त्रास हटाउनू भनिएको छ । स्मृति शीर्षकको कविताभित्र म स्मरण गर्छु असारे भाकासँगै हिलो छ्यापी खेलेको साउनको मुसलधारे पानी झेलेको कवयित्री पन्तले भनेकी छन् । भवानी मैया पन्तका कविताहरूले प्रकृतिलाई माया गरेका छन् । मान्छेलाई माया गरेका छन्, मान्छेका सुन्दर आनीबानीलाई सम्मान गरेका छन् ।

कति राम्रो हाम्रो देश मेची, काली मेरो
प्रकृतिको फूलबारी हिमाल वरिपरि
सगरमाथा हाम्रै देशमा जनकपुर पनि
गौतमबुद्ध जन्मभूमि लुम्बिनी नै पनि ।

कवयित्री पन्तले आफूले भोगेका विविध विषयवस्तुलाई अनुभूतिपरक ढङ्गले आफ्ना भावना कविता मार्फत पोखेकी छिन् । मानिसको जीवनमा अनेकौं उतारचढावहरू आउने गर्दछन् । कहिले सुखका दिन कहिले दुःखका दिन आउने गर्दछन् । जीवनमा हाँसोको मात्रै कल्पना गर्नु कल्पनामै सीमित रहनु हुन्छ । हामी डमी शीर्षकको कवितामा हामी पपेट, हामी डमी ? किन कि हामीसँग दुर्लभ शक्ति छ सत्ता नामको कृत्रिम चुम्बक छ तर शासक अर्कै ताल्चा हामीसँग छ भनेर लेखिएको छ ।

संसार अचम्म छ, अज्ञेय छ
जे बुझ्यो बुझ्न अझ बाँकी छ ।

उनले लेखेका कविताहरूमा जागरणको सन्देश छ । उनका कतिपय कवितामा स्वाभिमान बोलेको छ । कविता सिर्जना होइन, भावना र संवेदनाको उपज हो अर्थात् कविता लेख्छु भनेर लेखिँदैन । कवयित्री पन्तले समाजमा घटेका यथार्थ घटना, विषयवस्तु अवस्था र परिवेशहरूलाई समेटेर कविता लेखेकी छिन् । कविताको सिर्जना, परिस्थिति, संस्कृति, परिवेश, क्रियाकलापप्रति आवेगहरूको प्रतिक्रियाबाट भएको हुन्छ । पन्तका कविताको केन्द्रमा मान्छेको पीडा छ । त्यो पीडा कतै विस्तार भएको हुन्छ भने कतै खुम्चिएर समाजमा भोगिरहेको वियोग, आशङ्का, त्याग र कुरूपताका कारण डल्लो परेको हुन्छ ।

अन्धकारको छायामा
उज्यालोको भ्रममा
बन्दी कोठाको झ्यालबाट
चियाइरहेको छ
सहर आज ।

विगत लामो समयदेखि शिक्षण, समाजसेवा र साहित्य सिर्जनामा लागी परेकी पन्त कविता, गीत, मुक्तकलगायतका विधागत रचना र प्रकाशनमा सक्रिय छिन् । आफ्ना रचनामा मानवीय पीडा-व्यथा, नारी मनोविज्ञान र समाजसुधारको चाहना अभिव्यक्त गर्न रूचाउने कवयित्री पन्तका रचनाहरू सरल र सरस भाषाशैलीका छोटा, मीठा र हृदयस्पर्शी हुने गर्दछन् । भूकम्प अब नआऊ शीर्षकको कवितामा भो भूकम्प अब तिमी नआऊ सारा नेपालीलाई डर नदेखाऊ भनेर कवयित्री पन्तले लेखेकी छिन् ।

आफ्नोभन्दा बढी लाग्ने सन्तानको माया
जतातत‌ै देख्छु उनकै वरिपरि छाया
मिठो चोखो खाँदा याद उनको घरीघरी
छाती पोल्दा मनमा कुरा खेल्छन् नानाथरी ।

कवयित्री पन्तको यस कृतिभित्र विविध, भाव, भूमि र विषयमा लेखिएका कविताहरू समावेश गरिएका छन् । केही कविता लामा छन् भने केही कविता छोटा छन् । उनका कृतिभित्र समावेश गरिएका सबै कविताहरू कुनै न कुनै उद्देश्य, सन्देश र चिन्तनमा केन्द्रित रहेका छन् । धेरै कविताहरू मानवीय जीवन र जीवनका विविध पक्षहरू व्यक्त गरेर लेखिएका छन् । केही कविताहरू माया, प्रेम र आत्मीयतामा




केन्द्रित देखिन्छन् । केही कविताहरूमा राष्ट्रियता र देशप्रेमको भावना उजागर भएको छ । उनका केही कविताहरू प्रकृतिसँग सम्बन्धित छन् । केही कविताहरूमा प्रेमसँगै वियोग पनि मिसिएर आएको छ । नेपाली साहित्यको कविता विधामा विगत लामो समयदेखि फुटकर रचनाहरू लेख्दै आएकी पन्तको यो कविता कृति सबैले पढ्नैपर्छ । उनका कवितामा प्रयोगमा आएका प्रकृतिका सुन्दर विम्बहरू सराहनीय छन् । भावनामा प्रगाढता छ, अनुभूतिमा गहिराइ छ, कविता लेख्ने शैली आकर्षक छ र प्रस्तुतिमा निख्खरता छ । जागरण, आध्यात्मिक चेतना र दार्शनिकताले परिपूर्ण उनका यी कविताहरू प्रेरणादायी र सन्देशमूलक छन् । उनका कविताहरू साह्रै नै स्तरीय र मिठासले भरिएका छन् । उनका कवितामा सरलता, भावप्रवणता र प्रेमको स्पष्टता झल्किएका छन् ।

स्वर्ग जस्तो हाम्रो नेपाललाई
नजर लगाउनेहरूको भीड छ
पुर्खाको रगत र पसिनालाई बचाउन
मर्नै परे पनि मर्नुपर्छ ।

कान्तिपुरी नगरी शीर्षकको कवितामा यही ठाउँ हो धेरै खाएर मर्नेहरू कति छन् फेरि यही नै हो खानै नपाई मर्नेहरू पनि छन् भनेर कवयित्रीले लेखेकी छिन् । उनले लेखेका कवितामा स्वतन्त्रता, समानता, सामाजिक न्याय एवम् मानवीय गरिमाप्रति गम्भीर सरोकार व्यक्त भएको छ । यस सङ्ग्रहभित्रका कविताले हामीलाई उज्यालोका निम्ति सङ्घर्ष गर्न प्रेरित गर्छन् । कवयित्री पन्तको हृदय भावुक छ । कवयित्री पन्त काव्यिक जगत्मा उदीयमान सर्जक हुन् । उनका समकालीन केही कविताहरू समय सान्दर्भिक र बलवान् देखिन्छन् । साँच्चै भन्ने हो भने उनीद्वारा लेखिएका कविताहरूको भाषा सरल छ । सरल शब्दमा उनिएका कविताहरू पढ्नमा जति सजिलो हुन्छ । त्यसै गरी बुझ्न समेत कठिनाइ पर्दैन भन्ने भनाइ पाठक वर्गको देखिन आउँछ । अन्त्यमा उनका अन्य राम्रा राम्रा कविता सङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।

| | | |
|---|---|---|
| पुस्तक | : | **देश रोएको बेला** |
| विधा | : | **कविता** |
| लेखक | : | **भवानी मैया पन्त** |
| प्रकाशन | : | **प्रथम २०७७** |
| प्रकाशक | : | **संसाक मासिक** |
| पृष्ठ | : | **९४** |
| मूल्य | : | **ने.रू .१५५।–** |

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरू:**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षकः**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गः सी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरूः**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय–
२. रमा पोखरेल–
३. रम्भा शर्मा अधिकारी – ९८४१६८१४७५
४. शान्ता सुवेदी – ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा – ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला– ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा – ९८५१०१८८४४
८. देवराज प्रसाईं – ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती – ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे – ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी – ९८०१००२००२
१२. रामप्रसाद अधिकारी–
१३. अच्युत नेपाल – ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान – ९८५११०६१०७
१५. कौशल भट्टराई – ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल – ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल– ९८४१३४९८५४
१८. गौरीमान कडरिया–
१९. बद्रीनाथ रोक्का–
२०. बेलप्रसाद शर्मा – ९८४१४११६४४
२१. मातृका बजिमय – ९८४३६६९०५१
२२. सरिता शर्मा–
२३. काशिराम शर्मा – ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल–
२५. विष्णुप्रसाद आचार्य – ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली –
२७. केशवराज पन्त –
२८. चिरञ्जीवी शर्मा–
२९. टङ्क श्रेष्ठ– ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली – ९८४२०२७७५६
३२. विन्दु शर्मा – ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य – ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान – ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल – ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक – ९८४१२७८६५८
४०. सरोज अर्याल – ९८४६०८८२३१
४१. यादवराज घले – ९८४१३६१६९६
४२. उषा सिंह – ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल – ९८४१८३५६८५

४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६

१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२
१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३

२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी....
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४

२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजबाबु पाण्डे, ९८०८९४५६५७

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्भनाका भिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |

---

## 'अमरज्योति सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जित | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. | कमला श्रेष्ठ | २०७७ |
| १६. | आर.आर. चौलागाईं | २०७८ |
| १७. | मातृका पोखरेल | २०७९ |
| १८. | रमेशप्रसाद न्यौपाने | २०७९ |

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेख रचना उपलब्ध गराउने बारेको सूचनाः

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको "अमरज्योति" साहित्यिक त्रैमासिकको आगामी अङ्कका लागि निम्नानुसार का लेख रचनाहरू उपलब्ध गराइ दिनुहुन समस्त सर्जक महानुभावहरूमा विनम्र अनुरोध गरिन्छः

१. साहित्यका विविध विधा (कविता, आख्यान, नाटक निबन्ध लगायत) सँग सम्बन्धित सिर्जनात्मक लेखहरू
२. समीक्षात्मक, समालोचनात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक- साहित्यिक लेख रचनाहरू
३. साहित्यका विभिन्न सिद्धान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोण सम्बन्धी आलेखहरू ।
४. नेपाली र विश्व साहित्यमा देखापरेका नयाँ मान्यताहरूमा आधारित आलेख/ साहित्यिक रचना
५. अनुवाद साहित्य
६. भाषाविज्ञान, व्याकरण, कला र संस्कृतिमा आधारित लेख रचनाहरू

उपरोक्त अनुसारको लेख रचना प्रीति फन्ट (१४) मा तयार गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटो र मोबाइल नम्बर सहित पठाइ दिनुहुन समस्त सर्जक- समीक्षक महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ ।

## लेख रचना पठाउने विद्युतीय ठेगानाहरूः

amarjyoti@nea.org.np

अथवा

jyotinea@gmail.com

प्रार्थीः

विद्युतकर्मी साहित्यिक समाज परिवार

नेपाल विद्युत प्राधिकरण

सस्तोमा विजुली दिँदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।



नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985

# नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'


'समृद्ध नेपालका लागि हरित ऊर्जाको उच्च खपत'
स्थापित-२०४२
ESTD. 1985
GO GREEN SAVE EARTH
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'